सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ साउन २०८२, सोमबार (21 July 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

‘राजनीति’ गर्दै निर्वाचन आयोग

आयोगको भूमिकाप्रति रास्वपाको गम्भीर चासो

वर्षमा तीनपटक विवरण बुझाउँदा पनि किन अद्यावधिक भएन ?





कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको दाबी

आयोगको कारणले भएको होइन, रास्वपाबाट जवाफ नै ढिला आएकाले यस्तो भएको हो । विवरण अद्यावधिक अहिले प्रक्रियामा छ, अब भइहाल्छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो दलको विवरण अद्यावधिकका लागि पटक-पटक दिएको निवेदनमा निर्णय गर्न निर्वाचन आयोगले अनावश्यक विलम्ब गरिरहेको छ । रास्वपाले २५ असार ०८१ मा तत्कालीन महामन्त्री मुकुल ढकाललाई अनुशासनको कारबाही गरेपछि केन्द्रीय समितिमा गरेको हेरफेरको विवरण तीनपटक बुझाइसकेको छ । तर, अहिलेसम्म पनि विवरण अद्यावधिक नगरेकोमा रास्वपाले गम्भीर चसो राखेको छ ।

०८१ मा १७ साउन र १२ भदौ तथा १२ असार ०८२ मा विवरण बुझाए पनि अद्यावधिक नगरेपछि आइतबार महामन्त्री कवीन्द्र बुर्लाकोटी नेतृत्वको टोली कानुन व्यवसायीलाई समेत लिएर आयोगको कार्यालय पुग्यो । टोलीले कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयोगका सचिव महादेव पन्थ र राजनीतिक दल व्यवस्थापन शाखा प्रमुख विष्णुप्रसाद पौडेललगायतसँग छलफल गरेको थियो । पटक-पटक विवरण बुझाउँदा पनि अद्यावधिक नहुनुको कारण माग्दा ‘छिट्टै हुने’ आश्वासन दोहोऱ्याएको महामन्त्री बुर्लाकोटीले बताए ।

‘उहाँहरूले विवरण अध्ययन गरेर अद्यावधिक गर्छौं भनेर पहिलेजस्तै जवाफ दिनुभयो, अहिलेसम्म अद्यावधिक नहुनुको कारणचाहिँ प्रस्ट पार्नुभएन,’ उनले भने । आयोगले ‘विवरण हेरफेरको निवेदन ३० दिनभित्र दिनुपर्ने भए पनि आयोगले निर्णय गर्ने समयसीमा कानुनले नतोकेकाले बाध्य नभएको’ भनेर गैरजिम्मेवार जवाफ दिने गरेको रास्वपाले गुनासो गर्दै आएको छ ।

» पृष्ठ २ मा क्रमशः

■ रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटी भन्छन्-

आयोग पदाधिकारीले ‘हामी गर्छौं, गर्दै छौं’ भन्नुभएको छ



अद्यावधिकका लागि हामीले सुरुमा १७ साउन ०८१ मै निवेदन दिएका हौं । त्यसपछि पार्टीको डकुमेन्ट के हो भनेर २९ जेठ ०८२ मा पत्र आयो । माग भएअनुसार हामीले डकुमेन्ट बुझायौं । दर्ता पनि भएको छ । सबै दस्ताबेज त्यहीं छन् । तर, अभिलेख अद्यावधिक भएन । सबै विवरण बुझाउँदा पनि निर्णय भएको छैन । लामो समयसम्म संवैधानिक निकाय अनिर्णीत हुनुको कारण के हो ? प्रस्ट जानकारी पनि पाएका छैनौं । अद्यावधिक किन भएन भनेर हामीले आज पनि कुरा राख्यौं । ‘यो विषय अदालत पनि पुगेको छ, अदालतबाट अन्तरिम आदेश आएको छैन । आदेश नआएसम्म त आयोगले आफ्नो काम नियमित गर्नुपर्छ’ भन्यौं । उहाँहरूले हेर्छौं-गर्छौं भन्नुभएको छ । हामीले ‘कागजपत्र पुगेको छैन भने नदिनुस्’ पनि भन्यौं । उहाँहरूले नपुगेको भन्नुभएन । आज छलफलमा कागजात अपुग भन्ने देखिएन । कानुनले ३० दिनभित्र दलले विवरण बुझाउनु भन्छ । त्यसपछाडि बाँकी सबै काम आयोगको हो । आयोगले समयमा काम नगर्दिएपछि हामी पटक-पटक जानुपरेको छ । आयोग पदाधिकारीको आजको कुरा ‘हुन्छ, हामी गर्छौं, गर्दै छौं’ भन्ने छ । कार्यवाहक प्रमुख आयुक्तले ‘हामीलाई अलिकति कामको चाप भयो । अब गर्दै छौं, नआत्तिनुहोला, थोरै समय पाऊँ’ भन्नुभएको छ ।

■ कहिले के भयो ?

- २५ असार ०८१ मा तत्कालीन महामन्त्री मुकुल ढकाल अनुशासनात्मक कारबाहीमा परेपछि रास्वपाले १७ साउन ०८१ मा केन्द्रीय समितिमा हेरफेर भएको विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा बुझाएको ।
- १ र २ असोज ०८१ मा राष्ट्रिय भेलाबाट संशोधन गरिएको विधान रास्वपाले निर्वाचन आयोगमा २८ पुस ०८१ मा अद्यावधिक गराएको ।
- पदमुक्त महामन्त्री मुकुल ढकालले ४ असार ०८२ मा निर्वाचन आयोगमा दिएको निवेदनका आधारमा निर्वाचन आयोगले ६ असारमा रास्वपाको केन्द्रीय समिति विवरण हेरफेर अद्यावधिकबारे भ्रम सिर्जना हुने गरी ढकाललाई पत्र दिएको । रास्वपाले विवरण अद्यावधिकका लागि १७ साउन ०८१ मा निवेदन दिएको विषय भने लुकाएको ।
- विवरण अद्यावधिक गर्न रास्वपाले निवेदन दिएको करिब ११ महिनापछि २९ जेठ ०८२ मा निर्वाचन आयोगले केन्द्रीय समितिमा भएको हेरफेरका सम्बन्धमा थप कागजपत्र पठाइदिन रास्वपालाई पत्राचार गरेको र रास्वपाले समयमै कागजात उपलब्ध गराएको ।
- रास्वपाले ७ असारमा स्थापना दिवसको अवसर पारेर महामन्त्रीमा कवीन्द्र बुर्लाकोटी र प्रवक्तामा मनीष झालाई नियुक्त गरेको र सोको विवरण अद्यावधिक गर्न १० असारमा आयोगमा निवेदन दिएको ।

आन्तरिक कलहमा कांग्रेस-एमाले

■ ओली-विद्या टकरावले एमालेमा हलचल

च्यासलमै आएर सक्रिय बन्ने ओलीलाई विद्याको सन्देश



एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीसँग छलफल गर्न आइतबार च्यासलस्थित एमाले पार्टी कार्यालयमा पूर्वराष्ट्रपति विद्या भण्डारी । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

शुरोजंग पाण्डे/नयाँ पत्रिका

संस्थापन पक्षको विरोधबिच पूर्वराष्ट्रपति विद्या भण्डारीले सक्रिय राजनीति गर्ने आफ्नो योजना पार्टी कार्यालयबाटै कार्यान्वयनमा लैजाने भएकी छिन् । केन्द्रीय कमिटी बैठकको अघिल्लो दिन आइतबार एमाले अध्यक्ष केपी ओलीसँगको भेटमा भण्डारीले प्रस्ट सन्देश दिएकी छिन्- पार्टी कार्यालय च्यासलमा नियमित उपस्थित भएर पार्टी काममा सक्रिय हुन्छु ।

प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा भेट्ने ओलीको योजना अस्वीकार गर्दै उनीसँग पार्टी कार्यालयमै करिब दुई घण्टा छलफल गरेकी पूर्वराष्ट्रपति भण्डारीले ‘आगामी महाधिवेशनमा अध्यक्षको दाबी नछोड्ने’ संकेत गरिन् । ओलीले प्रतिस्पर्धीका रूपमा छेकबार लगाउन खोजेपछि

» पृष्ठ २ मा क्रमशः

एमाले सचिव योगेश भट्टराई भन्छन्-

नवीकरणभन्दा राजनीतिक विषय पहिले टुंगिनुपर्छ



प्राविधिक विषयभन्दा पहिले राजनीतिक विषय टुंगिनुपर्छ । राजनीतिक विषय टुंगियो भने प्राविधिक कुरा त्यसअनुसार हुन्छ । सदस्यता नवीकरण अभिलेखमा छ-छैन विवादको विषय नै होइन । उहाँ (पूर्वराष्ट्रपति)लाई सम्मानजनक भूमिका दिने भनिए भोलि नै टुंगिन्छ । राजनीतिमा फर्किने कुरा ठिक छैन भन्ने समझदारी भए नवीकरण नै भएको छ भने पनि निष्क्रिय हुन्छ । प्राविधिक विषयमा धेरै बहस आवश्यक छैन । कन्टेन्ट टुंगिएपछि, गीत-संगीत भरेपछि नाच्ने त्यसअनुसार हो ।

■ तीव्र राजनीतिक संवादमा शेखर

सरकारको नेतृत्व र संसदीय दलको नेता फेर्नेसम्मको छलफल



पछिल्ला केही दिनयता तीव्र राजनीतिक छलफलमा रहेका कांग्रेस नेता डा. शेखर कोइरालाले आइतबार आफ्नो समूहका सांसदहरूसँग सामूहिक र छुट्टाछुट्टै छलफल गरेका छन् । फाइल तस्बिर

प्रेम गौतम/नयाँ पत्रिका

सरकारको नेतृत्व गरेको दल एमालेमा पूर्वराष्ट्रपतिको सक्रियतालाई लिएर हलचल मच्चिरहेकै वेला प्रमुख सत्तारूढ दल कांग्रेसभित्र पनि संस्थापन इतर समूह सम्भावित राजनीतिक कदमको नापतौलमा जुटेको छ । सुशासन, सेवाप्रवाह र संविधान संशोधनमा सरकारले प्रभावकारी काम गर्न नसकेको निष्कर्षसहित इतर समूहका कांग्रेस नेता डा. शेखर कोइरालाले अन्तरपार्टी र आन्तरिक छलफल तीव्र बनाएका छन् ।

गत बिहीबार प्रमुख प्रतिपक्ष दल माओवादी अध्यक्ष पुष्पकमल

» पृष्ठ २ मा क्रमशः

राजनीतिक विश्लेषक पुरञ्जन आचार्य भन्छन्-

कोइरालाको सक्रियता अर्थपूर्ण छ



पहिलो, कांग्रेस-एमालेबिच दूरी बढ्दै छ । त्यो दूरीको अवस्था के छ भनेर बुझ्न कोइरालाले अग्रसरता लिएको हुन सक्छ । यस्तै, पार्टीमा चलेको अनुशासनको डन्डा, आन्तरिक शक्ति संघर्ष, सरकारमाथि दबाब, अन्तर्राष्ट्रिय रूपमा सरकारले समर्थन नपाएको परिस्थितिमा भूराजनीतिक कारण पनि हुन सक्छ । यही सरकारलाई टिकाइराख्दा कांग्रेसलाई धेरै घाटा हुने बुझाइ धेरै कांग्रेसको छ । अब देउवा फ्याक्टरले मात्रै चल्ने अवस्था पनि बिस्तारै कमजोर हुँदै गएको छ । अर्कोतर्फ, के छ अवस्था बुझौं न त भनेर देउवासँगकै सहमतिमा पनि कोइरालाको सक्रियता बढेको हुन सक्छ । सत्तापरिवर्तनको अभ्यास भनेर अहिले नै भनिहाल्न हतार हुन सक्छ, तर त्यो अभ्यास होइन भनेर भन्न सकिने अवस्था पनि छैन । कोइरालाको सक्रियता अर्थपूर्ण छ ।

कुलिङ पिरियड हटाउन एमालेले राष्ट्रिय सभामा राख्यो संशोधन

कुलिङ पिरियड निष्प्रभावी हुने गरी गडबडी गरिएको भन्दै संसदीय समितिले छानबिन गरिरहेका वेला व्यवस्था नै हटाउने पक्षमा उभियो एमाले

■ कांग्रेस नेता शेखर कोइरालाको टिप्पणी-

निजामती विधेयकमा एमालेको संशोधन देश र जनतालाई धोका

(विस्तृत पृष्ठ २)

सेयर कारोबार ११ महिनायताकै उच्च



२० अर्ब ९६ करोडको कारोबार, बैंक र बलियो कम्पनीको सेयरमा आकर्षण बढेकाले बजार स्थायित्वतर्फ उन्मुख रहेको विश्लेषण

(विस्तृत पृष्ठ ६)



सिराहामा कैदीबन्दीबिच फेरि झडप

नाइके छनोटको विवादमा भएको झडपमा घाइते १३ जना काठमाडौं रेफर



● **चेतराज बराल**
सहायक प्रजिअ, सिराहा

कारागारको आन्तरिक प्रशासन चलाउन नाइके छनोटको विषयमा केही विवाद रहेको भन्ने थाहा पाएको छु । तर, झडपको ठोस कारण खुल्न सकेको छैन ।

शनिबार कारागारमा सुरक्षा निकायको सर्च अपरेसन, आइतबार भयो झडप

१५ महिला र १३५ पुरुष गरी १५० क्षमताको कारागारमा ४५८ कैदीबन्दी राखिएका छन्

सिराहामा **मणिलाल विश्वकर्मा**

सिराहा कारागारमा आइतबार फेरि कैदीबन्दीबिच दोहोरो झडप हुँदा १३ जना घाइते भएका छन् । घाइतेलाई प्रादेशिक अस्पताल सिराहाबाट थप उपचारका लागि एम्बुलेन्समा काठमाडौं पठाइएको छ ।

कर्तव्य ज्यान मुद्दामा जेल सजाय भुक्तान गरिरहेका निमित्त चौकीदार विजय महतोको समूहसँग अन्य कैदीबन्दीको समूहको झडप भएको हो । ‘कारागारको आन्तरिक प्रशासन

» पृष्ठ २ मा क्रमशः

■ कारागारमा पटकपटक झडप





आइतबार भएको झडपमा घाइते भएका कैदी

सिराहा कारागारमा पटकपटक झडप हुने गरेको छ । यसअघि चौकीदारले सुविधाको दुरुपयोग गर्दै कैदीबन्दीसँग रकम उठाउने, महिला कैदीबन्दीलाई गलत नजरले हेर्ने गरेको आरोप लागेपछि १२ चैत ०७९ मा नाराबाजी भएको थियो । कारागारका तत्कालीन चौकीदार यादव गिरीमाथि कैदीबन्दीले सांघातिक हमलाको प्रयास गरेपछि कारागार प्रशासनले उनलाई कारागार व्यवस्थापन विभागसँग समन्वय गरी सिन्धुली कारागार पठाएको थियो । त्यसअघि, ०७८ माघमा तीन कैदीलाई सरुवाका लागि रमानासहित निकाल्न खोज्दा कैदीबन्दीहरूबिच झडप भएको थियो । चारजना घाइते भएका थिए । विभागको पत्रअनुसार दुईजना कर्तव्य ज्यान र एकजना लागुऔषध मुद्दाका कैदीलाई सरुवा गराउन रमानापत्र बनाएर कारागारबाट निकाल्ने वेलामा झडप भएको थियो । झडपमा अन्य चार कैदीबन्दी घाइते भएसँगै भोलिपल्ट मध्याह्नससम्म कारागारमा नाराबाजी चलेको थियो ।

प्रधानमन्त्री ओली भदौ अन्तिम साता भारत जाने तय

पर्शुराम काफ्ले / नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण तय भएको छ । उनी आगामी ३१ भदौमा नयाँ दिल्ली जाने गरी औपचारिक कार्यतालिका तय भएको उच्च कूटनीतिक स्रोतले जनाएको छ । यद्यपि भ्रमण मितिबारे नेपाल र भारतले सार्वजनिक गर्न बाँकी छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट भारतीय विदेश मन्त्रालयले ओलीलाई पठाएको निमन्त्रणामा ३१ भदौदेखि १ असोजसम्म (दुई दिन) भ्रमण मिति प्रस्ताव गरिएको छ । स्रोतका अनुसार प्रधानमन्त्री ओलीका तर्फबाट सो मितिमा भारत जान अनुकूल भएको जवाफ भारतलाई पठाइएको छ । 'कुनै आकस्मिक परिघटना भएन भने प्रधानमन्त्री ओलीको भारत भ्रमण ३१ भदौमा हुने तय भएको छ,' स्रोतले भन्यो । प्रधानमन्त्रीका रुपमा ओलीको यो तेस्रो भारत भ्रमण हुनेछ । यसअघि उनी ०७२ र ०७५ मा प्रधानमन्त्रीका रुपमा भारत भ्रमणमा गइसकेका छन् ।



■ भ्रमण छोटो र सद्भावनामा सीमित हुने

प्रधानमन्त्रीको भारत भ्रमणपूर्व परराष्ट्र मन्त्रालयको भारत हेर्ने दक्षिण एसिया महाशाखा प्रमुख गेहेन्द्र राजभण्डारी केही समयअघि दिल्ली पुगेर फर्केको जानकार अधिकारीले बताए । यसपटकको भ्रमण छोटो र सद्भावनामा सीमित हुनसक्ने देखिएको छ । एक कूटनीतिक अधिकारीका अनुसार दुई पक्षबीच गृहकार्य अघि बढाउने हो भने पञ्चेश्वर बहुउद्देश्यीय योजनाको डिपिआरमा सहमति हुन सक्छ । 'पञ्चेश्वरको डिपिआरमा अब मिल्न नपर्ने कुरा केही पनि छैन । दुई पक्षबीच अलिकति गृहकार्य गर्ने हो भने प्रधानमन्त्रीको भ्रमणका बेला त्यसमा हस्ताक्षर गर्ने अवस्था बन्न सक्छ । पञ्चेश्वर टुंगियो भने प्रधानमन्त्री भ्रमणको सार्थकता पनि देखिन्छ,' ती अधिकारीले भने ।

१७-२० मंसिरमा उत्तरी छिमेकी चीनको औपचारिक भ्रमण गरे पनि प्रधानमन्त्री ओलीको भारत भ्रमण हुन सकेको थिएन । ओलीले प्रधानमन्त्री भएलगत्तै भारत भ्रमणका लागि निमन्त्रणाको प्रतिक्षा गरेका थिए, तर दिल्लीले भ्रमणलाई प्राथमिकतामा राखेको थिएन । परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले प्रधानमन्त्री ओलीको भारत भ्रमण उपयुक्त समयमा सार्वजनिक हुने बताए ।

गत ३१ असारमा प्रधानमन्त्री भएयता ओलीले भारत भ्रमणमा जान निरन्तर प्रयास गर्दै आएका थिए । प्रधानमन्त्री ओली र मोदीबीच एक वर्षमा दुईपटक भेट भएको छ । एकपटक न्युयोर्क र एकपटक बैंककमा भेट भए पनि दुई देशका विषयबारे विस्तृतमा छलफलका लागि अनुकूल भएन । प्रधानमन्त्री ओलीले गत १७-२९ मंसिरमा छिमेकी चीनको औपचारिक भ्रमण गरेर फर्केलगत्तै र पटकपटक भारत भ्रमण गर्ने उद्घोष गर्दै आएका थिए ।

प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदीबिच थाइल्यान्डको बैंककमा २२ चैतमा पछिल्लो भेटवार्ता भएको थियो । दुवै प्रधानमन्त्रीबिच एक्लाएक्लै भेट भएको थियो, जहाँ मोदीले ओलीलाई भारत भ्रमणमा आउन भनेको दाबी गरिएको थियो । स्वदेश फर्केलगत्तै ओलीले आफू भारत भ्रमणमा जाने बताएका थिए ।

भारतीय विदेशसचिव विक्रम मिश्री गत वर्ष २७ साउनमा नेपाल आएका बेला प्रधानमन्त्री ओलीले भारत भ्रमणको निमन्त्रणा अपेक्षा गरेका थिए । मोदीको निमन्त्रणा प्राप्त नभएपछि ओलीले मोदीलाई ने नेपाल भ्रमणका लागि मिश्रीमार्फत् अनुरोध गरेका थिए । प्रधानमन्त्री ओलीको भ्रमण नभए पनि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको औपचारिक भारत भ्रमण भदौमा भएको थियो । परराष्ट्रमन्त्री राणाले भारतीय प्रधानमन्त्री मोदीलाई ३ भदौमा दिल्लीको ७ लोककल्याणमार्गस्थित उनको निवासमा भेटेर मोदीलाई नेपाल भ्रमणका लागि ओलीले पठाएको निमन्त्रणापत्र हस्तान्तण गरेकी थिइन् । मोदीले उपयुक्त समयमा नेपाल आउने जवाफ दिएका थिए ।

प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसंघ महासभा न्युयोर्कमा जाने क्रममा ७ असोजमा मोदीसँग भेटवार्ता गरेका थिए । भेटवार्तामा ओलीले मोदीलाई नेपाल भ्रमणको निम्ता स्मरण गराएका थिए भने मोदीले यसबारेमा नेपालस्थित भारतीय दूतावासले समन्वय गर्ने जवाफ दिएको जानकार अधिकारीहरू बताउँछन् । भारत भ्रमण तय नभएपछि प्रधानमन्त्री ओलीले चीनको भ्रमण तयारी थालेका थिए । एक जानकार अधिकारीका अनुसार सुरुमा भारत भ्रमण गर्ने ओलीको चाहना थियो, तर भारतबाट निमन्त्रणाको संकेतसमेत नआएपछि ओलीले चीन भ्रमण तय गरे ।

पछिल्लोपटक ९ वैशाखमा भारतको जम्मु कश्मिरमा भएको आतंककारी हमलाको नेपालले कडा विरोध जनाएको थियो भने भोलिपल्ट प्रधानमन्त्री ओलीले भारतीय समकक्षी मोदीलाई फोन गरेर आतंकवादविरुद्धको कदममा ऐक्यबद्धता जनाएका थिए । प्रधानमन्त्री ओलीको उक्त कदमप्रति भारत खुसी भएको थियो ।

कुलिङ पिरियड हटाउन एमालेले राष्ट्रिय सभामा राख्यो संशोधन

कुलिङ पिरियड निष्प्रभावी हुने गरी गडबडी गरिएको भन्दै संसदीय समितिले छानबिन गरिरहेका वेला व्यवस्था नै हटाउने पक्षमा उभियो एमाले

कमलराज भट्ट / नयाँ पत्रिका

संघीय निजामती विधेयकबाट बहुचर्चित 'कुलिङ अफ पिरियड'को प्रावधान हटाउन प्रमुख सत्तारूढ एमालेले संशोधन प्रस्ताव दर्ता गरेको छ । राज्य व्यवस्था समितिले तयार पारेर प्रतिनिधिसभाबाट पारित विधेयकमा कुलिङ पिरियड निष्प्रभावी हुने गरी गडबडी गरिएको भन्दै संसदीय समिति बनाएर छानबिन भइरहेका वेला एमालेले यो व्यवस्था नै हटाउने गरी विधेयक संशोधन गर्नुपर्ने प्रस्ताव अघि सारेको हो ।


प्रधानमन्त्री केपी ओली र उनको पार्टी एमाले सुरुदेखि नै कुलिङ पिरियडप्रति सकारात्मक थिएनन् । राज्य व्यवस्था समितिको दफावार छलफलमा पनि एमाले कुलिङ पिरियडको विपक्षमा थियो । चौतर्फी दबाबपछि अन्तिममा समितिले सर्वसम्मत निर्णय गरेको थियो । तर, अन्तिम समयमा प्रतिवेदनमै चलखेल गरिएको थियो । समितिले पारित गरेको प्रतिवेदन प्रतिनिधिसभामा पुग्दा उल्टिएको भेटिएपछि अहिले प्रतिनिधिसभाले विशेष समिति बनाएर छानबिन गरिरहेको छ । सभामुख देवराज घिमिरेले विवादित विधेयक भने तत्कालै राष्ट्रिय सभामा पठाएका थिए । राष्ट्रिय सभामा शनिबार एमाले प्रमुख सचेतक गोपाल भट्टराई, सोनाम गेल्जेन शेर्पा, इन्दिरादेवी गौतम, रुक्मिणी कोइराला र सुमित्रा बिसीले पार्टीका तर्फबाट संस्थागत रूपमा कुलिङ पिरियड हटाउने प्रस्ताव राखेका हुन् ।

'कुलिङ पिरियडको सन्दर्भमा प्रतिनिधिसभाबाट आएका दुईवटा कुरा बाझिएका छन् । एउटा बुँदा ८२(४) हटाउनुपर्छ, राख्नुपर्दैन भनेर पाँचजनाले छलफल गरेर संशोधन राखेका छौं,' भट्टराईले भने, 'मूल विधेयकमा राज्य व्यवस्था समितिले उपदफा ४ थपेर जुन संशोधन गऱ्यो, त्यो आवश्यक छैन ।' अरू कानुनमा सरकारी पदमा यति वर्ष काम गरेको भन्ने योग्यता निर्धारण गरिएको र कुलिङ प्रावधान राख्दा भोलि नियुक्तिमा ल्याक्सेस हुने भएकाले संशोधन राखिएको उनको भनाइ छ । अरू कानुनलाई सच्याएर मात्र यो बाटोमा जानुपर्ने आफूहरूको बुझाइ रहेको उनले बताए । समितिमा दफावार छलफल गरेर टुंगोमा पुग्ने भट्टराईले बताए ।


■ एमालेबाट जसले गराए कुलिङ पिरियड हटाउने प्रस्ताव दर्ता



गोपाल भट्टराई (प्रमुख सचेतक)



सोनाम गेल्जेन शेर्पा (सांसद)



इन्दिरादेवी गौतम (सांसद)



रुक्मिणी कोइराला (सांसद)



सुमित्रा विसी (सांसद)

कांग्रेस नेता शेखर कोइरालाको टिप्पणी-

निजामती विधेयकमा एमालेको संशोधन देश र जनतालाई धोका



कांग्रेस नेता डा. शेखर कोइरालाले संघीय निजामती विधेयकमा आफ्ना सांसदलाई संशोधन हाल्न लगाएर एमालेले देश, जनता र गठबन्धनलाई धोका दिएको टिप्पणी गरेका छन् । उनले फेसबुकमा लेखेका छन्, 'एमालेका सांसदहरूले राष्ट्रिय सभामा संघीय निजामती विधेयकमा हालेको संशोधन आपत्तिजनक छ । गठबन्धनका दलबिच भएको सहमति र समितिमा भएको सर्वसम्मतीविपरीत यसरी आफ्ना सांसदहरूलाई संशोधन हाल्न लगाउनु एमालेको दोहोरो चरित्र मात्र नभई उसले देश, जनता, लोकतन्त्र र गठबन्धनलाई दिएको धोका हो ।' यस विषयमा कांग्रेसले एमालेको आधिकारिक धारणा माग्नुपर्ने भन्दै सबै मिलेर उक्त प्रस्ताव रोक्नुपर्ने पनि कोइरालाको धारणा छ । 'कांग्रेसले यस सम्बन्धमा एमालेको आधिकारिक धारणा माग गर्नुपर्छ साथै सबै मिलेर एमालेले हालेको संशोधन पास हुन दिनुहुन्न,' उनले लेखेका छन्, 'कुलिङ पिरियड रहन्छ, रहन्छ र रहन्छ । कोही दुविधामा नपरे हुन्छ ।'

एमालेले हटाउनुपर्ने भनेर संशोधन राखेको ८२(४) मा 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउनेछैन' भनिएको छ । यो राज्य व्यवस्था तथा सुशासन समितिले थपेको व्यवस्था हो ।

सरकारले ल्याएको मूल विधेयकको ८२(४) मा संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक मात्र कुलिङ पिरियड लागू हुने उल्लेख थियो । राज्य व्यवस्था समितिले प्रतिवेदन बनाउँदा उपदफा ४ थपेर दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति नपाउने भन्यो । साथसाथै मूल विधेयकको उपदफा ४ लाई उपदफा क्रम मिलाउँदा ८२(५) हुने भन्यो । ८२(४) मा दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति नपाउने भनियो भने ८२(५)मा संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक मात्र कुलिङ लाग्ने भनियो । प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभा पुगेको राज्य व्यवस्था समितिको प्रतिवेदनको ८२(४) ले ८२(५) निष्प्रभावी बनायो ।

प्रतिनिधिसभामा सन्देशसहित १७ असारमा आएको विधेयकलाई १८ असारमा टेबल गरेको राष्ट्रिय सभाले ३१ असारमा सैद्धान्तिक छलफल गरेर संशोधन खुला गरेको थियो । संसद् सचिवालयका सूचना अधिकारी अनन्त कोइरालाका अनुसार विधेयकमा चार सांसदबाट एकल र समूहकृत गरी १६ संशोधन प्रस्ताव दर्ता भएको छ । विधेयकको १३० ठाउँमा संशोधन परेको छ । संशोधनमा एमालेबाहेक कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपा, लोसपा र जनमोर्चाले कुलिङ पिरियड राख्नुपर्छ भनेर संशोधन राखेका छन् । 'एमालेबाहेक अरू सबैको कुनै न कुनै हिसाबमा कुलिङ राख्नुपर्छ, अझ समय थप्नुपर्छ भन्ने छ,' सूचना अधिकारी कोइरालाले भने, 'एमालेको भने राज्य व्यवस्थाले राखेको प्रावधान हटाउनुपर्छ भन्ने छ ।'

छानबिन समितिमा मुख्यसचिव वैकुण्ठ अर्यालको बयान-

कुलिङ पिरियड हटाउन लागिरहन्छु



संघीय निजामती विधेयकमा कुलिङ पिरियड हटाउन सुरुदेखि नै शक्तिकेन्द्र धाएर चलखेल गरेका मुख्यसचिव वैकुण्ठ अर्यालले अझै पनि उक्त व्यवस्था हटाउन लागिरहने बयान दिएका छन् । उक्त प्रावधान निष्प्रभावी बनाउने गरी भएको जालझेलको छानबिन गर्न गठित विशेष समितिमा आइतबार बयान दिँदै अर्यालले विधेयक पारित नभएसम्म हटाउन लागिरहने बताएका हुन् । राज्य व्यवस्था समितिले दुईवर्षे कुलिङ पिरियड राखेको व्यवस्था नै प्रतिनिधिसभामा पुग्दा चलखेल गरेर फेरिएपछि विशेष समिति बनाएर छानबिन भइरहेको छ ।

'हामी विधेयक पारित नहुँदासम्म कुलिङ पिरियड हटाउन लागिरहन्छौं । यो हाम्रो पेसागत हकहितसित जोडिएको कुरा हो । कर्मचारीलाई रिटायर्डलगत्तै अयोग्य बनाउने कुरा हामीलाई स्वीकार्य हुँदैन,' उनले समितिमा भनेका थिए । विधेयकमा भएको त्रुटिमा राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाकै भूमिका रहेको र कर्मचारीलाई दोष देखाउन नमिल्ने दाबी गरे । 'सभापतिले कर्मचारी साथीहरूसँग सहकार्य नगरी एकलौटी गर्न खोज्दा समस्या भएको हो । कर्मचारीलाई दोष लगाएर उम्किन मिल्दैन,' उनले भने ।

च्यासलमै आएर...

पृष्ठ १ बाट क्रमशः

पूर्वराष्ट्रपति भण्डारीले नेता-कार्यकर्तासँग प्रत्यक्ष सम्पर्कमै रहने र पार्टी काममा सहभागी हुने जानकारी गराएकी हुन् ।

राष्ट्रपतिबाट बिदा भएपछि पहिलोपटक पार्टी कार्यालय च्यासल पुगेर भण्डारीले नियमित पार्टी काममा फर्किएको जनाउ मात्र नदिई, पार्टी कार्यालयबाटै सक्रिय बन्ने औपचारिक जानकारीसमेत गराएको स्रोतले बतायो । 'म अब पार्टी कार्यालयमा उपस्थित भएर सक्रिय रूपमा पार्टी काममा सहभागी हुन्छु । नियमित रूपमा नेता-कार्यकर्तासँग सम्पर्कमा रहने औपचारिक जानकारी गराउँछु,' भण्डारीले ओलीलाई गराएको जानकारी उद्धृत गर्दै उनीनिकट एक नेताले नयाँ पत्रिकासँग भने, 'त्यसबारे तपाईंको धारणा के छ ?'

स्रोतका अनुसार ओलीले सकारात्मक जवाफ फर्काएका थिए । 'त्यसमा मेरो अन्यथा केही छैन । स्वागतै हुन्छ । पार्टी कार्यालयमा आउने कुरा त राम्रो हो ।'

दुई वर्षअघि नवीकरण गरिएको आफ्नो पार्टी सदस्यताबारे उत्पन्न योजनाबद्ध विवादमा पनि भण्डारीले गम्भीर असहमति प्रकट गरेकी छिन् । पार्टी सदस्यताबारे विवाद झिक्नुको कारण प्रस्ट्याउन भण्डारीले ओलीको ध्यानाकर्षण गराएकी थिइन् । जवाफमा ओलीले बाहिर नकारात्मक कोणबाट प्रचार भएको सुनाएका थिए । साथै ओलीले राष्ट्रपतिजस्तो विशिष्ट पदमा पार्टीले निर्णय गरेर पठाएका कारण आफूले पार्टीको फोरममा छलफल र सरोकारको विषयका रूपमा मात्र बैठकमा विषय उठान गरेको भन्दै नकारात्मक कोणबाट नबुझ्न आग्रह गरेका थिए ।

ओलीको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'मैले तपाईंको सदस्यता नवीकरण पेन्डिङमा छ, होल्डमा छ भनेकै छैन । फरक ढंगले बाहिर प्रचार भयो । पार्टीले निर्णय गरेर सर्वोच्च पदमा पठाएका कारण पार्टी काममा फर्किने कि नफर्किने, फर्काउने कि नफर्काउने, फर्काइएको अवस्थामा के जिम्मेवारी दिने, त्यसले के प्रभाव पार्छ जस्ता विषयमा तपाईंसँग छलफल गरेर पार्टीले निर्णय गर्नुपर्ने हुन्छ भनेको हुँ । तर, बाहिर अलिक फरक ढंगले सन्देश प्रवाहित भएछ, त्यस्तो होइन ।'

ओलीले केन्द्रीय कमिटी बैठकपछि पार्टीले सदस्यता नवीकरणसहित पार्टी काममा फर्किन चाहेको विषयमा सचिवालय बैठकबाट उपयुक्त निर्णय गर्नेसमेत भण्डारीलाई जानकारी गराएका छन् ।

केन्द्रीय सचिवालय र पोलिटब्युरो बैठक सकिएपछि सोमबार (आज)बाट सुरु हुने केन्द्रीय कमिटी बैठककै अघिल्लो दिन ओलीसँग पार्टी कार्यालयमै भेटवार्ता गरेर भण्डारीले अबको महाधिवेशनमा अध्यक्ष बन्ने गरी पार्टीमा पुनरागमन गरेको निर्णयबाट पछि नहट्ने सन्देश दिएको उनीनिकट नेताहरूको भनाइ छ । 'अब उहाँ आवश्यकताअनुसार पार्टी कार्यालय जानुहुन्छ । नियमित पार्टी कार्यालय जाने विषयमा सल्लाह गर्नुभएको थियो । आज अध्यक्षलाई पनि जानकारी गराउनुभयो । अब नेता-कार्यकर्ताहरूसँग पनि नियमित नै भेटवार्ता गर्नुहुन्छ । पार्टीलाई बलियो बनाउने गरी पार्टी कार्यालयबाटै काममा सक्रिय हुनुहुनेछ,' स्थायी समिति सदस्य कर्णबहादुर थापाले नयाँ पत्रिकासँग भने ।

थापाले पार्टी कार्यालय नियमित जाने भनेपछि कहाँ बसेर पार्टी काम गर्ने भन्ने प्राविधिक विषय भएको बताए । 'अहिले त अध्यक्षको च्याम्बर मात्र खाली छ । उहाँले पार्टी कार्यालयमा कहाँ बसेर नियमित भेटघाट र काम गर्ने भन्ने प्राविधिक विषय हो,' उनले भने । पार्टी सदस्यता नवीकरण 'पेन्डिङ'मा राख्ने विषय सचिवालय र पोलिटब्युरो बैठकमा निर्णय नभएको, तर प्रचार त्यसैअनुसार भएको सन्दर्भमा दुई नेताबिच भएको संवादले आशंका मेटेको उनको भनाइ छ ।

ओलीसँगको भेटवार्तापछि पूर्वराष्ट्रपति भण्डारीले महासचिव शंकर पोखरेलतिर इसारा गर्दै सञ्चारकर्मीहरूलाई संक्षिप्त प्रतिक्रिया दिएकी थिइन् । 'अध्यक्षसँग समसामयिक राष्ट्रिय राजनीतिक परिस्थितिका विषयमा मात्र कुरा भयो,' उनले भनिन् । पार्टी सदस्यता नवीकरणबारे सञ्चारकर्मीको जिज्ञासामा भण्डारीले थपिन्, 'त्यो त धेरै पुरानो कुरा (नवीकरण भइसकेको) हो । बाँकी तपाईंहरूलाई आधिकारिक च्यानलबाटै थाहा हुन्छ ।'

सचिव योगेश भट्टराईले अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीबिच राजनीतिक विषयमै केन्द्रित छलफल भएको जनाउ दिए । 'प्राविधिक विषयभन्दा पहिले राजनीतिक विषय टुंगिनुपर्छ । राजनीतिक विषय टुंगियो भने प्राविधिक कुरा त्यसअनुसार हुन्छ । सदस्यता नवीकरण अभिलेखमा छ-छैन विवादको विषय नै होइन,' उनले भने, 'उहाँ (पूर्वराष्ट्रपति)लाई सम्मानजनक भूमिका दिने भनिए भोलि नै टुंगिन्छ । राजनीतिमा फर्किने कुरा ठिक छैन भन्ने समझदारी भए नवीकरण नै भएको छ भने पनि निष्क्रिय हुन्छ । प्राविधिक विषयमा धेरै बहस आवश्यक छैन । कन्टेन्ट टुंगिएपछि, गीत-संगीत भरेपछि नाच्ने त्यसअनुसार हो,' भट्टराईले भेटवार्तापछि सञ्चारकर्मीहरूसँग भने ।

संस्थापनका स्थायी समिति सदस्य डा. राजन भट्टराईले सबै विषय दुई नेताकै सहमतिमा टुंगिने दाबी गरेका छन् । 'उहाँहरूबिचको भेटघाटको निष्कर्ष- हाम्रा दुईबिचमा मतभेद हुँदैन र भविष्यमा पनि जे हुन्छ, सहमतिमै हुन्छ । दरार पार्न खोजेर सम्भव हुँदैन,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

पूर्वराष्ट्रपति भण्डारीले अध्यक्ष बन्नकै लागि एमालेको राजनीतिमा फर्किएको बताएपछि उनलाई अप्ठ्यारो पार्ने गरी कदम चाल्दै आएका छन् । केन्द्रीय सचिवालयको बैठकमा ओलीले बहुमतबाट आगामी २०-२२ भदौसम्म हुने विधान महाधिवेशनमा दर्सौं राष्ट्रिय महाधिवेशनमा सहभागी प्रतिनिधिले मात्र भाग लिन पाउने तथा बिचमा मनोनीत भएका केन्द्रीय सदस्य र केन्द्रीय निकायका सदस्यहरू पनि आयोजकको हैसियतमा मात्र सहभागी हुन पाउने निर्णय गराएका थिए । यो निर्णयले आगामी विधान महाधिवेशनमा भण्डारी कुन हैसियतमा सहभागी हुन्छिन् भन्ने प्रश्न खडा गरेको छ ।

त्यस्तै, एघारौं महाधिवेशनबाट आफू अध्यक्ष बन्न सहज हुने गरी ओलीले ७० वर्षे उमेरहद र दुई कार्यकाल मात्र कार्यकारी पदमा उम्मेदवार बन्न पाउने व्यवस्थालाई सचिवालय र पोलिटब्युरो बैठकबाट हटाउने निर्णय गराएका छन् । भण्डारी आगामी महाधिवेशनमा अध्यक्ष बन्ने लक्ष्यसहित पार्टी राजनीतिमा फर्किएकी छिन् । तर, ओलीले उनमा संगठनात्मक नेतृत्वको अभाव रहेको भन्दै नेतृत्व हस्तान्तरण गर्न नसकिने बताउँदै आएका छन् ।

शनिबार पोलिटब्युरो बैठकमा उनले भण्डारीसँग वार्ता गर्ने सुनाएका थिए । केन्द्रीय सचिवालय बैठक र पोलिटब्युरो बैठकले आवश्यक छलफल र परामर्श गरेर छिटो टुंगो लगाउन सुझाव दिएको थियो । त्यसपछि भेटवार्ताका लागि ओलीले भण्डारीलाई सरकारीनिवास बालुवाटार बोलाएका थिए । तर, उनले आफूले पार्टी कार्यालयमै भेटेर छलफल गर्न चाहेको अडान लिइन् । त्यसपछि च्यासलमा भेटवार्ता तय भएको हो ।

भण्डारीसँग पार्टी कार्यालयमा भेट तय भएपछि ओलीले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई सरकारीनिवास बालुवाटारमै बोलाएर अलग्गै छलफल गरेका थिए । तर, ओली-भण्डारी भेटमा भने अरू नेता बसालिएन ।

'राजनीतिमा...

पृष्ठ १ बाट क्रमशः

रास्वपाले पहिलो र दोस्रोपटक सात-सात तथा तेस्रोपटक ६ वटा विवरण आयोगमा बुझाएको थियो । पछिल्लोपटक २९ जेठमा अनुशासन आयोगले रास्वपासँग मुकुललाई कारबाही गर्न केन्द्रीय समितिलाई गरेको सिफारिस, मुकुलको स्पष्टीकरण-पत्र र पुनरावेदनको म्याद बुझेको निस्सा उपलब्ध गराउन भनेको थियो ।

'पटक-पटक गरी आयोगले मागेका सबै विवरण दिएका छौं, तर निर्णय भएको छैन,' महामन्त्री बुर्लाकोटीले भने, 'लामो समयसम्म संवैधानिक निकाय अनिर्णीत हुनुको कारण के हो प्रस्ट जानकारी पनि पाएका छैनौं ।'

विवरण अद्यावधिक गर्न रास्वपाले पहिलोपटक निवेदन दिएको एक वर्ष भइसकेको छ । तर, आयोगले वेलामा अद्यावधिक पनि नगर्दा र कारण पनि नदिँदा यो प्रकरण अहिले अदालतसम्म पुगिसकेको छ । तत्कालीन महामन्त्री मुकुलले आफू नै रास्वपाको महामन्त्री रहेको दाबीसहित ११ असारमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । १२ असारमा न्यायाधीश कुमार रेग्मीको इजलासले रिटउपर प्रारम्भिक सुनुवाइ गर्दै रास्वपा र यसको नेतृत्वसँग लिखित जवाफ माग्दै अन्तरिम आदेश जारी हुने कि नहुने भनी निर्क्योल गर्न दुवै पक्षलाई छलफलमा बोलाउँदै १७ असारको पेसी तोकेको थियो । तर, सुनुवाई नभएपछि २५ असारका लागि अर्को पेसी तोकियो । त्यस दिन पनि 'हेर्न नमिल्ने'मा परेपछि २९ असारका लागि अर्को पेसी तोकियो । न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेयको इजलासले अन्तरिम आदेश जारी गर्न इन्कार गरी विवादित विषयमा गरिएका निर्णय र पत्राचारसम्बन्धी सबै कागजात झिकाउने आदेश गरेको छ । अर्को पेसी ११ साउनका लागि तोकिएको छ ।

'आयोगले नियमित काम नगर्दा मामला अदालत पुग्यो । अदालतले अन्तरिम आदेश नदिएका कारण विवरण अद्यावधिक गर्न निर्वाचन आयोगलाई कानुनी अप्ठ्यारो छैन । तैपनि गरिदिएको छैन,' रास्वपाका प्रवक्ता मनीष झाले प्रश्न गरे, 'अरूको हकमा पनि यस्तै हुन्थ्यो कि रास्वपालाई मात्रै हो ?'

रास्वपाबाट पदमुक्त महामन्त्री मुकुलले ४ असार ०८२ मा सूचनाका लागि दिएको निवेदनको जवाफमा आयोगले रास्वपाको निवेदनअनुसार विवरण अद्यावधिकको निर्णय नभएको प्रस्ट नपारी उनी नै महामन्त्री रहेको व्यहोराको पत्र दिएको थियो । त्यसपछि मुकुलले 'रास्वपाको महामन्त्री आफू नै रहेको' दाबी दोहोऱ्याएका थिए । लगत्तै रास्वपाका नेताहरू चासो लिएर पुग्दा आयोग पदाधिकारीले प्रक्रियागत कमजोरी स्विकार्दै अभिलेख अद्यावधिक गर्ने प्रतिबद्धता जनाएका थिए । तर, त्यसको एक महिना बित्दा पनि अद्यावधिक गरिएको छैन ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी भने आयोगका कारण ढिलाइ नभई, रास्वपाबाट जवाफ नै ढिला आएकाले यस्तो भएको बताउँछन् । 'आयोगको कारणले ढिलाइ भएको होइन, उहाँहरूबाट जवाफ नै ढिला आयोग,' उनले भने, 'विवरण अद्यावधिक अहिले प्रक्रियामा छ, अब भइहाल्छ ।'

सरकारको नेतृत्व...

पृष्ठ १ बाट क्रमशः

दाहाल प्रचण्ड र शुक्रबार एमाले राजनीतिमा फर्किएकी पूर्वराष्ट्रपति भण्डारीसँग भेट गरेका कोइरालाले आइतबार आफूनिकट सांसदहरूसँग छलफल गरेका छन् । दुई चरणमा गरी १६-१७ जना सांसदसँग छलफल गरेका कोइरालाले सरकारको काम र सुशासनलगायतका विषयमा धारणा पनि मागेका छन् । सरकारका कारण आमजनतामा बढेको वितृष्णाप्रति कोइरालाले चिन्ता व्यक्त गरेका छन् ।

निकट नेताहरूका अनुसार कोइरालाले आइतबार बिहान उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार, कृषिमन्त्री रामनाथ अधिकारी, सांसदहरू हृदयराम थानीलगायतसँग छलफल गरेका थिए । त्यसपछि दिउँसो सांसदहरू सुनील शर्मा र कान्छाराम तामाङलगायतसँग छलफल गरेको कोइरालानिकट नेताहरू बताउँछन् । पहिलो चरणमा छलफल गर्ने र आगामी कदमबारे निर्णय लिने तयारी छ ।

छलफलमा सहभागी भएका सांसदले कोइरालाले सहमतिअनुसार सरकार नचलेको र मूलतः सुशासन कायम गर्न चुकेको बताएका थिए । 'निकास दिनका लागि मैले नै सुरुमा कांग्रेस-एमाले गठबन्धनको कुरा उठाएको हुँ । तर, नागरिकको निराशा चिर्न सरकार असफल भयो । सुशासन कायम हुन सकेन । सुशासन कायम गरेर आमनागरिकलाई आशा जगाउनु हाम्रो कर्तव्य हो,' कोइरालाको भनाइ उद्धृत गर्दै एक सांसदले भने ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग पनि कोइराला निरन्तर सम्पर्कमै रहेको उनीनिकट सांसद बताउँछन् । संस्थापन पक्षका सांसद र अन्य दलका नेताहरूसँग पनि छलफलको तयारी रहेको उनीनिकट एक नेताले बताए । सांसद र नेताहरूको धारणा बुझेपछि थप कदम चाल्ने रणनीतिमा कोइराला छन् । 'सबैको कुरा सुनेपछि आगामी कदमबारे निर्णय लिनुपर्ने हुन्छ । यथास्थितिमा गठबन्धन सरकार जान सक्दैन भन्ने डाक्टर सापको कुरा स्पष्ट छ,' छलफलमा सहभागी एक सांसदले भने ।

सातबुँदे सहमतिको एउटा बुँदा एमाले अध्यक्ष केपी ओलीले सरकारको नेतृत्व गर्ने सहमति मात्रै कार्यान्वयनमा आएको र बाँकी सबै अलपत्र रहेको उनले बताएका छन् । छलफलमा शेखरले प्रचण्ड र भण्डारीसँग सुशासन कायम गर्ने सवालमा कुराकानी भएको स्पष्ट पारेका छन् । प्रचण्ड र भण्डारीले सुशासनको अभियानमा साथ रहेको बताएको पनि उनले बताए । भण्डारीले भने राजनीतिमा पुनः सक्रिय भएको भन्दै समर्थनका लागि आग्रह गरेको कोइरालाले बताएका थिए । 'म राजनीतिमा फर्किएको छु । अब ब्याक हुन्न, म आउने हो, त्यसमा कुनै शंका छैन । तपाईंले समर्थन गरे हुन्थ्यो,' भण्डारीको भनाइ उद्धृत गर्दै कोइरालाले भने ।

देशमा भ्रष्टाचार मौलाएको, बेथिति बढेको, भ्रष्टाचार काण्डमा मन्त्रीको नाम जोडिएर आउन थालेको विषय पनि छलफलको क्रममा उठेको छ । 'विकसित गतिविधिबारे सांसदसँग कुरा भएको हो । संसद्मा कस्तो भूमिका खेल्ने, सुशासन कसरी कायम गर्ने भन्ने मुख्य विषय हो,' कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले भने ।

छलफलमा सांसदहरूले सरकारको कार्यशैली परिवर्तन, नेतृत्व नै परिवर्तन वा कांग्रेस संसदीय दलको नेतृत्व परिवर्तन मुख्य तीन विकल्प रहेको सुझाएका छन् । सांसद हृदयराम थानीको भनाइ थियो, 'मुलुकमा भ्रष्टाचार व्याप्त छ । सुशासन छैन, जसका कारण आममानिस निराश भएका छन् । अख्तियारसम्बन्धी विधेयक ६ महिनासम्म छलफलमा समेत ल्याइएन । निजामती विधेयकमा 'कुलिङ पिरियड'को चलखेल भयो । भूमि विधेयक सिधै पास गर्ने चलखेल भइरहेको छ । शिक्षा विधेयकमा पनि लिंगरिङ भइरहेको छ,' थानीले भने ।

सांसद सुनील शर्माले वर्तमान राजनीतिक अवस्था, विगतको समीक्षासहित भावी रणनीतिबारे छलफल भएको बताए । 'गठबन्धन अहिले नै ब्रेक गर्दा भोलि के-के परिस्थिति हुन सक्छन् ? पार्टीको आगामी अधिवेशन, आगामी स्थानीय तह, प्रदेश र केन्द्रको चुनावलगायतका विषयलाई मध्यनजर गरेर अगाडि बढ्छौं,' शर्माले भने, 'सभापतिले सम्मानजनक हिसाबले पार्टीलाई लान खोज्नुभयो भने एउटा परिस्थिति बन्छ । निहुँ खोजेर भिड्छु भन्नुभयो भने अब सुसाइडल गेम हुन्छ ।'

सांसद राजेन्द्र बजगाईंले सरकारले सुशासन कायम गर्न नसकेको तथा भिजिट भिसालगायतका विषयमा कोइरालाले आफ्नो धारणा राखेर सुझाव मागेको बताए । 'डा. सापले सुशासनको कुरा गर्नुभएको छ । संसद्मा उठेको भिजिट भिसालगायतका राष्ट्रिय मुद्दामा मेरो फरक मत छ, अन्य दलका नेताहरूसँग पनि कुरा राखेको हो भन्नुभयो,' बजगाईंले भने ।

यद्यपि, कृषिमन्त्री अधिकारीले सामान्य छलफल भएको बताए । 'अनुहार देखाएर फर्किएको हुँ । सामान्य भेटघाट मात्र भयो,' कृषिमन्त्री अधिकारीले भने । दलको नेता फेर्ने प्रयास हो भन्ने प्रश्नमा अधिकारीले भने, 'त्यस्तो होइन ।'

सिराहामा...

पृष्ठ १ बाट क्रमशः

चलाउन नाइके छनोटको विषयमा केही विवाद रहेको भन्ने थाहा पाएको छु । तर, झडपको ठोस कारण खुल्न सकेको छैन,' सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले भने । उनी नेतृत्वको टोलीले शनिबार कैदीबन्दीका हरेक कोठाको सर्च गरेको थियो ।

कारागारमा कानुनद्वारा प्रतिबन्धित सरसामान हुन सक्ने आशंकामा चेकजाँच भए पनि केही नभेटिएको सहायक सिडिओ बरालले बताए । 'कोठाबाहिर ईँटाका टुक्रा, दाउरा र फलामका डन्डी देखिएपछि चौकीदार नाइकेलाई बाहिर निकाल्न भनेर फर्किएका थियौं, त्यही सामान बाहिर निकाल्ने कि ननिकाल्ने भन्ने विवाद चर्किएर दोहोरो झडप भएको प्रारम्भिक अनुसन्धानमा पाइएको छ,' उनले बताए । घटनाबारे छानबिन हुने प्रशासनले जनाएको छ ।

झडपमा विजयकुमार महतो, मकेश्वर महतो, दीपक ठाकुर, अञ्जाली कुशवाह, रिपेन्द्र झा, जयप्रकाश चौधरी, शिवकुमार राय, दीपेन्द्रकुमार यादव, सन्तोषकुमार सिंह, सत्यनारायण कारक, जितन साह, विश्वमित्र महतो र बैजु दास घाइते भएका छन् । झडपको खबर पाएलगत्तै कारागार प्रशासन र सुरक्षा अधिकारीहरूको टोली कारागार पुगेर आवश्यक सोधपुछ गरेको थियो ।

१५ महिला र १३५ पुरुष गरी १५० जनाको क्षमताको कारागारमा थुनुवा र कैदी गरी ४५८ जना छन् । कैदीबन्दीको चाप धेरै रहेको र गर्मीमा सुत्न अप्ठ्यारो भएको भन्दै कैदीबन्दीले पंखा, कुलरलगायत थप जडान गर्न शनिबार सर्च गर्न पुगेको टोलीसँग माग गरेका थिए । ०२८ मा निर्माण भएको कारागारका भवन र सुरक्षा पर्खाल पनि जीर्ण छन् । कैदीबन्दीहरूले पटक-पटक कारागारको क्षमता बढाउन माग गर्दै आएका छन् ।

कार्यान्वयन भएन प्रतिवेदन

गत २४ कात्तिकमा कारागारभित्र आन्तरिक प्रशासनको मिलेमतोमा प्रतिबन्धित वस्तुको आपूर्तिसहित कारागारको पसलमा बढी रकम असुल्ने गरेको सार्वजनिक भएपछि स्थानीय प्रशासनले गठन गरेको पाँच सदस्यीय छानबिन समितिले १० माघमा जिल्ला सुरक्षा समितिलाई प्रतिवेदन बुझाएको थियो । कारागारभित्र कारागार प्रशासनले अनुमति नदिएका वस्तुहरूसमेत कार्यालयको जिम्मेवारीमा रहेका व्यक्ति तथा निकायको कमजोरीविना पनि चेकजाँचको प्रभावकारी व्यवस्था नभएको, अनुगमन, परीक्षण गर्ने प्रविधि नभएबाट कारागारभित्र प्रवेश गर्ने सम्भावना रहेकाले चेकजाँचलाई कडाइ गर्न कारागार प्रशासन र सुरक्षा युनिटलाई निर्देशन गरिएको थियो ।

असोजको अन्तिम साता कारागारमा प्रतिबन्धित वस्तुहरू आन्तरिक प्रशासनको सेटिङमा कैदीबन्दीहरूसम्म सहजै पुग्ने र त्यसबापत कैदीबन्दीहरूबाट मोटो रकम उठाइने गरेको सार्वजनिक भएपछि जिल्ला सुरक्षा समितिको बैठकले प्रहरी नायब उपरीक्षकको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो ।

■ भोलिदेखि नेपाल-भारत गृहसचिवस्तरीय बैठक

आपराधिक सूचना आदान-प्रदानको संयन्त्र बन्ला ?



■ **बमबहादुर भण्डारी**, पूर्वएआइजी

एक देशमा अपराध गरेर अर्को देशमा भाग्ने प्रवृत्तिले दुवै देशलाई समस्या भइरहेको छ। अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने हो भने रियल टाइम सूचना आदान-प्रदानसम्बन्धी संयन्त्र बनाउन ढिला गर्नुहुँदैन। यो विषयलाई नेपालले पनि जोडदार रूपमा उठाउनुपर्छ।



■ **रामचन्द्र तिवारी**, सहसचिव, गृह मन्त्रालय

नेपाल-भारत गृहसचिवस्तरीय बैठकमा लागुऔषध तस्करी नियन्त्रणदेखि सूचना आदान-प्रदानसम्मका विषय एजेन्डा छन्। सीमा सुरक्षादेखि नेपालले भोगिरहेका विविध समस्याका विषयमा बैठकमा छलफल हुन्छ।

नवराज मैनाली/नयाँ पत्रिका

नेपाल र भारतबिच हुने सुरक्षासम्बन्धी हरेक द्विपक्षीय बैठकमा आपराधिक सूचना आदानप्रदानका लागि संयन्त्र बनाउने विषय छुट्दैन। बैठकमा बारम्बार दोहोरिने यो विषय कार्यान्वयनको प्रक्रिया भने अहिलेसम्म अघि बढ्न सकेको छैन।

करिब एक हजार आठ किलोमिटर लामो खुला सीमा रहेका दुई देशबिच सूचना आदानप्रदानको संयन्त्र नहुँदा सधैं सुरक्षा निकायले अनौपचारिक माध्यम प्रयोग गर्नुपर्ने बाध्यता छ। जसकारण सुरक्षा अधिकारीले दु:ख मात्र पाउने गरेका छैनन्, कतिपय अवस्थामा अपराधी भाग्नेसम्मका घटना भएका छन्।

यस्ता समस्या समाधानका लागि नेपाल-भारतबिच गृहसचिव, सशस्त्र प्रहरी महानिरीक्षक, एसएसबी महानिर्देशक तथा गृहका सहसचिवस्तरका संयन्त्र छन्। त्यस्ता, हरेकजसो बैठकमा 'रियल टाइम' सूचना आदानप्रदानका विषय उठ्ने गर्दछन्। तर, कार्यान्वयनमा उदासीनताले सीमापार अपराध नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको छ।

मंगलबारदेखि नेपाल-भारतबिच गृहसचिवस्तरीय बैठक बस्दै छ। बैठकमा यो विषय गम्भीरताका साथ उठाउनुपर्ने सुरक्षा अधिकारीहरू बताउँछन्। नेपाल प्रहरीका पूर्वएआइजी बमबहादुर भण्डारी सीमापार तथा अन्तर्देशीय अपराध नियन्त्रणका लागि तत्कालै सूचना आदानप्रदान आवश्यक हुने र यसका लागि स्थायी संयन्त्र बनाउनुपर्ने बताउँछन्।

'एक देशमा अपराध गरेर अर्को देशमा भाग्ने प्रवृत्तिले दुवै देशलाई समस्या भइरहेको छ,' उनले भने, 'अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने हो भने रियल टाइम सूचना आदानप्रदानसम्बन्धी संयन्त्र बनाउन ढिला गर्नुहुँदैन। यो विषयलाई नेपालले पनि जोडदार रूपमा उठाउनुपर्छ।'

सूचनाको आदानप्रदानसँगै नेपाल र भारतबिच सुपुर्दगी सन्धिको विषय पनि पेचिलो बन्दै आएको छ। ०६० मा गृहसचिवस्तरमा यससम्बन्धी सन्धिमा हस्ताक्षर भए पनि त्यसलाई दुई देशले अनुमोदन नगर्दा कार्यान्वयन हुन सकेको छैन। जसकारण एक-अर्कोको देशमा गएर अपराधी पक्राउ गर्दा समस्या हुँदै आएको छ। एक-अर्का देशले यसरी पक्राउ परेकालाई गोप्य रूपमा हस्तान्तरण हुने गरेको छ। आफ्ना



देशमा फरार अपराधी पक्राउ गर्न आएका भारतीय सुरक्षाकर्मी गत महिना मात्र काठमाडौंमा पक्राउ परेका थिए। सन्धि भएको अवस्थामा यस्तो समस्या हल हुने भए पनि यसमा दुवै देशले प्राथमिकता दिन सकेका छैनन्। गृह मन्त्रालयका एक अधिकारीका अनुसार भारतले तेस्रो देशका नागरिकलाई पनि सुपुर्दगी गर्नुपर्ने प्रस्ताव राखेपछि सन्धिको प्रक्रिया नै अवरुद्ध हुँदै आएको छ।

■ लागुऔषध नेपालको टाउको दुखाइ, भारतको सधैं असहयोग

खुला सीमाबाट हुने लागुऔषधको तस्करी नेपालका लागि सबैभन्दा ठुलो सीमापार अपराध बन्दै गएको छ। यसमा भारतीय पक्षबाट पर्याप्त सहयोग नपाएको सुरक्षाकर्मीको गुनासो छ। खासगरी नियन्त्रित लागुऔषधको तस्करी दिनप्रतिदिन बढिरहेको छ। जसले गाउँगाउँसम्म युवायुवतीलाई दुर्व्यसनमा फसाएको छ। सीमा क्षेत्रका भारतीय बजारमा यस्ता लागुऔषधको सहज रूपमा कारोबार हुने भएकाले नेपालमा तस्करी बढेको एक उच्च प्रहरी अधिकारी बताउँछन्। यस विषयमा भारतीय पक्षलाई बारम्बार आग्रह गर्दा पनि उताबाट त्यसका लागि कुनै पहल नभएको प्रहरी अधिकारीको भनाइ छ। यसले भारतको नियतमाथि समेत कतिपयले प्रश्न उठाउने गरेका छन्।

पूर्वएआइजी भण्डारी सीमा क्षेत्रमा नेपालले भोगिरहेको मुख्य समस्या नै लागुऔषध तस्करी भएकाले यसको नियन्त्रणका लागि भारतको सहयोगमा विस्तृत योजना बनाउनु आवश्यक रहेको बताउँछन्। 'सहरउन्मुख बस्तीमा लागुऔषधको दुर्व्यसन फैलँदो छ,' उनले भने, 'यसको मुख्य कारण खुला सीमाबाट हुने तस्करी नै हो, तस्करी रोक्न भारतीय पक्षसँग गम्भीरताका लागि कुरा गर्नुपर्छ।' विगतमा लागुऔषध तस्करी रोक्न सीमामा 'ड्रग इन्स्पेक्टर' खटाउनेसमेत दुई देशबिच सहमति भएको थियो। त्यो पनि कार्यान्वयन हुन सकेको छैन। गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारी गृहसचिवस्तरीय बैठकमा लागुऔषध तस्करी नियन्त्रणदेखि सूचना आदानप्रदानसम्मका विषय एजेन्डाका रूपमा रहेको बताउँछन्। 'सीमा सुरक्षादेखि नेपालले भोगिरहेका विविध समस्याका विषयमा यो बैठकमा छलफल हुन्छ,' उनले भने।

गृहसचिव गोकर्णमणि दुवाडीको नेतृत्वमा बैठकका लागि सोमबार १२ सदस्यीय नेपाली टोली नयाँदिल्ली जाँदै छ। जसमा नेपाल प्रहरीका एआइजी दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका एआइजी गणेश ठाडामगर, राष्ट्रिय अनुसन्धान विभागका एआइजी टेकेन्द्र कार्की, गृहका सहसचिव तिवारी लगायत अधिकारी सहभागी हुँदै छन्। हरेक वर्ष हुनुपर्ने बैठक नौ वर्षपछि हुन लागेको हो। सन् २०१६ मा पछिल्लोपटक भएको यस्तो बैठक पनि भारतमै भएको थियो। यसपटकको बैठक ६ र ७ साउनमा हुने गृह मन्त्रालयले जनाएको छ। विगतका धेरै द्विपक्षीय सुरक्षा बैठक औपचारिकतामा मात्र सीमित भएकाले सीमापार अपराध नियन्त्रणका लागि यसपटक कार्यान्वयनमा जाने हिसाबले छलफल हुनुपर्ने सुरक्षाविद्हरू बताउँछन्।

■ मितेरी सहकारी ठगी प्रकरण

अनलाइन स्क्याम गर्न ज्योतिबहादुरले बनाएका थिए नक्कली नागरिकता र राहदानी



● **एसपी युवराज खड्का**
प्रवक्ता, सिआइबी



ज्योतिबहादुरसँग दुईवटा नागरिकता र राहदानी छ, जसमध्ये एउटा सक्कली र अर्को नक्कली हो। नक्कली नागरिकता उसले आफैं बनाएको देखिन्छ। जुन आपराधिक क्रियाकलापमा प्रयोग भएका छन्। घटना सम्बन्धमा अनुसन्धान जारी छ। संगठित कसुरअन्तर्गत अनुसन्धान भइरहेको हुँदा निचोडमा पुग्न अझै केही समय लाग्छ।

टेकराज थामी/नयाँ पत्रिका

ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ ठगी घटनाका 'मास्टर माइन्ड' ज्योतिबहादुर भण्डारीले अवैध कारोबार गर्न नक्कली नागरिकता र राहदानी बनाएको खुलेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई गत ४ असारमा कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याएको थियो। उनकै बयानका आधारमा सिआइबीले धादिङका सुवास खत्री र बर्दियाका सुरेश अधिकारीलाई पनि पक्राउ गरेको छ। उनले ठगीधन्दा चलाउन आफ्नै नाममा दोस्रो नागरिकता र राहदानी बनाएका थिए।

सिआइबीका प्रवक्ता एसपी युवराज खड्काले ठगीधन्दा चलाउन ज्योतिबहादुरले आफ्नै नामको अर्को नक्कली नागरिकता र राहदानी बनाएको भेटिएको बताए। 'ज्योतिबहादुरसँग दुईवटा नागरिकता र राहदानी छ, जसमध्ये एउटा सक्कली र अर्को नक्कली हो। नक्कली नागरिकता उसले आफैं बनाएको देखिन्छ। जुन आपराधिक क्रियाकलापमा प्रयोग भएका छन्। घटना सम्बन्धमा अनुसन्धान जारी छ। संगठित कसुरअन्तर्गत अनुसन्धान भइरहेको हुँदा निचोडमा पुग्न अझै केही समय लाग्छ,' उनले भने।

सिआइबीका अनुसार ज्योतिबहादुरको पुर्ख्यौंली घर बर्दिया बाँसगढी नगरपालिका- ७ (साबिक मोतीपुर गाविस- ६) हो। उनले पहिलो नागरिकता बर्दियाबाट लिएका थिए। नागरिकताको नम्बर १४८०३ हो। सोही नागरिकता प्रयोग गरी उनले राहदानी पनि लिएका थिए। उनले लिएको राहदानी नम्बर ११३६४६९१ हो, जुन सक्कली हो।

त्यसबाहेक उनको नाममा कास्कीबाट पनि नागरिकता जारी भएको देखिन्छ। जसको नम्बर १५८८३ हो। सोही नागरिकताका आधारमा उनले १०५४८६८८ नम्बरको राहदानी पनि लिएका छन्, जुन नक्कली हो। सिआइबीका अनुसार ज्योतिबहादुरले ठगीमा सोही नागरिकता प्रयोग गर्ने गरेका छन्। सिआइबीका प्रवक्ता एसपी खड्काले दोस्रोपटक जारी भएको नागरिकता र राहदानी नम्बर आफैंले हालेको र प्रिन्ट गरेर प्रयोगमा ल्याएको बताए।

'भण्डारी ठगको मास्टरमाइन्ड हो। उसले दोस्रोपटकको नागरिकता र राहदानी नम्बर आफैंले हालेर प्रिन्ट गरेको देखिन्छ। जुन असलीजस्तै देखिन्छ। हामीले राहादानी र नागरिकतामा राखिएको दुबै नम्बर सम्बन्धित कार्यालयमा पुगेर रुजु गरी हेर्‍यौं। दुवै नम्बर रेकर्डमा कहीं देखिँदैन। सोधपुछ गर्दा राहदानी र नागरिकता दुवैमा उल्लेख भएको नम्बर आफैंले हालेको खुल्यो। सबै काम होसियारीपूर्वक भएको देखिन्छ,' उनले भने।

सिआइबीका अनुसार भण्डारीले विशेषगरी अनलाइन स्क्याममा नक्कली नागरिकता प्रयोग गर्दै आएका थिए। जुन स्क्याम उनले मितेरी सहकारीका सचिव कृष्णबहादुर रानालाई समेत गरेका थिए। उनले कृष्णबहादुरलाई ग्लोबल आइएमई बैंकको इन्द्रचोकस्थित खातामा ३३ करोड ११ लाख रुपैयाँ पठाएको भन्दै ह्वाट्सएपमा म्यासेज गरेका थिए।

पहिरोले घर पुर्दा दम्पतीको मृत्यु, भागेर बाँचिन् बुहारी



पोखरामा **रोहितराज पराजली**

अविरल वर्षाका कारण पहिरोले घर पुरिँदा पर्वतमा पति-पत्नीको मृत्यु भएको छ। बुहारी ३३ वर्षीया पवित्रा विक भने भागेर ज्यान जोगाउन सफल भएकी छिन्। आइतबार बिहान साढे ४ बजे घरको १० मिटरमाथिको कान्लाबाट पहिरो खस्दा मोदी गाउँपालिका- ३ देउराली लाइदीका ७८ वर्षीय छविलाल विश्वकर्मा र उनकी पत्नी ७६ वर्षकी विष्णुमतीको ज्यान गएको जिल्ला प्रहरी कार्यालय पर्वतका सूचना अधिकारी प्रहरी निरीक्षक रामप्रसाद सापकोटाले बताए। पहिरोले ढुंगामाटोले बनेको र टिनले छाएको घर पूर्ण रूपमा पुरेको थियो। उनीहरूको शव पनि पुरिएको अवस्थामा निकालिएको हो।

पहिरो आउनेबित्तिकै बुहारी पवित्राले थाहा पाएपछि उनी कोठाबाट बाहिर निस्कने क्रममा कोठामा रहेको दराजले खुट्टा च्यापेको थियो। दराजले खुट्टा च्यापे पनि कोठाको ढोका नजिकै भएकाले बल लगाएर च्यापेको खुट्टा निकालेर भाग्न सकेकाले बाँच्न सफल भएकी थिइन्। उनका श्रीमान् वैदेशिक रोजगारमा छन् भने छोराछोरी बजारमा बसेर पढिरहेका छन्।

सापकोटाका अनुसार पहिरोले पुरिएको घरसँग अर्को घर नजोडिएकाले थप क्षति हुन नपाएको हो। गत वर्ष सोही ठाउँको नजिकैको घरमा पहिरो खसेको थियो। 'वर्षाका कारण ठाउँ-ठाउँमा सडक अवरुद्ध हुँदा उद्धार टोली घटनास्थलमा पुग्न पनि निकै कठिनाइ भयो,' उनले भने। दुवैजनाको शव पोस्टमार्टमका लागि पर्वत अस्पताल लगिएको छ।

■ सुनसरीमा दुई बालकको डुबेर मृत्यु

सुनसरी/ इटहरीमा दुई बालकको डुबेर मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार इटहरी उपमहानगरपालिका- ३ का आठ वर्षीय दिप्सन चौधरी र संखुवासभा चैनपुर नगरपालिका- १ घर भई इटहरी- २ मा आफन्तकहाँ बस्दै आएका ११ वर्षीय क्रिश्वास लिम्बूको ट्यांग्रा खोलामा डुबेर मृत्यु भएको हो। इटहरी- २ स्थित मायाघरछेउमा रहेको ट्यांग्रा खोलामा पौडी खेल्ने क्रममा उनीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ।

■ झापामा वृद्धको शव फेला

झापा/ खोलाले बगाएको अवस्थामा झापाको शिवताक्षी नगरपालिका- १ का ८० वर्षीय प्रभाखर पोखरेलको शव कमल गाउँपालिका- २ स्थित कमल खोलामा फेला परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। उनलाई खोलाले बगाएर मृत्यु भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले बताए।

■ स्याफ्रुबेंसी-रसुवागढी सडक खुल्यो

रसुवा/ ल्हेन्देको बाढीले बगाउँदा २४ असार राति अवरुद्ध भएको स्याफ्रुबेंसी-रसुवागढी सडक दुई सातापछि आइतबारबाट एकतर्फी सञ्चालनमा आएको छ। बाढीपहिरोले करिब १२ सय मिटर सडक बगाउँदा टिमुरे र रसुवागढीबिच सम्पर्क टुटेको थियो। रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलका अनुसार गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी- रसुवागढी सडकअन्तर्गतको १६ किलोमिटर स्याफ्रुबेंसी-रसुवागढी सडकखण्ड आइतबार अपराह्न ४ बजेबाट एकतर्फी तथा अस्थायी रूपमा सञ्चालनमा आएको हो।

जबर्जस्ती करणीको आरोपमा मधेश प्रदेशका पूर्वप्रमुख अहिराज पक्राउ



काठमाडौं/ जबर्जस्ती करणीको आरोपमा मधेश प्रदेशका पूर्वप्रमुख डा. राजेश झा (अहिराज) पक्राउ परेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंले उनीविरुद्ध गत ३ वैशाखमै पक्राउ पुर्जी जारी गरेको थियो। त्यसयता उनी भारतमा लुक्दै आएका थिए। २५ वर्षीया युवतीले जबर्जस्ती करणी कसुरमा दिएको जाहेरीका आधारमा अहिराज पक्राउ परेको काठमाडौं परिसरका प्रवक्ता अपिलराज बोहराले बताए। 'जबर्जस्ती करणी कसुरमा राजेश अहिराज पक्राउ गरेका छन्। हामीकहाँ परेको जाहेरीका आधारमा उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। त्यसलगत्तै फरार थिए,' उनले भने।

प्रहरीका अनुसार अहिराजविरुद्ध अनामनगर बस्ने युवतीले जाहेरी दिएकी थिइन्। जाहेरी दिने युवती अहिराजका छिमेकीसमेत हुन्। युवतीलाई 'एयर होस्टेज' बनाइदिने प्रलोभन दिएर उनले सात वर्षदेखि यौन शोषण गर्दै आएका थिए। पीडित युवती अहिले २५ वर्षकी छिन्। यौन दुर्व्यवहारमा पर्दा उनको उमेर १७ वर्षको थियो। 'अहिराजले सात वर्षदेखि युवतीलाई यौन शोषण गरेको जाहेरीमा उल्लेख छ। अहिले पीडित युवतीको उमेर २५ वर्षको छ। जुनवेला उनीविरुद्ध यौन शोषण सुरु भएको थियो, त्यसवेला उनको उमेर १७ वर्षको थियो। त्यसो हुँदा अहिराजले पीडित युवती नाबालिका हुँदाको बखतदेखि नै यौन शोषण गरेको देखिन्छ,' प्रहरी स्रोतले भन्यो। प्रहरीका अनुसार पीडित युवतीले होस्टेल सञ्चालन गर्दै आएकी छिन्। उनी अहिले आमासँग बस्छिन्। उनकी आमा एकल महिला हुन्। होस्टेल सञ्चालनका लागि समेत अहिराजले सहयोग गर्ने गरेका थिए।





'नेसनल इभेन्ट' बन्नुपर्छ एनपिएल

हिजोका कमी-कमजोरीलाई सच्याएर नयाँ सिजनलाई थप सहज र व्यवस्थित बनाउन सामूहिक रूपमा अगाडि बढ्न जरुरी छ



● गृहेन्द्र घिमिरे

अग्रलेख

नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको तयारी प्रारम्भ भएको छ । नेपाल क्रिकेट संघ (क्यान) र प्रतियोगी टिम आवश्यक तयारीमा जुटिसकेका छन् । सहभागी टिमले मार्की र ६ खेलाडी रिटेन गरिसकेका छन् । म आबद्ध रहेको 'कर्णाली याक्स स्पोर्टस् प्रालि'ले प्रशिक्षकका रूपमा ज्ञानेन्द्र मललाई नियुक्त गरेको छ ।

एनपिएलले क्रिकेटलाई पक्कै नयाँ उचाइमा पुर्‍यायो । यसलाई नेपाली खेलकुदको इतिहासमा उपलब्धि नै मान्नुपर्छ । यो उपलब्धिले खेलाडी, खेलप्रेमी हामीलाई बेग्लै ऊर्जा थपिदिएको छ । पहिलो संस्करणका उपलब्धिलाई संस्थागत गर्दै कमजोरीको समीक्षा गर्न जरुरी छ । कमजोरीबाट सिकेर प्रतियोगितालाई थप उचाईमा पुर्‍याउनु आवश्यकता पनि हो ।

पहिलो संस्करणमा हामीले विभिन्न खालका समस्याको सामना गर्नुपर्‍यो । तमाम समस्या र प्रतिकूलताका बाबजुद पनि प्रतियोगिता सफलतापूर्वक सम्पन्न भयो । पहिलो संस्करणमा अवसरसँगै चुनौती धेरै थिए । हामीसँग प्रतियोगिता तयारीका लागि समय पर्याप्त थिएन । जसले गर्दा प्रतियोगिताको समग्र व्यवस्थापनकै चुनौती थियो । यसको प्रत्यक्ष प्रभाव दर्शक, खेलाडी, टिम सञ्चालकमा पर्‍यो । पहिलो सिजनमा देखिएको समस्या क्रिकेट रंगशाला नै हो । त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानको अधुरो संरचनाले व्यवस्थापनमा चुनौती थपेको थियो । कतिसम्म भने प्रमुख अतिथि आउँदा राख्ने ठाउँको अभाव भयो । ठाउँकै अभावले गर्दा भिभिआइपी अतिथि र विदेशी खेलाडीलाई धवनसम्म एउटै ठाउँमा राख्नुपर्ने बाध्यता भयो । टिमको सञ्चालकको हिसाबमा म (पंक्तिकार) आफैं आफ्ना अतिथि ल्याउन गेटसम्म जानुपर्ने स्थिति थियो । अथवा भनौं, अतिथि दर्शक स्वागत गर्न गेटमै बसिरहनुपर्ने बाध्यता बन्यो । छोटो समय भएकाले क्यान र फ्रेन्चाइजीहरूले तयारीको पर्याप्त समय नपाउँदा भोग्नुपरेको यो पहिलो समस्या थियो । दोस्रो सिजनमा नदोहोरिने गरी यस्ता कुरालाई व्यवस्थान गर्न जरुरी छ ।

अहिले सरकारले पहलकदमी लिएर क्रिकेट मैदानको द्रुत रूपमा काम भइरहेको छ । यसबाट सिट व्यवस्थापन सहज हुन्छ भन्ने विश्वास छ । खेलप्रेमी दर्शकलाई सुविधा दिनुपर्ने हाम्रो दायित्व पनि हो । जुन सिटका लागि टिकट काटेको हो सोही सिट नम्बरमा दर्शकले बस्न पाउने सुनिश्चित गरिनुपर्छ । टिकट काटेको दर्शक कहाँ बस्ने, अनर लन्च कुन हो, खेलाडीको परिवार कहाँ बस्छ भन्ने वर्गीकरण क्यानले गर्नुपर्छ । आशा छ, ट्वाइलेट, बाथरुम र क्याफ्टेरियाको पनि उचित व्यवस्थापन हुनेछ ।

पहिलो सिजनमा छुटेको क्लब सञ्चालकलाई मैदान प्रवेशको अवसर पनि अब दिनुपर्छ । छिमेकी मुलुक भारतमा सञ्चालन हुने आइपिएलमा खेल सकिएपछि क्लब सञ्चालकलाई मैदान प्रवेश गर्न दिइन्छ, उनीहरूले खेलाडीलाई अँगालो हालेर हौसला दिन्छन् । हाम्रो नेपालमा दोस्रो सिजनमा कम्तीमा खेलमा जितहार जे भए पनि मैदानको पेरिफेरीमा क्लब सञ्चालक जाने अनुमति दिएर खेलाडीलाई हौसला दिने वातावरण बन्नुपर्छ । क्यानले यसको मापदण्ड बनाउनुपर्छ । पहिलो सिजनमा खड्किएको अर्को विषय हो, सञ्चालकलाई मैदानमै आफ्नोबाहेक टिमको खेल हेर्ने सुविधा नहुनु । जुन टिमको खेल हो, त्यसका सञ्चालकले स्वतः हेर्न पाउँछन् । त्योबाहेक अन्य टिमका सञ्चालकले हेर्ने छुट्टै ठाउँ यो सिजनमा क्यानले व्यवस्थापन गर्नुपर्छ । किनकि क्यान र फ्रेन्चाइजी टिम भनेको परिपूरक हो । दुवैको दायित्व छ । यसले स्टेडियममै बसेर कुन टिमले कसरी खेलिरहेको भनेर रणनीतिक रूपमा पनि हेर्न पाउँदा स्वस्थ प्रतिस्पर्धामा सघाउनेछ ।

पहिलो सिजनमा देखिएका ५० प्रतिशत समस्या मैदान निर्माण सम्पन्न भइसकेपछि हल हुने देखिन्छ । विगतमा आयोजकले रातको समय खेल खेलाउन सकेको थिएन, अब राति पनि खेल हुन सक्ने अवस्था बन्दै छ ।

टिमहरूबिच समन्वय : पहिलो सिजनमा टिमहरूबिच समन्वय नहुँदा बजारमा समेत अस्वस्थ प्रतिस्पर्धा सिर्जना भयो । होटेलको बुकदेखि लिएर बिज्ञापनसम्म अस्वस्थ प्रतिस्पर्धा भयो । जसले टिमहरूलाई नै नोक्सानी गर्‍यो । दोस्रो सिजनमा क्यानको मध्यस्थतामा यो व्यवस्थित हुनुपर्छ । बजारमा जाँदा पनि एउटै दररेटमा समन्वय गरेर जानुपर्ने देखिन्छ । यसका लागि टिमबिच समन्वयको सुरुवात पनि भइसकेको छ । क्यानले पनि एउटा गाइडलाइन बनाउनुपर्छ । जसले व्यावसायिक रूपमा धान्न सक्ने स्थिति सिर्जना हुनेछ ।

राज्यले एनपिएललाई 'नेसनल इभेन्ट'को रूपमा लिन सकेन । राज्यले एनपिएललाई अन्तर्राष्ट्रिय रूपमा चिनाउन र पर्यटन प्रवर्द्धनको अवसरलाई उपयोग गर्न सक्थ्यो । दोस्रो सिजनमा सरकारलाई यो अवसरलाई उपयोग गर्न सक्नुपर्छ ।



सरकारले प्रतियोगिकताका लागि विदेशी खेलाडी ल्याउन सहजीकरण गर्नुपर्छ । विमानस्थलमा छुट्टै डेस्क स्थापना गरिनुपर्छ । डेस्कमार्फत पाहुनाको रूपमा स्वागत गर्ने काम सरकारले गर्नुपर्छ । यसलाई सरकारले नै अपनत्व लिनुपर्छ । यसरी नेसनल इभेन्टको रूपमा मनाउनुपर्छ ।

'होम एन्ड अवे'को अवधारणा : एनपिएलमा सात प्रदेशलाई प्रतिनिधित्व हुने गरी टिम छन् । तर, खेल काठमाडौंमा मात्र सीमित भइरहेका छन् । अब होम एन्ड अवे अवधारणामा जानुपर्छ । काठमाडौं केन्द्रित प्रतियोगिताबाट हामी बाहिर निस्किनुपर्छ । यसका लागि सातवटै प्रदेशमा सरकारले पूर्वाधार तयार गर्नुपर्छ ।

'कर्णाली याक्स'को खेल कर्णालीमा खेलाउँदा खेल विकास सहयोग पुग्छ । काठमाडौंसम्म आइनपुगेका दर्शक त्यही हेर्न पाउँथे । त्यसले क्रिकेट (खेल)सँगै ठाउँको पनि प्रवर्द्धन हुन्थ्यो । त्यस ठाउँको पर्यटन प्रवर्द्धनमा टेवा पुग्थ्यो । जसले गर्दा देशको अर्थतन्त्रलाई ठुलो सहयोग पुग्छ ।

चितवनको खेल चितवन रंगशालामा खेलाउँदा क्रिकेटको विस्तार हुन्छ । जसले खेलप्रेमी, र समर्थक संख्या बढ्छ । सातै प्रदेशको बजार र अर्थतन्त्र चलायमान हुन्छ । उदाहरणका लागि कर्णाली याक्सले तीन वर्षभित्र कर्णालीमा रंगशाला बनाउने सम्झौता भइसकेको छ । दोस्रो सिजनमा कर्णालीले आफ्नो खेल हुँदा कम्तीमा प्रदेश राजधानीमा एलइडीमा देखाउने अभ्यासको सुरुवात गर्दै छ । सात प्रदेशमै पूर्वाधार निर्माण गरेर प्रतियोगी सञ्चालन गर्न सक्यो भने फराकिलो सम्भावना देखिन्छ ।

पहिलो सिजनमा देखिएको समस्या क्रिकेट रंगशाला नै हो । त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानको अधुरो संरचनाले व्यवस्थापनमा चुनौती थपेको थियो । कतिसम्म भने, प्रमुख अतिथि आउँदा राख्ने ठाउँको अभाव भयो ।

प्रदेश सरकारको भूमिका : सबै प्रदेशको टिमले एनपिएल क्रिकेटको शोभा बढाइरहेका छन् । पहिलो सिजनमा प्रदेशगत टिमको खेल काठमाडौंमै भयो । अब दोस्रो सिजनमा प्रदेशले अपनत्व लिने हिसाबले अभियान सञ्चालन गरिनुपर्छ । यसका लागि प्रदेश सरकार र सरकारी निकायबाट सहयोग हुनुपर्छ ।

प्रदेशले अपनत्व लिएर प्रारम्भमा खेलप्रेमीका लागि खेल भएको दिन प्रदेशकै खुला ठाउँमा टेलिभिजनबाट खेल हेर्ने वातावरण बनाइदिने, खाजाको व्यवस्था गरिदिने, प्रदेश सरकारले पाँच हजार जर्सी क्लबसँग किनेर फ्यानहरूलाई वितरण गर्ने गर्नुपर्छ । यसले क्रिकेटप्रेमी खेलाडी, क्लब र खेलाडीलाई हौसला हुन्थ्यो ।

क्रिकेट पर्यटन : नेपालमा क्रिकेट पर्यटनको ठुलो सम्भावना देखिन्छ । यसका लागि पूर्वप्रवर्द्धनका लागि आवश्यक तयारी गर्न जरुरी छ । त्यो क्लबबाट पनि हुनुपर्छ । क्यानबाट पनि हुनुपर्छ । राज्यको निकायको रूपमा खेलकुद मन्त्रालयबाट प्रवर्द्धनको ठोस रणनीति आउनुपर्छ । सरकारले एउटा 'नेसनल इभेन्ट'को रूपमा अपनत्व लिनुपर्छ । यसलाई सरकारले अपनत्व लिए दोस्रो सिजनमा बृहत् बनाउन, सहभागिता बढाउन र व्यापारिक हिसाबले प्रवर्द्धन गर्न सहयोग पुग्छ ।

खेलकुद मन्त्रालय, पर्यटन मन्त्रालय र परराष्ट्र मन्त्रालयले यसमा पहलकदमी लिन जरुरी छ । मन्त्रालयले विदेशी खेलाडी ल्याउन र उनीहरूमार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्न राजदूतावासमार्फत समन्वय गर्न सक्छन् । सबै मन्त्रालयले आ-आफ्नो ठाउँबाट सहजीकरण गर्ने हो भने एनपिएललाई एकदमै नेसनल इभेन्टको रूपमा विकास गर्न सकिन्छ ।

राज्यको भूमिका : एनपिएलको पहिलो संस्करणमा अन्तर्राष्ट्रिय रूपमा ख्याति कमाएका खेलाडीको उल्लेख्य सहभागिता रह्यो । यसले नेपालको क्रिकेटलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन मद्दत त गर्‍यो नै पर्यटन प्रवर्द्धनमा पनि योगदान गर्‍यो । तर, विदेशी खेलाडीलाई नेपाल ल्याउने र सत्कार गर्ने सवालमा राज्यले सहजीकरणको भूमिका निभाएको देखिएन ।

क्रिकेटलाई पर्यटनसँग पनि जोड्न सकिन्छ । तर, एनपिएलको अघिल्लो सिजनमा नेपालको क्रिकेट र पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण विदेशी खेलाडीको श्रम स्वीकृतिमै पापड पेल्नुपर्ने अवस्था बन्यो । विदेशी खेलाडीको श्रम भिसा मिलाउन खेलकुद मन्त्रालयमै धाउनुपर्ने र घण्टौं कुर्नुपर्ने स्थिति रह्यो । यहाँनेर खेलकुद परिषद्को पनि भूमिका देखिएन । नेपालको पर्यटन प्रवर्द्धनको दूतको रूपमा आफ्नो परिवारसहित आएको विदेशी खेलाडीलाई विशेष व्यवहार गर्नुपर्ने राज्यले विमानस्थलमा स्वागत र समन्वय गर्ने कुरामा पनि कन्जुस्याइँ गर्‍यो ।

विदेशी खेलाडीबाट हुने निःशुल्क प्रवर्द्धनलाई राज्यले बुझेन । आगामी सिजनमा यी पक्षहरूमा सरकारले विशेष ध्यान दिन जरुरी छ । यसका लागि सरकारले क्यानलाई सम्पूर्ण जिम्मेवारी दिन सक्छ । क्रिकेटलाई अझै उचाइमा पुर्‍याउन क्यानलाई पूर्ण स्वायत्त बनाउने गरी नीतिगत सुधार पनि गर्न सकिन्छ । स्वायत्त क्यानले अहिलेभन्दा अझै राम्रो र राष्ट्रकै लागि गरिमा बढाउने काम गर्न सक्छ । विदेशी खेलाडीलाई पाहुनाको रूपमा उच्चतम स्वागत सत्कार गर्दा नेपालप्रतिको सकारात्मक दृष्टिकोण र प्रतियोगितामा अपनत्व महसुस गराउन मद्दत पनि गर्छ । नेपालको सगरमाथा, पशुपतिनाथ, लुम्बिनीजस्ता पर्यटकीय गन्तव्य चिनाउन र प्रवर्द्धन गर्न यसले सघाउँछ । त्यसैले, सरकारले एनपिएललाई एउटा नेसनल इभेन्टको रूपमा हेर्नुपर्छ र क्यानलाई स्वतन्त्र निकायको रूपमा स्थापित गर्नुपर्छ ।

---

३ प्रश्न

काठमाडौं जिल्ला अदालत बार एसोसिएनका पूर्वसचिव **दमनबहादुर चन्दलाई**



काठमाडौं जिल्ला अदालतमा मुद्दा घटाउन के-कस्ता काम भइरहेका छन् ?

बैंकिक कसुरसम्बन्धी कसुर 'हाई कोर्ट'बाट सबै जिल्ला अदालतमा सारिएपछि मुद्दाको संख्या ह्वात्तै बढेको थियो । विशेषतः सरकारवादी मुद्दामा प्रमाण समयमै उपलब्ध नगराइदिँदा मुद्दाको अंग नपुगेर फर्स्योटमा ढिलाइ हुन्छ । त्यसबाहेक पनि मुद्दाका पक्षहरूले मुद्दाको पेसी सार्ने, ढिलो गराउने, मुद्दामाथि मुद्दा खाप्ने गर्दा पनि फर्स्योट ढिलो हुन्छ । यसका बाबजुद मुद्दाको फर्स्योट छिटो गर्न हामीले जिल्ला अदालतमा पारिवारिक फाँट बनाएका छौं । अभियानसम्बन्धी मुद्दा हेर्नका लागि अभियान फाँट पनि बनाएका छौं । काम नभएको होइन, कुनै-कुनै इजलासबाट हजारभन्दा बढी मुद्दा फैसला भएका पनि छन् ।

मुद्दा बढ्ने देखिएपछि सोहीअनुसार मुद्दा सम्बोधन गर्नका लागि तयारी पनि हुनुपर्ने हो । त्यस्तो नभएको हो कि ?

त्यस्तो होइन, फैसला फर्स्योट शीघ्र बनाउनका लागि आवश्यक कर्मचारी, प्राविधिक र प्रविधिको अभाव छ । यसका बाबजुद मुद्दा घटाउनेतर्फ काम भइरहेको छ । बारले पनि यसको पहल गरिरहेको छ । दीर्घकालीन समस्या समधानका लागि काठमाडौं जिल्ला अदालतनजिकको जग्गाप्राप्तिको पहल बार-बेन्चको बैठकबाट सामूहिक निर्णय गरेर सर्वोच्च अदालतसम्म कुरा पुर्‍याइएको थियो । तर, त्यहाँ बिचौलियाहरू हाबी भएर हामीलाई जग्गा दिइएन् । अब न्यायसम्पादन महत्त्वपूर्ण कि व्यावसायिक भवन ? फेरि व्यावसायिक क्षेत्र पनि होइन त्यो ? त्यसैले त्यो काम सम्पन्न हुन सकेन ।

कर्मचारी कम भएको कुरा छ, तिनको भर्तीमा समस्या देखिएको हो र ?

यसमा के भयो भने बिचमा करारमा कर्मचारी राखिएको थियो । तर, पछि फेरि हटाइयो । हामीले नै अस्थायी कर्मचारीबाट न्यायसम्पादन चुस्त नहुने भनेर कुरा उठाएको थियौं । करार कर्मचारी हटाइएपछि थायी कर्मचारी नआइसकेको अवस्थामा कर्मचारीको अलिकति अभाव देखिएको हो । तर, काठमाडौं अदालतमा विशेष गरी फाँटमा मुद्दाको चाप हेर्दा जति कर्मचारी राख्दा पनि अभावजस्तै देखिन्छ ।

प्रेरक प्रसंग

तीर्थयात्रापछि फर्सीको स्वाद

हाम्रो समाजमा तीर्थयात्राको निकै ठूलो महत्त्व छ । पहिले-पहिले यस्तो यात्रामा जान निकै कठिन थियो । अधिकांश तीर्थयात्रा पैदलै गर्नुपर्ने बाध्यता थियो । थोरै-थोरै यात्रापछि नै विश्राम गर्नुपर्ने हुन्थ्यो । अनेक प्रकारका मानिससित भेटघाट हुन्थ्यो । अनेक भाषा, विविध रीतिरिवाजको अनुभव लिन पाइन्थ्यो । विविधतामय समाज देख्न पाइन्थ्यो । अनेकौं कठिनाइसित पनि जुध्नुपर्ने हुन्थ्यो ।

धेरैअघि तीर्थयात्रामा निस्कन लागेका केही मानिस आफ्नो सहरका एक विख्यात सन्तकहाँ पुगे । उनीहरूले सन्तलाई पनि आफूहरूसँगै तीर्थयात्रामा जान अनुरोध गरे । सन्तले आफ्नो असमर्थता देखाउँदै उनीहरूलाई एउटा तीतो स्वादको फर्सी दिँदै भने- माफ गर्नुहोला, कामविशेषले गर्दा म हजुरहरूसँग यो तीर्थयात्रामा सरिक हुन सकिनँ । तपाईंहरू यो फर्सी लिएर जानुहोस् र जहाँ-जहाँ स्नान गर्नुहुनेछ, त्यहाँ-त्यहाँ यसलाई पनि स्नान गराइदिनुहोस् । तीर्थस्थलमा ईश्वरको दर्शन पनि गराइदिनुहोस् । र, फर्किँदा साथमै ल्याउनुहोस् । तीर्थयात्रीले सन्तको अनुरोध स्विकारेर फर्सी साथमा लिएर तीर्थयात्रामा निस्किए । उनीहरूले आफूले जहाँ-जहाँ स्नान गरे, त्यहाँ-त्यहाँ फर्सीलाई पनि स्नान गराइदिए । मन्दिरमा पनि दर्शन गराए । यस्तो गर्दागर्दै उनीहरूको तीर्थयात्रा पूरा भयो । सबै घर फर्किए । उनीहरूले सन्तको फर्सी सकुशल फिर्ता गरे । सन्तले सबै तीर्थयात्रीलाई धन्यवाद दिँदै अर्को दिन आफ्नो आश्रममा प्रीतिभोजका लागि सबैलाई आमन्त्रित गरे ।

सन्तको आमन्त्रण स्विकार्दै तीर्थयात्री भोलिपल्ट निर्धारित समयमा प्रीतिभोजका लागि सन्तको आश्रममा पुगे । सबैलाई श्रद्धापूर्वक भोजन अर्पण गरियो । भोजमा अन्य परिकारका साथमा तीर्थयात्रामा लगिएको फर्सीको तरकारी पनि सामेल थियो । सबै तीर्थयात्रीले भोजन सुरु गरे । फर्सीको तरकारी मुखमा हाल्नासाथ सबैले एकै स्वरमा भने- ओहो ! फर्सीको तरकारी त कस्तो तीतो रहेछ ।

सन्तले अचम्म मानेजस्तो गर्दै भने- हैं, फर्सीको तरकारी तीतो छ रे ! यो त त्यही तीर्थ स्नान र दर्शन गरेर आएको फर्सीको तरकारी हो । तीर्थाटनपूर्व त यो साँच्चै तीतो थियो । तर के तीर्थाटनपछि त्यो तीतो हराएनछ ? सन्तको प्रश्नले सबै तीर्थयात्रीका आँखा खुले । उनीहरूले मनको मैलो तथा विकार सफा नगरी तीर्थयात्रा गर्नुको कुनै अर्थ रहेनछ भन्ने बुझे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भ्रष्टाचारले खोक्रिँदै देश

कास्कीको लिचीघारीको जग्गा प्रकरणमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले ३२ लाख घुस लिएको अडियो सार्वजनिक हुँदा उनले पदबाट राजीनामा दिनुपर्ने हो । तर, उच्च तहको संरक्षण पाउँदा हालसम्म उनी जोगिएका छन् । धेरै नेपाली अशिक्षित, गरिब र सोझो भएकै कारण यी नेताहरूलाई जे गरे पनि हुन्छ भन्ने परेको छ । पछिल्लो घटना कुनै असावधानीले अडियो बाहिर आएपछि चर्चामा आयो । यस्ता बाहिर नआई कति धेरै अनुचित लेनदेनका काम भइरहेको होलान् ? देश बिस्तारै खोक्रो बन्दै छ । युवाहरू अब पनि जागेनन् भने देश बर्बाद हुने दिशामा जाँदैछ । बंगलादेश र श्रीलंकाका युवाहरू एकैपटक उठ्दा त्यहाँका भ्रष्ट र दमनकारी शासक टिक्न सकेनन् । हामी कहाँ भने कहिले त्यस्तो चेतावन आउने होला ?

● **प्रसुन थापा**, खोटाङ

'ठुला मान्छे'का तुच्छ काम

मधेश प्रदेशका पूर्वप्रमुख राजेश अहिराज बलात्कार मुद्दामा पक्राउ परेछन् । एक किशोरीलाई आश्वासन दिएर यौन शोषण गरेको उजुरी परेको रहेछ । विगतमा म उनको अन्तर्वार्ता खोजी-खोजी हेर्थें । यिनी पक्कै पनि देश र जनताको चिन्ता गर्ने र कर्मशील नेता हुन् भन्ने सोच परेको थियो । तर, उच्च पदमा पुगेका मानिसको बाहिर देखाउने अनुहार र भित्रको वास्तविकता अर्कै हुनेरहेछ । यस्तो घिनलाग्दो कामको आरोपमा पक्राउ परेको सुनेर अचम्म लाग्यो ।

● **प्रवेश पौडेल**
लिवाङ, रोल्पा

कुलिङ पिरियडमा एमालेको राजनीति

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले संघीय निजामती विधेयकमा रहेको कुलिङ पिरियड हटाउन एमालेका सांसदले संशोधन प्रस्ताव दायर गरेकोमा आश्चर्य व्यक्त गर्दै आपत्ति जनाएछन् । तर, मलाई भने यसमा कुनै अनौंठो लागेको छैन । यो कुरा एक न एक दिन खुल्नु नै थियो, छिट्टै खुल्यो । कुलिङ पिरियडसम्बन्धी व्यवस्थामाथिको जालझेल कुनै कर्मचारी वा समितिविशेषको मात्र संलग्नता थिएन भन्ने मलाई पहिले लागेको थियो । अहिले एमाले संसद्को संशोधनले औंला उनीहरूप्रति तेर्स्याउँदैन र ? 'ढाँटेको कुरा काटेर मिल्दैन' भनेको यही होला ?

● **सन्तलाल श्रेष्ठ**
लमजुङ

सरकारको उत्साहहीन एक वर्ष

केपी ओली सरकार गठन भएको एक वर्ष पूरा हुँदासमेत भारत सरकारले आफ्नो देशको भ्रमणको निम्तो दिएको छैन । यसले भारतसँगको वर्तमान सरकारको सम्बन्धबारे धेरै कुरा इंगित गर्छ । विश्वमा कमै देशको सिमाना नेपाल-भारतजस्तो खुला र एकअर्काको देशमा जान पासपोर्ट भिसा नचाहिने खालको छ । दुई देशको मित्रता केवल सरकारीस्तरमा मात्र होइन, जनस्तरमा देखिन्छ, जसलाई रोटी र बेटीको सम्बन्धको नाम दिइएको छ । यस्तो घनिष्ठ सम्बन्ध भएका छिमेकी प्रभावशाली देशले सरकारको नेतृत्व गरेको एक वर्षसम्म पनि ओलीलाई भ्रमणको निम्तो नदिनु राम्रो संकेत होइन । आखिर भारत ओलीसँग किन रिसाएको हो ? त्यसको विश्लेषण गर्नु जरुरी छ । यसमा ओलीका साथै देउवाले पनि अग्रसरता देखाउनुपर्छ । किनकि ओली सरकार असफल भए ओलीसँगै देउवा पनि बदनाम हुनेछन् । भारतले नेपालको विदेश सम्बन्धमा महत्त्वपूर्ण स्थान ओगट्छ । उसँगको सम्बन्ध तिक्त हुँदा बाहिर पनि राम्रो सन्देश जाँदैन ।

त्यसबाहेक यस सरकारले आफ्नो एक वर्षमा जनतामा आशा जगाउन सकेको छैन । आमजनतामा उत्साह जगाउन सके मात्र सरकार सफल भएको ठहर्छ । अहिलेको सरकार देशका दुई ठुला दलको संयुक्त सरकार हो । गर्न चाहेमा यस सरकारले नसक्ने काम विरलै होला ? तर, सुशानको नारा दिएर बनेको सरकारले मन्त्रीहरूको सम्पत्ति विवरणसमेत सार्वजनिक नगरेर सुशासनको धज्जी उडाइरहेको छ । मन्त्रीकै घुस लेनदेनको अडियो बाहिर आउँदासमेत सरकारले पर्याप्त रफ्तारमा तिनलाई बर्खास्त गर्न सकेको छैन ।

● **गोपाल देवकोटा**, जोरपाटी काठमाडौं

युद्धको क्षति लुकाउँदा लोकतन्त्रलाई क्षति

नेताहरू आफ्नै प्रोपगान्डामा विश्वास गर्न थालेका छन् र जोखिम नबुझी विनाशतर्फ अघि बढिरहेका छन्



देश/विदेश

● अशोक स्वैन

मे महिनामा एकअर्कासँगको भिडन्तपछि भारत र पाकिस्तान भाष्यको नियन्त्रणको प्रतिस्पर्धामा उत्रिए । पाकिस्तानले 'अपरेसन सिन्दुर'अन्तर्गत तीन रफालसहित पाँच भारतीय लडाकु विमान खसालेको दाबी गर्‍यो । र, रोयटर्स, सिएनएन र बिबिसी भेरिफाईले पाकिस्तानको दाबीलाई केही हदसम्म पुष्टि गरे । तर, भारतले हालसम्म क्षतिको कुनै स्पष्ट विवरण दिएको छैन । यस सम्बन्धमा सेनाका अधिकारीहरूबाट केही अस्पष्ट अभिव्यक्ति मात्र बाहिरिएको छ । भारतको मौनताले पाकिस्तानलाई भाष्य निर्माणमा अग्रता दिलायो । साथै, यसले जनताको सुसूचित हुने अधिकारलाई कमजोर बनायो, रणनीतिक मूल्यांकनलाई विकृत बनायो भने सैन्य सबकमा अवरोध पुर्‍यायो । भारतको मौनताले धेरै अड्कलबाजीलाई जन्म दियो : झारिएको रफाल एउटा थियो वा दुईवटा वा तीनवटा ?

भूउपग्रहीय निगरानी र खुला स्रोत सूचनाको युगमा युद्धका तथ्य लुकाउनु असम्भवजस्तै छ । तर, धेरै राष्ट्र अझै पनि आफ्नो क्षति ढाक्छन् । रुस, इजरायल र भारतले यही प्रवृत्ति देखाएका छन् । दृश्य नियन्त्रणको चाहनाले घरेलु मनोबल र राजनीतिक संरक्षण त दिन सक्छ, तर यसको असर दीर्घकालीन र गम्भीर हुन सक्छ । युक्रेन युद्धमा रुसको प्रोपगान्डा र यथार्थबिचको अन्तर झनै स्पष्ट देखियो । सन् २०२२ मा आक्रमण सुरु भएदेखि नै क्रेमलिनले योजनाअनुरूप नै प्रगति भएको दाबी गरिरह्यो, युक्रेनी प्रतिरोधलाई कमजोर देखाइरह्यो, र क्षतिको विवरण लुकाइरह्यो । तर, स्वतन्त्र स्रोतले हजारौं मृतक, कमजोर तयारी र नेतृत्व संकटको उजागर गरेको छ । कठोर सञ्चार नियन्त्रणका बाबजुद रुसी जनताले युद्धको यथार्थ बुझ्न थालेका छन् ।

इजरायलले पनि इरानको मिसाइल आक्रमणपछि सफलताको मात्र भाष्य प्रवाह गर्‍यो । अधिकांश मिसाइल रोकिएको र साझेदारी सशक्त भएको भनियो, तर स्वतन्त्र रिपोर्टिङले वास्तविक क्षति र घाइते वा मृतकको संख्या बढी देखायो । सरकारको आत्मविश्वासपूर्ण छविले कमजोरी ढाक्न प्रयास भयो, तर सफल भएन ।

भारतले पाकिस्तानसँगको पछिल्लो तनावमा पनि यही शैली अपनायो । कारबाही सफल भएको भनिए पनि क्षतिको स्वीकारोक्ति बाहिर आएन । तर, स्वतन्त्र स्रोतले दुवै पक्षले क्षति व्यहोरेको र कोही पनि स्पष्ट विजेता नभएको संकेत गरे । भारतको मौनताले सैन्य सुधारका लागि आवश्यक आत्मसमीक्षाको क्षमतामाथि प्रश्न उठाएको छ ।

युद्धमा असफलता लुकाउने प्रवृत्ति नयाँ होइन । भियतनाम युद्धमा पनि अमेरिकी सेनाले 'प्रगति भइरहेको छ' भन्दै प्रतिवेदन बुझाउँथ्यो । तर, सन् १९६८ को टेट आक्रमणपछि भाष्य र यथार्थबिचको अन्तर स्पष्ट भयो । 'विश्वसनीयताको खाडल'ले जनआस्था तोड्यो र युद्ध रणनीतिमा पुनर्मूल्यांकन गर्न बाध्य बनायो । सन् १९७३ को योम किपुर युद्धमा अप्रत्याशित आक्रमण भोगेका इजरायली फौजले प्रारम्भिक चरणमै ठुलो जनधन र भूभाग गुमायो । सुरुमा सरकारको सन्देश 'अन्ततः विजय प्राप्त भयो' भन्ने थियो । तर, घरेलु आक्रोश चर्किएपछि 'अग्रानत आयोग' गठन गरियो । आयोगले गुप्तचर र सैन्य रणनीतिमा भएका गम्भीर त्रुटि उजागर गर्‍यो । यही पीडादायी आत्मसमीक्षाले दशकौंसम्म इजरायली सेनामा सुधारको मार्गप्रशस्त गरेको छ ।

भारतको सन् १९६२ मा चीनसँग भएको युद्ध 'अस्वीकारको मूल्यबोध' गराउने अर्को उदाहरण हो । लज्जास्पद हारपछि भारतीय सत्ताले असफलता ढाक्न खोज्यो । रासनपानी बन्दोबस्तीमा भएका विफलता र रणनीतिक त्रुटिका प्रतिवेदन लुकाइए र दबाइए । यसले संस्थागत सिकाइमा अवरोध निम्त्यायो । तिनै कमजोरीपछि फेरि चीनसँगका अन्य सीमा संघर्षमा दोहोरिए । वास्तवमा सैन्य संगठन तब मात्र बलियो बन्छन्, जब उनीहरू असफलताबाट सिक्न तयार हुन्छन् । प्रभावकारी युद्ध क्षमता इमानदार आत्ममूल्यांकनमा निर्भर हुन्छ । अर्थात्, के गलत भयो ? प्रणाली कहाँ चुक्यो ? कसरी सुधार गर्ने ? जस्ता प्रश्नको उत्तर खोज्न तयार हुनुपर्छ । तर, जब क्षति लुकाइन्छ सिकाइ प्रक्रिया नै अवरुद्ध हुन्छ । यसले क्षमतामा देखिएको भ्रम, झुटा आत्मविश्वास र रणनीतिक जडता निम्त्याउँछ ।



तस्बिरः निहारिका कुलकर्णी/एएफपी

लोकतन्त्र कमजोर हुने आधार : यो प्रवृत्तिका राजनीतिक असर गम्भीर छन् । लोकतान्त्रिक समाजमा सैन्य क्षति लुकाउँदा नागरिक नियन्त्रण र जनविश्वास कमजोर हुन्छ । नागरिकले आफ्नो नाममा लडिएको युद्धको सत्य विवरण जान्न पाउने हक राख्छन् । अधिनायकवादी सत्तामा यो प्रवृत्ति अझ खतरनाक हुन्छ, जहाँ सार्वजनिक निगरानीको अभावले गलत रणनीति ज्युँका त्युँ रहन्छ र असन्तोष दबाइन्छन् । नतिजा सेना पटक-पटक उही गल्ती दोहोर्‍याउँछ । रणनीतिक हिसाबले पनि 'केही गलत भएन' भन्ने ढोंगले प्रत्युत्पादक असर पार्छ । शत्रुहरूले भग्नावशेष विश्लेषण, सञ्चार निगरानी र सैन्य गतिविधिको ट्र्याकिङ गर्छन् । जब सार्वजनिक भाष्य यथार्थसँग मेल खाँदैन राष्ट्रले विश्वसनीयता गुमाउँछ र यही विश्वसनीयता नै वास्तवमा मुलुकको प्रतिरोधी शक्तिको आधार हो । थप खतरनाक कुरा के हो भने, नेताहरू आफैंले बनाएको प्रोपगान्डामा विश्वास गर्न थालेका छन् उनीहरूले जोखिम नबुझी विनाशतर्फ कदम चालिरहेका छन् ।

सैन्य कारबाहीमा गोपनीयता आवश्यक भए पनि कारबाही रोकिँदा पारदर्शिता अनिवार्य हुन्छ । यसले स्वतन्त्र समीक्षा, अग्रपंक्तिका सैनिकको अनुभव सुन्ने, निष्कर्ष सार्वजनिक गर्ने र सेनामा इमानदारीको संस्कार विकास गर्ने माग गर्छ । जुन राष्ट्र युद्धपछि बलियो रूपमा उदाएको छ त्यो असफलतालाई बोझ नभई सिकाइ मान्छन् । युद्धमा केवल हतियार मात्र नभई राष्ट्रका संस्थाको लचिलोपन र सामर्थ्यको पनि परीक्षा हुन्छ । गल्ती स्विकार्ने, सुधार्ने क्षमता नै परिपक्व राष्ट्रको पहिचान हो । अस्थिर छिमेक भएको भारत, बहुआघातको सामना गरिरहेको इजरायल, वा दीर्घकालीन द्वन्द्वमा अल्झिएको रुसजस्ता राष्ट्रका लागि 'अजेयताको भ्रम' शक्ति नभई धोका हो । साँचो सुरक्षा अस्वीकृतिमा नभई सत्य स्विकार्न सक्ने साहसबाट प्राप्त हुन्छ ।

(स्वैन उप्सला विश्वविद्यालयका शान्ति एवं द्वन्द्वका प्राध्यापक हुन् ।)

स्क्रोलबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

शान्तिपूर्ण राजनीतिमा पिकेके

हतियार बिसाएर मूलधारको राजनीतिमा फर्किने सशस्त्र कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके)को तयारीलाई टर्किएका राजनीतिक दलहरूले सावधानीपूर्वक स्वागत गरेका छन्

‘हामीले हाम्रा हतियार नष्ट गरेका छौँ,’ हालै एक लडाकु समूहको भेलालाई सम्बोधन गर्दै कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके)का वरिष्ठ नेता बेसे होजातले भने। गत शुक्रबार उत्तरी इराकी सहर सुलेमानियाहमा खिचिएको एउटा भिडियो फुटेजमा लडाकुहरूको ठुलो जत्था देखाइएको छ। तिनीहरूमध्ये लगभग ३० जनाले आफ्ना हतियार एउटा कन्टेनरभित्र राखेर आगो लगाएका देखिन्छन्।


समारोह प्रतीकात्मक हुन सक्छ, तर यसले टर्किएको हालको राजनीतिक इतिहासको सबैभन्दा परिणाममुखी अवधिमध्ये एकलाई दर्साउँछ। समारोहले इसारा र सन्देशको सावधानीपूर्वक योजनाबद्ध अनुक्रमलाई समेट्नुका साथै दुवै पक्ष प्रतीकात्मक रूपमा मात्र समन्वय गरिरहेका छैनन् बरु सशस्त्र द्वन्द्वबाट राजनीतिक संवादमा रूपान्तरण गर्ने आफ्नो उद्देश्यमा पंक्तिबद्ध छन् भन्ने कुरालाई देखाइरहेको छ।

समारोहको तयारीको कोरियोग्राफी उल्लेखनीय सटिकताका साथ प्रस्तुत भएको थियो, जसले राजनीतिक समन्वय र अनुमान गरिएको संयमता दुवै प्रकट गर्‍यो। पिकेके र टर्किएबिच पारस्परिक मान्यताविना यस्तो पंक्तिबद्धता असम्भव हुने थियो। जुलाई ७ मा टर्किएका राष्ट्रपति रेसेप तैयप एर्दोगानले चार महिनामा दोस्रोपटक आफ्नो देशको कुर्द समर्थक डिइएम पार्टी प्रतिनिधिमण्डललाई स्वागत गरेका थिए। बैठकपछि मुस्कानसहितको सामूहिक तस्बिर व्यापक रूपमा प्रसारित भयो, जसले संवादको सामान्यीकरण र उच्चतम स्तरमा प्रक्रियाको प्रतीकात्मक अनुमोदन दुवैलाई संकेत गर्दछ।

त्यसको दुई दिनपछि जुलाई ९ मा जेलमा रहेका पिकेके नेता मुहमद ओकालान पिकेकेसम्बद्ध मिडिया आउटलेट एएनएफले जारी गरेको सात मिनेट लामो भिडियोमा देखापरे। उनी २६ वर्षमा पहिलोपटक सार्वजनिक रूपमा देखिएका थिए। उनको उपस्थितिले एक सरल, तर ऐतिहासिक सन्देश बोकेको थियो : हतियारको युग समाप्त भएको छ।

भिडियोमा ओकालनले आन्दोलनको मूल उद्देश्य कुर्दिश पहिचानको मान्यताप्राप्त भएको र राजनीतिक संलग्नताले अब सशस्त्र प्रतिरोधलाई प्रतिस्थापन गर्नुपर्ने कुरामा जोड दिए। सन्देशले सर्वसाधारण र पिकेकेलाई उत्तिकै महत्त्व राख्थ्यो।

अन्तमा, जुलाई १३ मा एर्दोगानले सत्तारूढ एके पार्टीको भेलालाई सम्बोधन गर्ने क्रममा निशस्त्रीकरण प्रक्रियाप्रति आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दै यसको कानुनी ढाँचालाई सम्बोधन गर्न संसदीय आयोग स्थापना गरिने घोषणा गरे। उनको सन्देशले ठुलो संख्यामा रहेका मानिस विशेष गरी उनका समर्थकहरूलाई यो प्रक्रियाले राष्ट्रिय एकतालाई बलियो बनाउँनेछ र टर्किएका सबै नागरिकलाई फाइदा पुर्‍याउनेछ भन्ने कुरामा आश्वस्त पार्ने उद्देश्य राखेको थियो, चाहे तिनीहरूको जातीयता जेसुकै होस्।



● ओजगे जेन्क

जेन्क मिडिल इस्ट काउन्सिल अन ग्लोबल अफेयर्सकी अतिथि फेलो हुन्।

> सन् १९७८ मा स्थापना भएदेखि यो समूहले कुर्दहरूको स्वायत्तता र अधिकारको माग गर्दै टर्किए राज्यविरुद्ध लामो सशस्त्र संघर्ष गर्दै आएको छ। तर, दशकौँको विद्रोहपछि क्षेत्रीय परिदृश्य परिवर्तन भएको छ।



● सशस्त्र संघर्षदेखि शान्तिपूर्ण राजनीतिक यात्रा

ओकालनको दुर्लभ भिडियो सन्देशले आफ्ना कुर्दिश समर्थकलाई यो हार होइन, बरु पुनर्मूल्यांकन हो भनेर आश्वस्त पार्ने उद्देश्य राखेको थियो। सशस्त्र संघर्षबाट शान्तिपूर्ण राजनीतिक यात्रा। सन्देशलाई सावधानीपूर्वक मूल्यांकन गरिएको थियो र विजयवादलाई हटाइएको थियो। सन्देशले विगतलाई महिमाको प्रस्तुत गर्नुको सट्टा पुनः परिभाषित गर्न खोजेको देखिन्थ्यो।

हतियार जलाउने समारोहको मर्यादित स्वरले पिकेके र राज्य दुवैको सहअस्तित्वलाई स्वीकार गरेको छ। यसले पिकेकेको संघर्षका लागि बलिदान दिनेहरूलाई (कार्यकर्ता, जेल वा निर्वासनमा रहेका राजनीतिज्ञ, र बेपत्ता पारिएकाहरूका परिवारहरूलाई) अलग गरेन। बरु, यसले उनीहरूको आवाज सुनिएको संकेत गर्‍यो।

वर्षौंदेखि एक्लोपनमा बिताएका भए पनि ओकालनका शब्दले अझै पनि महत्त्व राख्छ। उनको प्रतीकात्मक विज्ञताको कारणले मात्र होइन, बरु उनको सन्देशले धेरै कुर्दहरूले अहिले खोजेको कुरालाई प्रतिबिम्बित गर्दछः सहिदविनाको सम्मान, हिंसाविनाको आवाज र सशस्त्र संघर्षभन्दा बाहिरको भविष्य।

राज्यको अभिप्रायमा लामो समयदेखि शंका गर्नेहरूमा पनि निशस्त्रीकरणका लागि सार्वजनिक समर्थन बढ्दै गएको छ। ९० प्रतिशतभन्दा बढी डिइएम मतदाताका साथै टर्किएमा कुर्द वा जाजा (कुर्दिसछेउछाउको अल्पसंख्यक समूह)ले पनि हतियार बिसाउने प्रक्रियालाई समर्थन गरेका हालैका सर्वेक्षणहरूले देखाएका छन्। पिकेकेले पूर्ण रूपमा निशस्त्रीकरण गर्नेछ भन्ने विश्वास पनि औसतभन्दा उल्लेखनीय रूपमा उच्च छ। पिकेकेको निशस्त्रीकरण गर्ने निर्णय प्रस्थान होइन, बरु पुनर्संरचना हो। सन् १९७८ मा स्थापना भएदेखि यो समूहले कुर्दहरूका लागि स्वायत्तता र अधिकारको माग गर्दै टर्की राज्यविरुद्ध लामो सशस्त्र संघर्ष गर्दै आएको छ। तर, दशकौँको विद्रोहपछि क्षेत्रीय परिदृश्य परिवर्तन भएको छ। उत्तरी इराक र सिरियामा पिकेकेको सञ्चालन क्षेत्रमा परिवर्तन भएको छ। पिकेकेसँग सम्बन्धित एक प्रमुख समूह सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ) उत्तरपूर्वी सिरियामा सक्रिय रहेको छ।

इरानको कमजोर हुँदै गएको क्षेत्रीय प्रभाव, टर्कीको निरन्तर सैन्य दबाब र स्थिर टर्किएका लागि पश्चिमी खेलाडी बिचको शान्त तर बढ्दो प्राथमिकताले पिकेके समूहको रणनीतिक गणनालाई पुनः आकार दिन योगदान पुर्‍याएको छ।

यस पृष्ठभूमिमा टर्किएमा निशस्त्र र राजनीतिक रूपमा संलग्न कुर्दिश आन्दोलन कुनै पृथक् विसंगति होइन। यस सन्दर्भमा पिकेकेले युद्धभूमि छोडेर राजनीतिक क्षेत्रमा प्रवेश गर्ने छनोट गरेको छ। ओकालनले जुलाई ९ को आफ्नो सन्देशमा भनेका छन्, ‘म हतियारको बलमा होइन, शान्तिको बलमा विश्वास गर्छु।’

हतियार जलाउने समारोह निशस्त्रीकरण प्रक्रियाको अन्त्य होइन। टर्कीको संसदीय आयोगले टर्किएमा नागरिक र राजनीतिक जीवनमा पिकेके लडाकुको पुनः एकीकरणका लागि सर्त परिभाषित गर्ने अपेक्षा गरिएको छ। त्यस्तै, टर्कीको सशस्त्र बल र गुप्तचर एजेन्सीसहितो प्रमाणीकरण संयन्त्रले निशस्त्रीकरणको निगरानी गर्नेछ र थप कदम निर्देशित गर्न प्रतिवेदन जारी गर्नेछ। पिकेकेका वरिष्ठ नेता होजातले समारोहलाई राजनीतिक कोसेढुंगाको रूपमा प्रस्तुत गरे र टर्कीमा कुर्दिशहरूको प्रमुख केन्द्र अमेद दियारबाकिरे, अंकारा र इस्तानबुलमा लोकतान्त्रिक राजनीतिको अग्रगामी बन्ने लक्ष्य व्यक्त गर्दै नागरिक राजनीतिमा प्रवेश गर्ने समूहको महत्त्वाकांक्षालाई पुनः पुष्टि गरे।

तैपनि, यो संक्रमण सामाजिक तथा राजनीतिक रूपमा व्यावहारिक हुन विश्वसनीय सुनिश्चिततामा निर्भर रहन्छ। र, टर्कीमा नागरिक समाज समूह र मानवीय संस्थाले पूर्ण निशस्त्रीकरणको आगामी चरणमा सक्रिय भूमिका खेल्ने सम्भावना छ।

● टर्किएको राजनीतिक सहयोग

टर्किएमा राजनीतिक परिदृश्यबाट पिकेकेसँगको शान्ति प्रक्रियाका लागि व्यापक समर्थन छ। किनभने यो प्रक्रियाले गहिरो ध्रुवीकृत शासनलाई पुनर्स्थापित गर्ने मौका प्रदान गरेर लगभग सबै राजनीतिक पक्षलाई फाइदा पुर्‍याउँछ।

हालैका वर्षहरूमा ‘अतिवाद’ आरोपको व्यापक रूपमा प्रयोग गरिएसँगै विपक्षी रिपब्लिकन पिपुल्स पार्टी (सिएचपी)का सदस्य पनि कानुनी समस्यामा फसेका छन्। यस सन्दर्भमा, ओजगुर ओजेल र एक्रेम इमामोग्लुजस्ता पार्टी नेताहरूसहित धेरैलाई तनाव कम गर्न सक्छ, यद्यपि धेरैजना एकेके पार्टीको मनसायबाट सतर्क छन्।

विभिन्न राजनीतिक परम्पराबाट आएका भए तापनि टर्किएका अन्य राजनीतिक दलहरूले पनि समर्थन जनाएका छन्। डिइएम पार्टी अवश्य पनि वार्ताको केन्द्रीय भूमिकामा छ। यो उल्लेखनीय छ डिइएम पार्टीको सबैभन्दा बढी विरोध गर्ने र कुर्दिश राष्ट्रवादी समूहसँगको कुनै पनि सम्बन्धको कट्टर विरोधी गर्ने राष्ट्रवादी आन्दोलन पार्टीले पनि सार्वजनिक रूपमा प्रक्रियालाई समर्थन गरेको छ।

अनि एके पार्टीले आफ्ना केही केन्द्रीय व्यक्तित्वमार्फत शान्ति प्रक्रियालाई अगाडि बढाएको छ, जसमा पूर्वगृहमन्त्री र एर्दोगानका सबैभन्दा विश्वसनीय राजनीतिक सहयोगीहरूमध्ये एक एफकान अला पनि समावेश छन्। एर्दोगानले व्यक्तिगत रूपमा पिकेकेसँगको शान्ति स्थापनाको बहसलाई सामान्य बनाउने कार्यमा लागेका छन्। तैपनि, पार्टीका सबैजना यसमा सहमत नहुन सक्छन्। पिकेकेसँग वर्षौंको द्वन्द्व र समूहबाट आक्रमण, सुरक्षात्मक बयानबाजी, डिइएमसम्बद्ध नेताहरूको अपराधीकरणले आन्तरिक आशंका बढाएको छ। त्यो स्थितिबाट टाढा जानु सजिलो छैन।

गत बुधबार कुर्दिश मिडिया आउटलेट रुडावसँगको एक अन्तर्वार्तामा बोल्दै डिइएमका सहअध्यक्ष टन्सर बाकिरहानले संस्थागत कार्यद्वारा प्रतीकात्मक इसारा पछ्याउनुपर्ने कुरामा जोड दिए। ‘हामीले हाम्रा प्रस्ताव संसद्का सभामुखलाई बुझाएका छौँ,’ उनले भने, ‘तर स्पष्टता हुनुपर्छः निशस्त्रीकरण गर्नेहरूलाई के हुन्छ ? तिनीहरू कहाँ जान्छन्? तिनीहरूलाई कस्तो सुरक्षा हुनेछ ? यी तुच्छ कुरा होइनन्; तिनीहरू विश्वसनीय शान्तिको जग हुन्।’

निशस्त्रीकरण मात्र पर्याप्त छैन भन्ने कुरा औँल्याउनु सही छ, यो केवल सुरुवाती विन्दु हो। वास्तविक प्रश्न यो हो कि अब के हुन्छ।

अलजजिराबाट

इतिहासमा आज — जुलाई २१



सन् १९६९ : निल आर्मस्ट्रङ चन्द्रमामा पहिलोपटक हिँडेका थिए। अन्तरिक्षयान एपोलो ११ अवतरण गरेको करिब सात घण्टापछि उनले चन्द्रमाको सतहमा पाइला टेकेका थिए।

सन् १८९९ : प्रसिद्ध अमेरिकी उपन्यासकार, कथाकार र पत्रकार अर्नेस्ट हेमिङ्वेको जन्म। ‘द वर्ल्ड मेन एन्ड द सी’ उनको प्रख्यात कृतिमध्ये एक हो। उनको मृत्यु सन् १९६१ जुलाईमा भएको थियो।

सन् १९१९ : ब्रिटिसको हाउस अफ लर्डद्वारा भर्सेलिज सन्धि अनुमोदन। पहिलो विश्वयुद्ध अन्त्य गर्ने यस सन्धिको मस्यौदा पेरिस शान्ति सम्मेलनमा तय गरिएको थियो। ठुला चार शक्तिराष्ट्र बेलायत, फ्रान्स, इटली र अमेरिकाले सन्धिको खाका तयार गरेका थिए।


सन् १९७७ : लिबिया र इजिप्टबिचको युद्ध सुरु। लिबियाले इजिप्टका सहरमा हमला गरेसँगै दुई देशबिच छोटो युद्ध भएको थियो। युद्ध दुई दिनसम्म चलेको थियो।

विश्व संक्षेप

युक्रेनी ड्रोन हमलापछि रुसमा हवाई सेवा अवरुद्ध

किभ/ रुसमा लगातार भएको युक्रेनी ड्रोन आक्रमणका कारण मस्कोका प्रमुख विमानस्थल अस्थायी रूपमा बन्द भएका छन्। युक्रेनी हमलापछि कम्तीमा १४० उडान रद्द गरिएका छन्। रुसको उड्डयन निगरानीकर्ताका अनुसार, राजधानीमा सेवा गर्ने चार प्रमुख विमानस्थल अवरुद्ध भएका छन् र १३० भन्दा बढी उडानलाई पनि पुनः निर्देशित गर्नुपरेको छ। त्यसपछि सबैले सामान्य सञ्चालन पुनः सुरु गरेका छन्। यसैबिच राति युक्रेनमा रुसी हवाई आक्रमणमा कम्तीमा तीनजनाको मृत्यु भएको छ। यसअघि युक्रेनको ओडेसा सहरमा रुसले ड्रोन हमला गरेको थियो। ओडेसाका मेयर गेन्नाडी ट्रुखानोभका अनुसार २० भन्दा बढी ड्रोन विभिन्न दिशाबाट सहरमा प्रवेश गरेका थिए, जसका कारण केही नागरिक संरचनामा क्षति पुगेको र एउटा आवासीय भवनमा आगलागीसमेत भएको थियो। स्थानीय आपत्कालीन सेवाले उद्धार कार्यमा पाँचजनालाई जलेको भवनबाट सुरक्षित रूपमा उद्धार गरेको भए पनि तीमध्ये तीनजनाको मृत्यु भएको पुष्टि भएको छ। ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण ओडेसा सहर हाल युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत रहेको र पछिल्ला समयमा बारम्बार आक्रमणको सिकार हुँदै आएको उल्लेख छ।

निर्वाचन प्रणालीको माग गर्दै बंगलादेशको ठुलो पार्टी सडकमा



ढाका/ निर्वाचन प्रणालीको पुनर्गठनको माग गर्दै बंगलादेशको सबैभन्दा ठुलो इस्लामिक पार्टी जमात-ए-इस्लामीका लाखौँ समर्थकले राजधानी ढाकामा सरकारविरुद्ध प्रदर्शन गरेका छन्। पूर्वप्रधानमन्त्री शेख हसिनाको पदच्युतपछि दक्षिण एसियाली राष्ट्रमा अर्को वर्ष चुनावमा जाने अपेक्षा गरिएको छ। जमात-ए-इस्लामीले मुहम्मद युनुसको नेतृत्वमा रहेको देशको अन्तरिम सरकारसमक्ष स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण चुनाव, सबै आमहत्याका लागि न्यायिक छानबिनलगायतका सातबुँदे माग राखेको छ। पार्टीले चुनावमा समानुपातिक प्रतिनिधित्व प्रणाली लागू गर्न चाहेको पनि जनाएको छ। त्यालीअघि जमात-ए-इस्लामीका हजारौँ समर्थकहरूले ढाका विश्वविद्यालय क्याम्पसमा रात बिताए। प्रचण्ड गर्मीको सामना गर्दै प्रदर्शनकारीहरू ऐतिहासिकस्थल सुहरावर्दी उद्यानतर्फ ओइरिए, जहाँ डिसेम्बर १६, १९७१ मा पाकिस्तानी सेनाले भारत र बंगलादेशको संयुक्त सेनासमक्ष आत्मसमर्पण गरेको थियो र नौ महिना लामो युद्धको अन्त्य भएको थियो। ‘हामी यहाँ नयाँ बंगलादेशका लागि छौँ, जहाँ इस्लाम शासनको मार्गदर्शक सिद्धान्त हुनेछ र असल मानिसले देशमा शासन गर्नेछन्,’ ४० वर्षीय इकबाल हुसेनले भने। केही प्रदर्शनकारीले पार्टीको लोगोअंकित टिसर्ट लगाएका थिए, अरूले पार्टीको नाम अंकित हेडब्यान्ड लगाएका थिए। प्रदर्शनमा २० देखि ३० वर्षका युवाहरू सहभागी थिए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८२/०४/०५

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाईनान्स लिमिटेड) को शाखा कार्यालय, राजविराज सप्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ,ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले राजन किराना एण्ड जेनरल स्टोर पसलको हकमा मिति २०८२/०१/१२ मा “कारोबार” राष्ट्रिय दैनिक पत्रिकामा, चन्द्रशेखर साहको हकमा मिति २०८२/०२/०७ मा “नया पत्रिका” राष्ट्रिय दैनिक पत्रिकामा र गजराज तातेडको हकमा मिति २०८२/०२/२७ मा “आर्थिक” राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) औ दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजविराज दिनको ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा
ऋणीको नाम : राजन किराना एण्ड जेनरल स्टोर पसल
रजिष्टर्ड ठेगाना : बोदे बर्साइन नपा. वडा नं.०७, सप्तरी
रजिष्ट्रेसन नं. : ९३५७/०७८/०७९ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६१४६५१९३५

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : **शुशीला देवी यादव**, बुबा : सोमन यादव, पती : बासुदेव यादव, ससुरा : मोती लाल यादव, ठेगाना : बर्साइन गा.वि.स वडा नं. ०१, सप्तरी, हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, ना.प्र.नं. : ४७०५, जारी मिति : २०४५/०१/२८, जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
१. नाम : **बासुदेव यादव**, बुबा : मोती लाल यादव, बाजे : बेचु यादव, ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी, हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, ना.प्र.नं. : ६०७८२७२७, जारी मिति : २०४८/०४/२८, जि.प्र.का. : सप्तरी
२. नाम : **निरसा कुमारी**, बुबा : कन्त लाल यादव, पती : राजन कुमार यादव, ससुरा : बासुदेव यादव, ठेगाना : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, ना.प्र.नं. : १६-०६-७७-०२५६६, जारी मिति : २०७७/११/१४, जि.प्र.का. : सप्तरी
३. नाम : **कविता कुमारी यादव**, बुबा : अनिरुद्ध कुमार यादव, पती : भवेश कुमार यादव, ससुरा : बासुदेव यादव, ठेगाना : बोदे बर्साइन गा.वि.स वडा नं. ०३, सप्तरी, हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, ना.प्र.नं. : १६-०६-७७-०१३९२, जारी मिति : २०७७/०९/०५, जि.प्र.का. : सप्तरी
४. नाम : **भवेश कुमार यादव**, बुबा : बासुदेव यादव, बाजे : मोती लाल यादव, ठेगाना : मानराजा गा.विस वडा नं. ०८, सप्तरी, हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, ना.प्र.नं. : १६१११३/४३५, जारी मिति : २०६९/०४/११, जि.प्र.का. : सप्तरी
५. नाम : **राजन कुमार यादव**, बुबा : बासुदेव यादव, बाजे : मोती लाल यादव, ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी, हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी, ना.प्र.नं. : १६२११३/७६, जारी मिति : २०७३/१२/१७, जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण
१. धितो सुरक्षण धनीको नाम :- बासुदेव यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
सप्तरी	मानराजा	७	५३५	०-३-१५.२५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

२. कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना
नाम : **चन्द्रशेखर साह**, बुबा : बैधनाथ प्रसाद साह, बाजे : कुन्जी लाल साह, ठेगाना : रायपुर गाविस वडा नं. २, सप्तरी, हाल : रुपनी गा.पा. वडा नं. २, सप्तरी, ना.प्र.नं. : २७०८, जारी मिति : २०५४/११/०३, जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : **निलम साह**, बाबु : जमुना प्रसाद साह, पति : चन्द्र शेखर साह, ससुरा : बैधनाथ प्रसाद साह, ठेगाना : रायपुर गाविस वडा नं. २, सप्तरी, हाल : रुपनी गा.पा. वडा नं. २, सप्तरी, ना.प्र.नं. : १६८६, जारी मिति : २०६३/०८/२७, जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण
१. धितो सुरक्षण धनीको नाम :- चन्द्रशेखर साह

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
सप्तरी	नकटी रायपुर	२क	४११	०-५-३	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
सप्तरी	नकटी रायपुर	२क	६५९	०-१९-१७	
सप्तरी	नकटी रायपुर	२ख	१२	०-७-१३.५०	
सप्तरी	नकटी रायपुर	२ख	२००	०-७-१९	

३.कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा
ऋणीको नाम : गजराज तातेड
बुबा : भवर लाल तातेड, बाजे : केशरी चन्द्र तातेड, ठेगाना : राजविराज न.पा. वडा नं. ०४, सप्तरी, हाल : राजविराज न.पा. वडा नं. ०३, सप्तरी, ना.प्र.नं. : ७६०८०४४१६, जारी मिति : २०३४/१०/१८, जि.प्र.का. : सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : **सरला तातेड**, बुबा : पन्ना लाल सुराना, बाजे : भवर लाल तातेड, ठेगाना : राजविराज न.पा. वडा नं. ०४, सप्तरी, हाल : राजविराज न.पा. वडा नं. ०३, सप्तरी, ना.प्र.नं. : ३७४, जारी मिति : २०४६/०२/१३, जि.प्र.का. : सप्तरी
२. नाम : **प्रशान्त तातेड**, बुबा : हंसराज तातेड, बाजे : भवर लाल तातेड, ठेगाना : राजविराज न.पा. वडा नं. ०४, सप्तरी, हाल : राजविराज न.पा. वडा नं. ०३, सप्तरी, ना.प्र.नं. : ७२०८५०४६, जारी मिति : २०५१/०८/१५, जि.प्र.का. : सप्तरी
३. नाम : **मिलन तातेड**, बुबा : जतन लालजी बरडिया, पति : प्रशान्त तातेड, ससुरा : हंसराज तातेड, ठेगाना : राजविराज न.पा. वडा नं. ०४, सप्तरी, हाल : राजविराज न.पा. वडा नं. ०३, सप्तरी, ना.प्र.नं. : १६१००१/६१, जारी मिति : २०६५/०४/०२, जि.प्र.का. : सप्तरी
४. नाम : **राज कुमारी तातेड**, बुबा : सुरजमल दुगड, पति : हंसराज तातेड, ससुरा : भवर लाल तातेड, ठेगाना : राजविराज न.पा. वडा नं. ०४, सप्तरी, हाल : राजविराज न.पा. वडा नं. ०३, सप्तरी, ना.प्र.नं. : ७६०८४४११, जारी मिति : २०३५/१२/०८, जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण
१. धितो सुरक्षण धनीको नाम :- राज कुमारी तातेड

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
सप्तरी	कंचनपुर	६	४६	०-५-३	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय र राजविराज शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/०४/२० गते, मंगलबार
समय :- दिनको ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजविराज।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ५ साउन ०८२

सेयर कारोबार ११ महिनायताकै उच्च

२० अर्ब ९६ करोडको कारोबार, बैंक र बलियो कम्पनीको सेयरमा आकर्षण बढेकाले बजार स्थायित्वतर्फ उन्मुख रहेको विश्लेषण

सेयरमा उछाल

मौद्रिक नीतिमार्फत नियामकीय व्यवस्था खुकुलो बनाएर पुँजी बजारमैत्री नीति लिने सन्देश दिन राष्ट्र बैंकद्वारा १५ करोड रुपैयाँको सेयर धितो कर्जा प्रवाहको सीमा २५ करोडसम्म पुऱ्याएपछि लगानीकर्तामा उत्साह



आइतबार परिसूचक २९२२.८४ विन्दुमा पुगेर २८७०.९५ विन्दुमा बन्द



सबैभन्दा धेरै नेपाल पुनर्बिमाको ९८ करोड ५५ लाख रुपैयाँको कारोबार



बुटवल पावर कम्पनीको ६४ करोड २७ लाख रुपैयाँको दोस्रो धेरै कारोबार



उन्नति सहकार्य लघुवित्त र सान्भी इनर्जीको सेयर मूल्य १० प्रतिशतले सर्किट ब्रेक



४७ खर्ब ८७ अर्ब रुपैयाँ पुग्यो बजार पुँजीकरण, हालसम्मकै उच्च



विन्ध्यवासिनी हाइड्रोपावरको सेयर मूल्य ९.९५ प्रतिशतले बढ्यो

बैंक तथा वित्तीय संस्थाको ब्याजदर थप घटाउन मिल्ने गरी ब्याजदर करिडोरको सीमालाई पनि पुनरावलोकन गर्ने गरी मौद्रिक नीति आएकाले लगानीकर्तामा बढ्यो आत्मविश्वास

पवन तिमिल्सिना/नयाँ पत्रिका

आइतबार सेयर बजारमा ११ महिना तीन दिनयताकै उच्च सेयर कारोबार भएको छ। गत वर्ष २ भदौमा २८ अर्ब ८३ करोड रुपैयाँ कारोबार भएपछि ओरालो लागेको बजार झन्डै एक वर्षपछि बढेर आइतबार २० अर्ब ९६ करोड रुपैयाँ कारोबार भएको हो। यस क्रममा चार करोड आठ लाख कित्ता सेयर किनबेच भएको छ। सबैभन्दा धेरै नेपाल पुनर्बिमा कम्पनीको ९८ करोड ५५ लाख र दोस्रोमा बुटवल पावर कम्पनीको ६४ करोड २७ लाख रुपैयाँबराबरको सेयर कारोबार भएको नेप्सेले जनाएको छ।

राष्ट्र बैंकले चालू आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीति सार्वजनिक गर्ने क्रममा सेयर धितो कर्जामा नियामकीय व्यवस्था खुकुलो बनाएपछि सेयर बजारमा उत्साह बढेको छ। २७ असारमा राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले कार्यकालको पहिलो मौद्रिक नीति ल्याउँदै नियामकीय व्यवस्था खुकुलो बनाएर पुँजी बजारमैत्री नीति लिएको सन्देश दिएका थिए। उनले १५ करोड रुपैयाँको सेयर धितो कर्जा प्रवाहको सीमा बढाएर २५ करोड रुपैयाँ पुऱ्याएका थिए। त्यसबाहेक बैंक तथा वित्तीय संस्थाको ब्याजदर थप घटाउन मिल्ने गरी ब्याजदर करिडोरका सीमालाई पनि पुनरावलोकन गरेका थिए। यसको असर देखिन समय लाग्ने भए पनि संवेदनशील मानिने सेयर बजारले तत्काल प्रतिक्रिया जनाएको छ। मौद्रिक नीति सार्वजनिक भएको एक हप्ता बितेपछि आइतबारसम्म नौ दिनमा लगातार (३० असारमा बाहेक) बजार बढिरहेको छ। नेप्सेका अनुसार मौद्रिक नीति आएयता मात्रै बजार १३९.१५ अंकले बढेको छ।

गत वर्ष २ भदौमा तीन हजार विन्दुमा थियो नेप्से

झन्डै एक वर्षअगाडि नाफा बुक गरेर बाहिरिएका लगानीकर्ता फेरि बजारमा सक्रिय हुन थाले

११ महिना ६ दिनअघि बजार परिसूचक ३०००.८१ विन्दुको उचाइमा पुगेको थियो। त्यसपछि नाफा बुक गरेर बाहिरिएका लगानीकर्ताले लामो समय बजारमा सक्रियता देखाएका थिएनन्। आइतबार परिसूचक २९२२.८४ विन्दुमा पुगेर अन्तिममा २८७०.९५ विन्दुमा बन्द भएको थियो। यसले बजार परिसूचक तीन हजार विन्दुमा पुग्ने सम्भावनालाई संकेत गरेको देखिन्छ।

स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकालले साउनमा कारोबार सुरु भएयता संस्थागत लगानीकर्ताको पनि आकर्षण बढ्न थालेको बताए। उनले बजारमा संस्थागत लगानीकर्ताको बढ्दो उपस्थितिले नेप्सेको



वृद्धिदरलाई स्थायित्व दिने संकेत मिलेको उल्लेख गरे। उनले भने, 'चालू आर्थिक वर्षको मौद्रिक नीतिले सेयर धितो कर्जाको सीमा बढाइदियो। ब्याजदर पनि घटाइदिएको छ। यसले लगानीकर्तामा उत्साह बढाएको छ। खासगरी संस्थागत लगानीकर्ताको सक्रियता बढेकाले बजार स्थायी रूपमा अगाडि बढ्ने संकेत मिलेको छ। असारसम्म हिसाब मिलाउन सकस हुन्थ्यो। साउन लागेपछि संस्थागत लगानीकर्तालाई पनि लगानी गर्ने उपयुक्त अवसर हो।'

सेयर मूल्य पनि न्यून दरमा पुगेकाले धेरै लगानीकर्ताले सस्तो मूल्यमा सेयर किन्ने होडले बजारलाई उचालेको समेत उनको विश्लेषण छ। उनले भने, 'बैंकहरू र राम्रा कम्पनीहरू बढ्न थालेका छन्। अहिलेको वृद्धिदरले बजार स्थायित्वतर्फ उन्मुख हुने लक्षण देखिएको छ।'

अहिलेको वृद्धिले बजार स्थायित्वतर्फ उन्मुख हुने संकेत देखियो

● **सागर ढकाल**, अध्यक्ष, स्टक ब्रोकर एसोसिएसन अफ नेपाल



मौद्रिक नीतिले सेयर धितो कर्जाको सीमा बढाइदियो। ब्याजदर पनि घटाइदिएको छ। यस्तो व्यवस्थाले लगानीकर्तामा उत्साह बढेको छ। खासगरी संस्थागत लगानीकर्ताको सक्रियता बढेकाले बजार स्थायी रूपमा अगाडि बढ्ने संकेत मिलेको छ। असारसम्म हिसाब मिलाउन सकस हुन्थ्यो। साउन लागेपछि संस्थागत लगानीकर्तालाई पनि लगानी गर्ने उपयुक्त अवसर हो। सेयर मूल्य पनि न्यून दरमा पुगेको थियो। बैंकहरू र राम्रा कम्पनीहरू बढ्न थालेका छन्। अहिलेको वृद्धिदरले बजार स्थायित्वतर्फ उन्मुख हुने लक्षण देखिएको छ।

पाँच कम्पनीको सेयर मूल्यमा उच्च वृद्धि

पछिल्लो १३ दिनमा नेप्से १८७.०९ अंकले वृद्धि

आइतबारको कारोबारमा पाँच कम्पनीको सेयर मूल्यमा उच्च दरको वृद्धि भएको छ। उन्नति सहकार्य लघुवित्त र सान्भी इनर्जीको सेयर मूल्य प्रतिकित्ता १० प्रतिशतले बढेर सर्किट ब्रेकर नै लागेको छ। ट्रेड टावरको सेयर मूल्य र शिवश्री हाइड्रोपावरको सेयर मूल्य प्रतिकित्ता ९.९८ प्रतिशतले बढेको छ। त्यस्त, विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको सेयर मूल्य ९.९५ प्रतिशतले बढेको छ।

आइतबार बजार परिसूचकमा ठुलो उतारचढाव देखिए पनि अन्तिममा ०.३२ अंकको वृद्धिदरमा रोकिएको थियो। बैंकिङ समूहको परिसूचक १.३८ प्रतिशतले घटेको छ। विकास बैंक समूह ०.०८ प्रतिशत, फाइनान्स २.२६ प्रतिशत, जलविद्युत् समूह ०.४२ प्रतिशत, लगानी समूह ०.१६ प्रतिशत, लगानी तथा प्रशोधन समूह १.१२ प्रतिशत र लघुवित्त समूह ०.०२ प्रतिशतले घटेको छ। होटेल तथा पर्यटन समूह १.२४ प्रतिशत, जीवन बिमा समूह १.४ प्रतिशत, सामूहिक लगानी कोष ०.२५ प्रतिशत, निर्जीवन बिमा १.३७ प्रतिशत र अन्य समूह ३.३६ प्रतिशतले बढेको छ। बजार पुँजीकरण ४७ खर्ब ८७ अर्ब रुपैयाँ कायम भएको छ।

पछिल्लो १३ दिनको कारोबारमा नेप्से परिसूचक १८७.०९ अंकले बढेको छ। २४ असारमा २६८३.८६ विन्दुमा पुगेको बजार परिसूचक आइतबार २८७०.९५ विन्दुमा पुगेर रोकिएको हो।

आइतबारसम्म देशभर ७२.१४% मात्रै रोपाइँ

काठमाडौं/ साउन लागिसक्दा पनि देशभर रोपाइँमा उल्लेख्य प्रगति हुन सकेको छैन। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार आइतबारसम्म देशभर ७२.१४ प्रतिशत मात्रै रोपाइँ सकिएको छ। अन्नभण्डार मधेशमा सबैभन्दा कम रोपाइँ हुँदा समग्र रोपाइँमा असर परेको मन्त्रालयले जनाएको छ। त्यस्तै, कोशीमा समेत ६१.७९ प्रतिशत मात्रै रोपाइँ सकिएको छ। कोशीका झापा, मोरङ र सुनसरी धेरै धान उत्पादन हुने जिल्ला हुन्।

भुक्तानी सेवाप्रदायक संस्थाहरूको लाभांश वितरणमा कडाइ

सञ्चित मुनाफा र नेटवर्थ ऋणात्मक भएका भुक्तानी सेवाप्रदायकले लाभांश वितरण गर्न नपाउने



लाभांश वितरणका लागि तोकिएका पूर्वसर्त

- सञ्चित मुनाफा ऋणात्मक नरहेको
- मुनाफामा भएको वर्ष मात्रै वितरणयोग्य
- सेयर प्रिमियमबाट घोषणा गर्न नपाइने
- नेटवर्थ ऋणात्मक नरहेको
- राष्ट्र बैंकले कैफियत नदेखाएको हुनुपर्ने

■ लाभांश वितरणका लागि राष्ट्र बैंकको स्वीकृति लिन यी सर्तहरू पूरा गर्नुपर्छ

संस्थाको सञ्चित मुनाफाबाट लाभांश वितरण गर्ने स्वीकृतिका लागि सञ्चालक समितिको निर्णय, लेखा परीक्षण भएको वित्तीय प्रतिवेदन तथा अघिल्लो आवको कर चुक्ता प्रमाणपत्र, कोषहरूमा रकम छुट्याइएको विवरण, संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजातसहित निवेदन पेस गर्दा ६ महिना व्यतीत नभएको), बैंक तथा वित्तीय संस्थामा भाका नाघेको कर्जा नभएको, तिर्न बाँकी कुनै पनि कर दायित्व नरहेको र प्रचलित कानुनी व्यवस्थाको पालना भएको हुने व्यहोरासहितको स्वघोषणा उल्लेख गर्नुपर्ने व्यवस्था राखिएको छ।

नयाँ पत्रिका

राष्ट्र बैंकले लाभांश वितरणसम्बन्धी मार्गदर्शन, २०८२ जारी गर्दै भुक्तानी सेवाप्रदायक संस्थाहरूको लाभांश वितरणमा कडाइ गरेको छ। भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाले आर्जन गरेको मुनाफाको बाँडफाँट तथा लाभांश वितरणसम्बन्धी व्यवस्थालाई पारदर्शी एवं व्यवस्थित बनाउने अभिप्रायले यो मार्गदर्शन जारी गरेको केन्द्रीय बैंकले जनाएको छ।

लाभांश वितरणका लागि यो मार्गदर्शनमा पूर्वसर्त निर्धारण गरिएको छ। संस्थाको वित्तीय अवस्था सबल हुनुपर्ने विषयलाई प्रमुख पूर्वसर्त राखिएको छ।

लाभांश घोषणा गर्दा सञ्चित मुनाफा ऋणात्मक नरहेको, मुनाफामा भएको वर्षको वित्तीय विवरणका आधारमा मात्र लाभांश घोषणा गर्नुपर्ने र सेयर प्रिमियमबाट नगद लाभांश घोषणा गर्न नपाइने व्यवस्था राखिएको छ। सेयर लाभांश वितरण गर्दा संस्थाको नेटवर्थ ऋणात्मक नरहेको हुनुपर्ने पूर्वसर्त पनि छ।

मार्गदर्शनको कार्यान्वयनबाट मुनाफा वितरणसम्बन्धी निर्णय गर्दा अपनाउनुपर्ने प्रक्रियालाई नियमन गर्ने केन्द्रीय बैंकको विश्वास

त्यस्तै, नगद लाभांश घोषणा गर्दा पर्याप्त नगद मौज्दात रहेको, संस्थाले उपभोग गरेको कर्जासँग सम्बन्धित सर्तहरूले लाभांश वितरण बन्देज नगरेको हुनुपर्ने उल्लेख छ। केन्द्रीय बैंकबाट भएको स्थलगत एवं गैरस्थलगत निरीक्षणका क्रममा वित्तीय दायित्व सिर्जना हुन सक्ने गम्भीर प्रकृतिका कैफियत रहेको अवस्था नरहेका संस्थालाई मात्रै लाभांश वितरण गर्न अनुमति दिने उल्लेख छ।

राष्ट्र बैंकले व्यवस्था गरेका कोषहरूमा रकम छुट्याई बाँकी रहेको सञ्चित मुनाफाबाट भने संस्थाहरूले लाभांश वितरण गर्न प्रस्ताव गर्न सक्ने व्यवस्था छ। लाभांश वितरणका लागि वित्तीय विवरण प्रकाशन गर्ने स्वीकृतिसँगै लाभांश प्रस्तावसमेत समावेश गरी केन्द्रीय बैंकको पूर्वस्वीकृति लिनुपर्नेछ।

भुक्तानी सेवाप्रदायक संस्थाले लाभांश वितरणसम्बन्धी नीति तर्जुमा गरी लागू गर्नुपर्ने पनि उल्लेख छ। यस्तो नीति संस्थाको सञ्चालक समितिबाट पारित भएको हुनुपर्नेछ। लाभांश नीतिमा नियामकीय पुँजी कायम गर्ने सम्बन्धमा संस्थाको योजना र प्राथमिकतासम्बन्धी विवरण, नगद तथा सेयर लाभांश वितरणसम्बन्धी नीति, जोखिम बहन कोष तथा जगेडा कोष उल्लेख गर्नुपर्नेछ। साथै भुक्तानी प्रणाली सञ्चालकले पूर्वाधार विकास कोषको समेत व्यवस्था गरी मुनाफाको निश्चित प्रतिशत रकम कोषमा जम्मा गर्ने व्यवस्था गर्नुपर्नेछ। यस्तो कोषको रकम संस्थाको पूर्वाधार विस्तारमा खर्च गर्न सकिने उल्लेख छ।

यो मार्गदर्शनको कार्यान्वयनबाट मुनाफा वितरणसम्बन्धी निर्णय गर्दा अपनाउनुपर्ने प्रक्रियालाई नियमन गर्ने केन्द्रीय बैंकको विश्वास छ। त्यस्तै, संस्थालाई नियामकीय पुँजी कायम गर्न आधार निर्माण हुने र कारोबारको निरन्तर अभिवृद्धि साथै जोखिम बहन गर्ने क्षमता विकासका लागि स्रोतको योजनाबद्ध व्यवस्थापनमा सहयोग पुग्ने मागदर्शनको उद्देश्य छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: ल्याब गुड्स सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: संजय कुमार कर्ण दर्ता नं.: वाणिज्य कार्यालय विराटनगर, मोरङमा, प्रा.फ.र.नं. २९३७१/०७३/७४, दर्ता मिति: २०७४/०१/२८, ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ९
	२) ऋणी: संजय कुमार कर्ण, स्थायी ठेगाना: सुनसरी जिल्ला, देवानगञ्ज गा.वि.स. वडा नं. १, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ११, बाबु: अरुण कुमार कर्ण, बाजे: देव सुन्दर लाल कर्ण
२)	**१) ऋणी फर्म: बर्षा एकिकृत कृषि फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: बर्षा सुनार दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) मा प्रा.फ.दर्ता नं. २४७/०७९/०८०, दर्ता मिति: २०७९/०८/११, ठेगाना: जिल्ला नवलपरासी, सुनवल न.पा. वडा नं.१३
	२) ऋणी फर्म: गुल्मेली सन्देश सुनचाँदी पसल, प्रोप्राईटर तथा जमानीकर्ता: ज्ञान बहादुर सुनार दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं:३२२/११८०७/०७५/०७६, दर्ता मिति: २०७५/०५/२८, ठेगाना: जिल्ला नवलपरासी, सुनवल न.पा. वडा नं. १२
	३) ऋणी: ज्ञान बहादुर सुनार स्थायी ठेगाना: नवलपरासी जिल्ला, रामनगर गा.पं. वडा नं.२, हालको ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं.१३, बाबु: मान सिहं सुनार, बाजे: हरीलाल सुनार
३)	**१) ऋणी फर्म: चुनिक फर्निसिङ्ग सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: कमला न्यौपाने ढुंगाना दर्ता नं.: वाणिज्य कार्यालय रुपन्देहीमा प्रा.फ.र.नं.: २५२४७/०६७, दर्ता मिति: २०६७/०६/१७, ठेगाना: जिल्ला रुपन्देही, देवदह गा.वि.स. वडा नं. ४
	२) ऋणी कम्पनी: सौगात स: मिल एण्ड फर्निचर उद्योग प्रा.लि., संचालक तथा जमानीकर्ता: सन्दिप ढुंगाना दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं.: २३२४३९/०७७/०७८, दर्ता मिति: २०७७/०४/१६, ठेगाना: जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ७
	३) ऋणी फर्म: सौगात काठ सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: सन्दिप ढुंगाना दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं.: ४५१३४/०७६/०७७, दर्ता मिति: २०७६/०५/२०, ठेगाना: जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ६
	४) ऋणी: कमला न्यौपाने ढुंगाना स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ७, हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७, बाबु: शिव प्रसाद न्यौपाने, ससुरा: तारा प्रसाद ढुंगाना, पति: सन्दिप ढुंगाना
४)	**१) ऋणी कम्पनी: बिस्मारठिज इन्टरनेशनल प्रा.लि.**, संचालक तथा जमानीकर्ता: विमला राई दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: २५३३३५/०७७/०७८, दर्ता मिति २०७७/१०/०७, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. २६
	२) ऋणी: विमला राई स्थायी ठेगाना: खोटाङ जिल्ला, दिप्पुङ चुइचुम्मा गा.पा. वडा नं. १, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २६, बाबु: उत्तर बहादुर राई, ससुरा: जर धन राई, पति: लोक मुनी राई
५)	**ऋणी कम्पनी: बिबेक एण्ड हेम मल्टि पर्पोज एग्रो फार्म प्रा. लि.**, संचालक तथा जमानीकर्ताहरु: १) हेम बहादुर तमाङ २) विवेक तमाङ दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २८५५८९/०७८/०७९, दर्ता मिति: २०७८/११/२०, ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. २३
६)	**ऋणी कम्पनी : ओम भैरवी माँ सप्लायर्स प्रा.लि.** संचालक तथा जमानीकर्ता: रोम बहादुर श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: १५३५८९/०७३/०७४, दर्ता मिति २०७३/०४/२५, ठेगाना: जिल्ला काठमाडौं, नागार्जुन न.पा. वडा नं. १

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालक को परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

दुई सय मेगावाटसम्मका जलविद्युत्को इआइए नगर्ने प्रस्ताव

ऊर्जा मन्त्रालयको प्रस्तावमा निर्णय गर्न वन मन्त्रालयले गठन गऱ्यो विज्ञ समिति


मिलन विश्वकर्मा/नयाँ पत्रिका

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले दुई सय मेगावाटसम्मका जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्नुनपर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई प्रस्ताव गरेको छ।

ऊर्जा मन्त्रालयले पहिलेदेखि नै मौखिक रूपमा गर्दै आएको सो प्रस्ताव लिखित रूपमा पठाए पनि वन मन्त्रालयले परामर्श लिएर निर्णय लिन विज्ञ समिति गठन गर्दैछ। ऊर्जा मन्त्रालयका प्रवक्ता सागरराज गौतमले दुई सय मेगावाटसम्मका जलविद्युत् परियोजनाको इआइए गर्नुनपर्ने व्यवस्था गर्न वन मन्त्रालयलाई प्रस्ताव गरेको बताए।

'वातावरण संरक्षण नियमावली, २०७७ मा ५० मेगावाटसम्मको परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन गर्नुनपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण मात्रै गरे पुग्ने व्यवस्था छ। त्यसको सीमा दुई सय मेगावाटसम्म पुऱ्याउन प्रस्ताव गरिएको हो,' उनले भने, 'यसमा अब सोही मन्त्रालयबाट नै उचित निर्णय आउनेछ भन्ने विश्वास छ।'

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची २ मा ५० मेगावाटसम्मका जलविद्युत् परियोजनाले प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) मात्रै गरे हुने व्यवस्था छ। ५० मेगावाटभन्दा ठुला जलविद्युत् आयोजनाले भने वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्नुपर्ने व्यवस्था उक्त नियमावलीको अनुसूची ३ मा छ। सोही नियमावली संशोधन गरेर दुई सय मेगावाटसम्मका जलविद्युत् परियोजनाको आइइई मात्रै गर्नुपर्ने व्यवस्था राख्न ऊर्जा मन्त्रालयबाट प्रस्ताव गरिएको हो।



ऊर्जा मन्त्रालयका प्रवक्ता सागरराज गौतम भन्छन्-



वातावरण संरक्षण नियमावली, २०७७ मा ५० मेगावाटसम्मको परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन गर्नुनपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण मात्रै गरे पुग्ने व्यवस्था छ। त्यसको सीमा दुई सय मेगावाटसम्म पुऱ्याउन प्रस्ताव गरिएको हो। यसमा अब सोही मन्त्रालयबाट नै उचित निर्णय आउनेछ भन्ने विश्वास छ।

अहिले जलविद्युत् परियोजनालाई इआइए गर्दा धेरै समय लाग्ने गरेको छ। त्यसमाथि वन तथा वातावरण मन्त्रालयबाट यस्तो प्रतिवेदन स्वीकृति हुन पनि ढिलाइ हुने गरेको छ। त्यसले जलविद्युत् परियोजनाको निर्माण अवधि पनि लम्बिने गरेको गुनासो प्रवर्द्धकको छ।

हाल विद्युत्को जडित क्षमता ३८ सय मेगावाट हाराहारी छ। सन् ०३५ सम्म साढे २८ हजार मेगावाट पुऱ्याउने सरकारी लक्ष्य छ। उत्पादन वृद्धि गर्ने लक्ष्यलाई सहयोग पुग्ने गरी यस्तो प्रस्ताव गरिएको ऊर्जा मन्त्रालयको भनाइ छ।

अहिले सरकार र निजी क्षेत्रले पहिचान गरेर अघि बढाएका मध्ये अधिकांश जलविद्युत् परियोजना दुई सय मेगावाट हाराहारीका छन्। त्यो अवस्थामा यो नीति उपयुक्त हुने स्रोतको भनाइ छ।

ऊर्जाले मौजुदा नियमावली नै संशोधन गर्नुपर्ने प्रस्ताव गरेपछि वनले परामर्शका लागि विज्ञ समिति गठन गर्न लागेको छ। 'दुई सय मेगावाटको आयोजना ठुलै हुन्छ। त्यसले पक्कै पनि वातावरणमा असर गर्छ। त्यो अवस्थामा यो प्रस्तावमा सीधै निर्णय गर्न सकिँदैन। तसर्थ, यसबारे अध्ययन गर्न एक विज्ञ समिति गठन गर्ने तयारी छ,' स्रोतले भन्यो, 'त्यो विज्ञ समितिले तयार गर्ने प्रतिवेदनका आधारमा यसबारे उचित निर्णय गरिनेछ।'

मञ्जुश्री फाइनान्सको न्युरोड शाखा स्थानान्तरण

काठमाडौं/ मञ्जुश्री फाइनान्सको न्युरोड शाखा स्थानान्तरण भएको छ। हाल काठमाडौं महानगरपालिका-२२, खिचापोखरी, न्युरोडमा रहेको शाखा आइतबारदेखि हालकै स्थानबाट ५० मिटर उत्तरतर्फ स्थानान्तरण भएको फाइनान्सले जनाएको छ। साथै, नयाँ ठाउँमा वित्तीय सेवा प्रवाहसमेत सुरु भइसकेको छ। स्थानान्तरित शाखाको उद्घाटन फाइनान्सका सञ्चालक समितिका अधक्ष्य सुमनप्रसाद अधिकारीले गरे।

नबिलले पायो उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड



काठमाडौं/ नबिल बैंक उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड, २०२४ द्वारा सम्मानित भएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले आर्थिक वर्ष २०२३/२४ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि बैंकिङ क्षेत्रमा अब्बल ठहर गर्दै बैंकलाई उक्त अवार्ड प्रदान गरेको हो। आर्थिक वर्ष २०२२/२३ मा पनि नबिल बैंकले गोल्ड अवार्ड पाएको थियो। शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा महालेखा परीक्षक तोयम रायले नबिल बैंकका वित्त प्रमुख सन्दीपबाबु पौडेललाई अवार्ड हस्तान्तरण गरेका थिए।

बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदन नेपालको तर्फबाट दक्षिण एसिया फेडेरेसन अफ एकाउन्टेन्ट्स (साफा)ले दक्षिण एसियालीस्तरमा आयोजना गर्ने साफा बिपिए अवार्डका लागि समेत मनोनीत हुनेछ। हाल बैंकले देशभरका दुई सय ६८ शाखा र तीन सय २१ एटिएममार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ।

एनआइसी एसिया बैंक र ओम हस्पिटलबिच छुट सम्झौता



काठमाडौं/ एनआइसी एसिया बैंक र ओम हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिबिच बैंकका ग्राहकलाई स्वास्थ्य उपचार सेवामा विशेष छुट उपलब्ध गराउने सम्झौता भएको छ।

उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट डिजिटल पेमेन्ट इकोसिस्टम प्रमुख विमल लम्साल र हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गरेका हुन्। यससँगै बैंकका ग्राहकले ओम हस्पिटलमा उपचार गरी डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुटको विशेष सुविधा प्राप्त गर्न सक्नेछन्।

यो सुविधाको उपभोग गर्न ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्ने हुन्छ। दुवै संस्थाबिचको यो सहकार्यले ग्राहकको स्वास्थ्य उपचारसँगै देशको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

बेस्ट फाइनान्सले ल्यायो ग्रिन सेभिंग्स डिपोजिट योजना

काठमाडौं/ बेस्ट फाइनान्सले ग्रिन सेभिंग्स डिपोजिट योजना ल्याएको छ। जलवायु परिवर्तनले ल्याउने जोखिम न्यूनीकरण गर्न, प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र वातावरण प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यसहित ग्रिन फाइनान्सिङका लागि स्रोत जुटाउने उद्देश्यले बेस्ट फाइनान्सले उक्त योजना ल्याएको हो। त्यसका लागि हरेक ग्राहकका तर्फबाट एउटा बिरुवा रोपिदिने व्यवस्था फाइनान्सले मिलाएको छ।

स्थानीय निकायसँग समन्वय गरी बिरुवा रोप्न खाली स्थान मिलाउने, बिरुवा रोप्ने, गोडमेल गर्ने तथा संरक्षण गर्ने र उक्त बिरुवा रोपेर हुर्काउने र पाँच वर्षपछि सम्बन्धित स्थानीय निकायलाई हस्तान्तरण गर्ने कार्यमा साझेदारी गर्नका लागि फाइनान्सले लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ एस



नेपालसँगको साझेदारीमा गोदावरी नगरपालिका- १ मा फाइनान्स र लायन्सको संयुक्त आयोजनामा गोदामचौरस्थित खाली जग्गामा पाँच सय बिरुवा रोपेको बताएको छ। वृक्षारोपण कार्यक्रममा गोदावरी नगरपालिका- १ का अध्यक्ष श्रीराज थापा, फाइनान्सका अध्यक्ष प्राडा रामजी गौतम, सिइओ घर्तीलगायतको उपस्थिति थियो।

विद्युत् प्राधिकरणका कर्मचारीको मूल्यांकन अब अनलाइनबाटै

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणले अब विद्युतीय माध्यम अर्थात् अनलाइनबाट कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन गर्ने व्यवस्था लागू गरेको छ। नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा, सर्त विनियमावली, २०७५ को विनियम ५९ को उपविनियम (२९) मा प्राधिकरणले विद्युतीय माध्यममार्फत कार्यसम्पादन मूल्यांकन फाराम भर्ने र मूल्यांकन गर्ने व्यवस्था छ। साथै, त्यो सुरक्षित तथा गोप्य रहने गरी अभिलेख राख्ने व्यवस्था मिलाउन सकिनेछ भन्ने उल्लेख छ।

त्यसलाई कार्यान्वयन गर्दै चालू आवको साउन १ गतेदेखि विद्युतीय माध्यमबाट कर्मचारीको कार्यसम्पादन मूल्यांकन फाराम भर्ने, मूल्यांकन तथा व्यवस्थापन गर्ने प्रक्रिया लागू गरेको हो।

सम्भवतः नेपालको निजामती सेवा तथा सार्वजनिक संस्थानमा प्राधिकरणले पहिलोपटक विद्युतीय माध्यमबाट कर्मचारीको कार्यसम्पादन मूल्याकन फाराम भर्ने, मूल्यांकन तथा व्यवस्थापन गर्ने प्रक्रिया लागू गरेको हो। यसबाट कार्यसम्पादन मूल्यांकन नियमित, निष्पक्ष, सरल, मितव्ययी, गोप्य, सुरक्षित र विश्वसनीय हुने बताइएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएकोले हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: धिमिरे ट्रेड सेन्टर,** प्रोप्राईटर तथा जमानतकर्ता: विर बहादुर धिमिरे दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा प्रा.फ.र.नं. ३२०५३/०७५/०७६, दर्ता मिति: २०७५/११/२८, ठेगाना: जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. १
	जमानीकर्ताहरु: १) दुर्गा कुमारी खड्का, २) विर बहादुर धिमिर
	२) ऋणी: विर बहादुर धिमिरे स्थायी ठेगाना: मोरङ जिल्ला उर्लावारी गा.वि.स वडा नं. ५, हालको ठेगाना: मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा वडा नं. १, बाबु: डम्बर बहादुर धिमिरे, बाजे: पदम लाल धिमिरे
	जमानीकर्ताहरु: दुर्गा कुमारी खड्का
	धितोको विवरण १) पदम लाल धिमिरेको नाति, डम्बर बहादुर धिमिरेको छोरा, मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा वडा नं. १ बस्ने विर बहादुर धिमिरेको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ६घ स्थित कित्ता नं. ५६७ र ६७७ को क्षेत्रफल क्रमश: ०-७-३ र ०-१-५ (विगाहा)को जग्गा, मोरङ जिल्ला, अमरदह गा.वि.स. वडा नं. ४ण स्थित कित्ता नं. ३९३ को क्षेत्रफल ०-१५-० (विगाहा)को जग्गा र मोरङ जिल्ला, बयरबन गा.वि.स. वडा नं. ९थ स्थित कित्ता नं. १४१, ९०६ र ८५७ को क्षेत्रफल क्रमश: ०-८-०, ०-४-०-१ र ०-६-८-२ (विगाहा)को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) तिल बहादुर खड्काकी छोरी, डम्बर बहादुर धिमिरेकी बुहारी, विर बहादुर धिमिरेकी पत्नि, मोरङ जिल्ला शनिश्चरे गा.वि.स वडा नं.७, बस्ने दुर्गा कुमारी खड्काको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ९/क स्थित कित्ता नं. ३९५ र ९३७ को क्षेत्रफल क्रमश: ०-०-४ र ०-०-६¾ (विगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) धिमिरे ट्रेड सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	३) ऋणी फर्म: जय दुर्गा कृषि फर्म, प्रोप्राईटर तथा जमानतकर्ता: दुर्गा कुमारी खड्का दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङमा प्रा.फ.न.घ.उ.मो. १६७०३/०७७/०७८, दर्ता मिति: २०७७/०४/१४, ठेगाना: जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. ७
	जमानीकर्ताहरु:) दुर्गा कुमारी खड्का, २) विर बहादुर धिमिरे
	धितोको विवरण १) तिल बहादुर खड्काकी छोरी, डम्बर बहादुर धिमिरेकी बुहारी, विर बहादुर धिमिरेकी पत्नि, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ७ बस्ने दुर्गा कुमारी खड्काको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, जाते गा.वि.स. वडा नं. १/क स्थित कित्ता नं. १४६६ र १४६३ को क्षेत्रफल क्रमश: ०-८-३-० र ०-६-२-१ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) पदम लाल धिमिरेको नाति, डम्बर बहादुर धिमिरेको छोरा, मोरङ जिल्ला पथरी शनिश्चरे न.पा वडा नं. १ बस्ने विर बहादुर धिमिरेको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ६द स्थित कित्ता नं. २५६६ को क्षेत्रफल ०-४-६-० (विगाहा)को जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) जय दुर्गा कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	४) ऋणी फर्म: एस एस सप्लायर्स एण्ड ट्रेड, प्रोप्राईटर तथा जमानतकर्ता: विर बहादुर धिमिरे दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा प्रा.फ.र.नं. ३८१०१/०७९/८०, दर्ता मिति: २०८०/०३/१८, ठेगाना: जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. १
	जमानीकर्ताहरु:) दुर्गा कुमारी खड्का, २) विर बहादुर धिमिरे
	धितोको विवरण १) पदम लाल धिमिरेको नाति, डम्बर बहादुर धिमिरेको छोरा, मोरङ जिल्ला पथरी शनिश्चरे न.पा वडा नं. १ बस्ने विर बहादुर धिमिरेको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९थ स्थित कित्ता नं. २०६, ८५७ र १४१ को क्षेत्रफल क्रमश: ०-४-०-१, ०-६-८-२ र ०-८-०- (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) एस एस सप्लायर्स एण्ड ट्रेडको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
२)	**१) ऋणी फर्म: वि.जि. ट्रेडिङ्ग हाउस,** प्रोप्राईटर तथा जमानीकर्ता: गिता के.सी. दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं. ४०८५/०६७/०६८, मिति २०६७/८/१५, ठेगाना: जिल्ला कास्की, पोखरा उ.म.न.पा वडा नं. १०
	जमानीकर्ताहरु: १) गिता के.सी. २) गंगा शर्मा ३) भरत के.सी.
	२) ऋणी फर्म: हाम्रो पोखरा सोफा होम एण्ड इलेक्ट्रोनिक्स, प्रोप्राईटर तथा जमानीकर्ता: गंगा शर्मा, दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं. ६५४७/०६९/०७०, मिति २०६९/१०/१२, ठेगाना: जिल्ला कास्की, पोखरा उ.म.न.पा वडा नं. ८
	जमानीकर्ताहरु: १) गिता के.सी. २) गंगा शर्मा ३) भरत के.सी.
	धितोको विवरण १) एक वहादुर गौलीकी छोरी, मक्कर बहादुर के.सी.को बुहारी, भरत के.सी.की पत्नि, तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २ बस्ने गिता के.सी.को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.प.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. १०६ को क्षेत्रफल १२७.६० (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) वि.जि. ट्रेडिङ्ग हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । ३) हाम्रो पोखरा सोफा होम एण्ड इलेक्ट्रोनिक्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	३) ऋणी: भरत के.सी. स्थायी ठेगाना: तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: मक्कर बहादुर के.सी., बाजे: हर्क बहादुर के.सी.
	जमानीकर्ताहरु: १) गिता के.सी. २) गंगा शर्मा
	धितोको विवरण १) एक वहादुर गौलीकी छोरी, मक्कर बहादुर के.सी.को बुहारी, भरत के.सी.की पत्नि, तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २ बस्ने गिता के.सी.को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.प.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. १०६ को क्षेत्रफल १२७.६० (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) हर्क बहादुरको नाती, मक्कर बहादुर के.सी.को छोरा, तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २ बस्ने भरत के.सी. को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ६ क स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ७१९.६१ (व.मी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **४) ऋणी: गिता के.सी.** स्थायी ठेगाना: तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: एक वहादुर गौली, ससुरा: मक्कर बहादुर के.सी., पति: भरत के.सी.
	जमानीकर्ताहरु: १) गंगा शर्मा, स्थायी ठेगाना: कैलाली जिल्ला, टिकापुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: गौरीश्वर शर्मा, ससुरा: मक्कर बहादुर के.सी., पति: भरत के.सी., **२) भरत के.सी.,** स्थायी ठेगाना: तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: मक्कर बहादुर के.सी., बाजे: हर्क बहादुर के.सी.
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **५) ऋणी: गंगा शर्मा,** स्थायी ठेगाना: कैलाली जिल्ला, टिकापुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: गौरीश्वर शर्मा, ससुरा: मक्कर बहादुर के.सी., पति: भरत के.सी.
	जमानीकर्ताहरु: १) गिता के.सी. स्थायी ठेगाना: तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: एक वहादुर गौली, ससुरा: मक्कर बहादुर के.सी., पति: भरत के.सी., **२) भरत के.सी.,** स्थायी ठेगाना: तनहुँ जिल्ला, भिर्लुङ गा.वि.स. वडा नं. २, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बाबु: मक्कर बहादुर के.सी., बाजे: हर्क बहादुर के.सी.

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०४/०५

यस कौवरे **सा.व.उ.स. कमलामाई न.पा. १४, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगाँइ गरी राखिएको विभिन्न लटको साल गोलिया थान ४१ को ८०३.८५ क्यूफिट र दाउरा २ चड्डा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री कौवरे सा.व.उ.स., कमलामाई न.पा. १४, सिन्धुली

गर्जाङ उपत्यका हाइड्रो पावर लिमिटेड
विजुली बजार, थापागाउँ, काठमाडौं, फोन नं. ०१-५२४४३७७

हकप्रद शेयर निष्काशन सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०५

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०३/०२ मा बसेको संचालक सर्मितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको सर्वसाधारणलाई प्राथमिक शेयर निष्काशनको प्रक्रियामा जानु पूर्व,प्रचलित नियमानुसार प्रवर्द्धकको तर्फबाट चुक्ता पूँजी पूरा गरिसक्नु पर्ने हुँदा, हाल कम्पनीको पूँजी वृद्धि पछि रु.८,५०,००,०००/- (अक्षरुपी आठ करोड पँचास लाख मात्र) प्रवर्द्धक शेयर चुक्ता गर्नुपर्ने भएकोले वर्तमान शेयरधनीहरूबाट यो सुचना प्रकाशित भएको ३५ दिन भित्र आफ्नो कायम भई सकेको शेयरको २७% ले हुन आउने शेयरलाई १०० ले भाग जाने शुन्यान्तरमा लगेर शेयर खरिद गर्न कम्पनीको नेपाल बैक लि. मुख्य शाखामा रहेको खाता नं.००२००१००५३६४५७०००००१ मा रकम जम्मा गरि कम्पनीको कार्यालयमा भौचर उपलब्ध गराउन सम्पूर्ण शेयरधनीहरू लाई सुचित गरिएको छ ।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

Nepal Electricity Authority
Business Development Directorate
Durbarmarg, Kathmandu

Request for Expression of Interest (EOI)

Second Date of Publication: July 21, 2025

NEA intends to implement some of the High Voltage Transmission Lines through Public Private Partnership (PPP) model. NEA now invites the Expression of Interest from the private firms interested in participating in the ARR (Annual Required Revenue) Based Competitive Bidding process to Build, Own, Operate and Transfer the following transmission lines:

S. N.	Transmission Line Section	Voltage Level (kV)	Start Point (S/S)	End Point (S/S)	Conductor	Line Length (km)	Tentative Cost (MUSD)
1	New Khimti-Dhalkebar	400	New Khimti	Dhalkebar	Quad Moose	80	80
2	Arun (Hub)-Inaruwa	400	Arun Hub (Sitalpati)	Inaruwa	Quad Moose	94	80
3	Tingla-Dudhkoshi-Dhalkebar	400	Tingle	Dhalkebar	Quad Moose	118	142
4	Lapsifedi-Teenpiple	220	Lapsifedi	Teenpiple	Twin Moose	30	18

It should be noted that this is not a procurement but only the market sounding exercise andshallinnowaymakean obligation on NEA to invite or enter into a contract with any identified private firm. NEA shall not be liable for any consequences arising from the current market sounding exercise under this Expression of Interest.
The market sounding questionnaire can be downloaded from the website: https://nea.org.np/tender_prequalification
The response to the questionnaire can be submitted either electronically to bdd@nea.org.npor in hard copy to the following address within thirty (30) days from the first date of publication.

Business Development Directorate,
Nepal Electricity Authority
Durbarmarg, Kathmandu
Phone: +977-1-4153132, 9851180666
Email: bdd@nea.org.np
Interested firms may obtain further information fromthe same address during office hours.

■ साफ यू-२० च्याम्पियनसिपको उपाधि भिडन्त आज

नेपाल र बंगलादेश आमने-सामने

राउन्ड रोबिन लिगको अन्तिम खेल बाँकी रहँदा बंगलादेश ३ अंकले अगाडि छ। सोमबारको खेलमा आफ्नो पक्षमा नतिजा निकाले नेपालले १५ अंकसहित बंगलादेशसँग बराबरी गर्छ। गोलअन्तरका आधारमा नेपाल विजेता हुनेछ।

रमेश सुवेदी/नयाँ पत्रिका

साफ यू-२० महिला च्याम्पियनसिपको निर्णायक खेलमा नेपालले सोमबार घरेलु टोली बंगलादेशसँग प्रतिस्पर्धा गर्दै छ। ढाकाको बसुन्धारा स्पोर्टस् एरिनामा हुने खेलको विजेता च्याम्पियन बन्नेछ। नेपाललाई बराबरीमा रोक्दा पनि साबिक विजेता बंगलादेश विजेता बन्नेछ। बंगलादेशले पाँचमध्ये चार संस्करणको ट्रफी जितिसकेको छ। नेपाल एकपटकको उपविजेता हो। यसपटक प्रतियोगितामा सहभागी नभएको भारतले एकपटक उपाधि हात पारेको छ।

दोहोरो राउन्ड रोबिन लिगको शीर्ष स्थानमा रहन नेपाललाई स्पष्ट ३ अंक आवश्यक छ। नेपालको जितले दुवै टोलीको समान १५ अंक हुनेछ। यस्तो अवस्थामा डबल राउन्ड रोबिन पद्धतिमा आयोजना भएको प्रतियोगिताको उपाधिको छिनोफानो गोलअन्तरमा हुनेछ। गोलअन्तरमा नेपाल ६ गोलले अगाडि छ। यसकारण नेपाललाई उपाधि हात पार्नका लागि जित आवश्यक छ। हारले नेपाल पुनः उपविजेतामै सीमित हुनेछ।

नेपालले अहिलेसम्म बंगलादेशलाई यू-२० फर्म्याटमा हराउन सकेको छैन। सन् २०१८ देखि आयोजना भएको प्रतियोगितामा बंगलादेश हाबी हुँदै आएको छ। बंगलादेशविरुद्ध अहिलेसम्म नौपटक भएको भिडन्तमा नेपालले एक खेल मात्रै बराबरी निकालेको छ। अन्य आठ खेलमा बंगलादेश विजयी भएको छ।

नेपाललाई पहिलो चरणको हारको बदला लिने अवसर छ। बंगलादेशविरुद्धको पहिलो खेलमा नेपाल एक समय २-० ले पछि परेको थियो। दोस्रो हाफमा नेपालले उत्कृष्ट पुनरामगन गर्दै निर्धारित ९० मिनेटसम्म २-२ को बराबरीमा रोकेको थियो। 'हाम्रा लागि यो ठूलो अवसर हो। पहिलो खेलमा आफ्नै गल्तीले गोल व्यहोर्‍यौं,' नेपालका प्रशिक्षक यम गुरुङले भने, 'निर्णायक खेलमा सम्हालिएर खेल्दै उपाधि भित्र्याउनेछौं।'



खेलाडीको मनोबल उच्च

नेपाली स्ट्राइकर मीना देउवा फाइनलजस्तै मानिएको खेलमा बंगलादेशलाई हराउने योजनाका साथ खेल्ने बताउँछिन्। 'पछिल्लो खेलमा हामीले निकै राम्रो गर्यौं। खेलाडीको मनोबल उच्च छ,' देउवाले भनिन्, 'पहिलो चरणमा सामान्य गल्तीका कारण बंगलादेशसँग अन्तिम सेकेन्डमा पराजित भयौं।' राउन्ड रोबिन लिगको आफ्नो दोस्रो खेलमा नेपालले बंगलादेशलाई ३-२ ले नतिजा सुम्पिएको थियो।

खेल सकिन केही सेकेन्ड बाँकी रहँदा नेपाली डिफेन्सको कमजोर प्रदर्शनमा बंगलादेशले खेल ३-२ ले बाजी मारेको थियो। 'अघिल्लो खेलमा जस्तो गल्ती यसपटक हुँदैन,' देउवाले भनिन्, 'बंगलादेशविरुद्धको खेलमा जितका सबै रणनीति अपनाइनेछ।' इंग्ल्यान्डका अनुभवी प्रशिक्षक जेम्स पिटर बटलरको प्रशिक्षणमा रहेको बंगलादेश अपराजित यात्रासहित उपाधि रक्षा गर्ने दाउमा छ।

बंगलादेशको सिनियर टोलीलाई पहिलोपटक एसियन कपमा छनोट गराएका उनले सोही टोलीका आधा दर्जन खेलाडी यू-२० मा समावेश गरेका छन्। चालू प्रतियोगितामा बलियो राष्ट्र भारत, पाकिस्तान र माल्दिभ्सले सहभागिता जनाएनन्। अन्तिम खेलअघि बंगलादेशले अपराजित रहँदै १५ अंक जोडेको छ। नेपालले १२ अंक बटुलेको छ। बंगलादेश र नेपालले समान चार गोल व्यहोरेका छन्। नेपालले विपक्षी पोस्टमा ३० तथा बंगलादेशले २४ गोल गरेको छ। उपाधि दौडबाट बाहिरिएको भुटानले एक मात्रै खेलमा श्रीलंकालाई हराएको थियो। अन्तिम खेलमा पनि उसले श्रीलंकासँग खेल्दै छ। पुछारमा रहेको श्रीलंका पाँचै खेलमा पराजित भएको छ। श्रीलंकाले एक मात्रै गोल गर्दा ३३ गोल व्यहोरेको छ।

उमेर समूहमा बंगलादेश बलियो

बंगलादेश नेपालविरुद्धको खेलमा दबदबा कायम राख्ने पक्षमा छ। बंगलादेशले पछिल्लो समय उमेर समूहमा ठूलो लगानी गरेको छ। बंगलादेशको उमेर तथा सिनियर टोलीले अन्तर्राष्ट्रिय क्षेत्रमा राम्रो नतिजा निकालेका छन्। यसकारण बंगलादेश तुलनात्मक रूपमा नेपालभन्दा बलियो देखिएको हो। दक्षिण एसियाली फुटबल (साफ) महासंघले युथ समूहको प्रतियोगितालाई यू-१८ र यू-१९ को फर्म्याटमा सञ्चालन गरिरहेको छ।

गोलकर्ताको दौडमा नेपाली खेलाडी अगाडि

प्रतियोगिताको सर्वाधिक गोलकर्ता बन्ने दौडमा नेपाली खेलाडीको बाहुल्य छ। नेपालकी स्ट्राइकर पूर्णिमा राईले सर्वाधिक १० गोल गरिकी छिन्। उनले पाँच खेलमा दुई ह्याट्रिक गरेकी हुन्। अर्की स्ट्राइकर मीनाले चार खेलमा सात गोल गरेकी छिन्। मीना पनि दुई ह्याट्रिक गर्न सफल भएकी छिन्। नेपाली डिफेन्डर सिमरन राईसँग मैदानमा झगडा गरेपछि तीन खेल निलम्बनमा परेकी बंगलादेशकी स्ट्राइकर सागोरिका, शान्ति मार्दी र श्रीमोती तृष्णा रानीले समान चार गोल गरेका छन्।

नेपाल र बंगलादेशको हालसम्मको भेट

मिति	नतिजा
सन् २०१८	नेपाल १-२ बंगलादेश
सन् २०१८ (फाइनल)	नेपाल ०-१ बंगलादेश
सन् २०२१	नेपाल ०-० बंगलादेश
सन् २०२२	नेपाल २-४ बंगलादेश
सन् २०२२	नेपाल १-२ बंगलादेश
सन् २०२३	नेपाल १- ३ बंगलादेश
सन् २०२३ (फाइनल)	नेपाल ०-३ बंगलादेश
सन् २०२४	नेपाल १-३ बंगलादेश
सन् २०२५	नेपाल २-३ बंगलादेश

सन् २०२५ को संस्करण

नेपालको प्रदर्शन	बंगलादेशको प्रदर्शन
६-१ भुटान	९-१ श्रीलंका
२-३ बंगलादेश	३-२ नेपाल
७-० श्रीलंका	४-१ भुटान
७-० श्रीलंका	३-० भुटान
८-० भुटान	५-० श्रीलंका

अंक तालिका

राष्ट्र	खेल	जित	ड्र	हार	गोल	अंक
बंगलादेश	५	५	०	०	२४	१५
नेपाल	५	४	०	१	३०	१२
भुटान	५	१	०	४	७	३
श्रीलंका	५	०	०	५	१	०

मुख्य प्रशिक्षक वाइल्डले पठाए राजीनामा

नयाँ पत्रिका

नेपाली महिला राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्डले पदबाट राजीनामा दिएका छन्। वाइल्डले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई पत्र पठाउँदै मुख्य प्रशिक्षकबाट राजीनामा दिएको जनाएका छन्। गत ३० असारमा एन्फाले उज्वेकिस्तानमा भएको घटनाको विवरण पठाउन भन्दै उनलाई स्पष्टीकरण सोधेको थियो। तर, वाइल्डले उज्वेकिस्तानको घटनाबारे केही उल्लेख नगरी एन्फालाई राजीनामापत्र पठाएका हुन्।

एन्फाले उनको राजीनामा स्वीकृत गरेकौ छैन। एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ अमेरिकामा छन्। नेम्वाङ आएपछि मुख्य प्रशिक्षकको राजीनामाबारे छलफल हुने एन्फा स्रोतले बताएको छ। 'अध्यक्षज्यू अमेरिकामा हुनुहुन्छ। उहाँ आएपछि यसबारे छलफल हुन्छ,' एन्फा स्रोतले भन्यो, 'एक साताभित्र छलफल गरेर निर्णयमा पुग्छौं।'

एन्फाले मुख्य प्रशिक्षक वाइल्डलाई आफ्नो निर्णय पुनर्विचार गर्न एक साताको अवधि दिएको छ।

'प्रशिक्षक वाइल्डलाई एक साताको समय दिएका छौं। त्यसपछि के गर्ने भन्नेबारे एन्फा कार्यसमिति बैठकले औपचारिक निर्णय गर्नेछ,' स्रोतले भन्यो, 'उहाँसँग एक वर्षको सम्झौता छ।'



> ३० असारमा एन्फाले मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्डलाई उज्वेकिस्तानको घटनाका सम्बन्धमा विवरण पठाउन भन्दै स्पष्टीकरण सोधेको थियो, तर उनले सहकार्य गर्न नसक्ने भनी राजीनामापत्र पठाएका छन्

कप्तान छनोटबारे विवाद

एएफसी एसियन कप छनोटअन्तर्गत उज्वेकिस्तानमा भएको खेलमा कप्तानीको विषयमा विवाद भएपछि एन्फाका अफिसियल र मुख्य प्रशिक्षक वाइल्डबिच विवाद भएको थियो। वाइल्डले कप्तानको नाम नदिँदा नेपाली टोलीका अफिसियलले आयोजकलाई रेनुका नगरकोटीलाई कप्तानसहित टोलीको नाम दिएका थिए। लाओसविरुद्धको पहिलो खेलमा नेपाली टोली मैदानभित्र प्रवेश गर्दा मुख्य प्रशिक्षक वाइल्डले स्ट्राइकर सावित्रा भण्डारीलाई कप्तानीको जिम्मेवारी दिए।

यसै विषयमा मुख्य प्रशिक्षक र अफिसियलबिच विवाद भएको हो। नेपाली टोली फर्केपछिको एन्फाका अफिसियल र टोलीले पत्रकार सम्मेलन गर्दै उज्वेकिस्तानमा भएको घटनाको सबै दोष मुख्य प्रशिक्षक वाइल्डलाई लगाए। उज्वेकिस्तानमा पुगेको नेपाली टोलीकी हेड अफ डेलिगेट्स सरिला श्रेष्ठ, व्यवस्थापक विन्द्रा देवान र सहायक प्रशिक्षक राजेन्द्र तामाङसहितले पत्रकार सम्मेलनमा वाइल्डले लगाइएका आरोपलाई खण्डन गरेका थिए।

२२ जेठमा नियुक्त

एन्फाले पहिलोपटक प्रो लाइसेन्सप्राप्त वाइल्डलाई नेपाली राष्ट्रिय महिला फुटबल टोलीको मुख्य प्रशिक्षक नियुक्त दिएको थियो। एन्फा र उनीबिच एक वर्षको सम्झौता भएको छ। तर, पछिल्लो विवादका कारण उनले कार्यभार सम्हालेको दुई महिना बित्न नपाउँदै पदबाट राजीनामा दिएका छन्। अर्को वर्ष अस्ट्रेलियामा हुने एसिया कपमा स्थान बनाउन नसकेपछि नेपाली टोली घर फर्किँदा वाइल्ड आएनन्। उनी उज्वेकिस्तानबाटै बेल्जियम फर्केका थिए।

खेल संक्षेप

ताप्लेजुङमा अन्तर्राष्ट्रिय फुटबलको तयारी तीव्र

ताप्लेजुङ/ तेस्रो संस्करणको अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको तयारी तीव्र पारिएको छ। हरेक वर्ष लाखेजात्रा पर्वका अवसरमा आयोजना हुने फुटबल आगामी २४ देखि ३१ साउनसम्म हुनेछ। यस संस्करणलाई थप व्यवस्थित र आकर्षक बनाउने गरी तयारी भइरहेको आयोजक समितिका अध्यक्ष सागर मादेनले जानकारी दिए। पाँच दशक लामो इतिहास बोकेको प्रतियोगिताले जिल्लाको हरेक क्षेत्रलाई चलायमान बनाउने मादेनले बताए।

विजेताले सात लाख दुई हजार र उपविजेताले तीन लाख ५० हजार रुपैयाँ पाउनेछन्। भारतबाट एकसहित प्रतियोगितामा आठ टोलीले भाग लिने अध्यक्ष मादेनले बताए। भारतको सिलगुडी लेजेन्ड फुटबल एकेडेमी, सहारा क्लब पोखरा, चर्च ब्वाइज क्लब काठमाडौं, सलहेस युवा क्लब सिराहा, द योङ ब्रदर्स क्लब सुनसरी, रेड स्टार फुटबल क्लब झापा, फिदिम स्पोर्टिङ क्लब पाँचथरका साथै आयोजक तेल्लोक स्पोर्टिङ क्लब ताप्लेजुङबिच प्रतिस्पर्धा हुने समितिका सचिव टिकेन्द्र नेपालीले जानकारी दिए। सर्वोत्कृष्ट खेलाडीलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ।

काजल उत्कृष्ट निर्णायक

काठमाडौं/ तेक्वान्दोकी अन्तर्राष्ट्रिय निर्णायक काजल श्रेष्ठ विश्व तेक्वान्दो हान्मादाङमा उत्कृष्ट निर्णायक घोषित भएकी छिन्। अमेरिकाको क्यालिफोर्नियामा १७ देखि १९ जुलाईसम्म भएको प्रतियोगितामा १३औं दक्षिण एसियाली खेलकुद (साग)की स्वर्ण विजेता काजलले प्रतियोगितामा ग्योरोगी र पुम्सेमा निर्णायकको भूमिका निर्वाह गरेकी थिइन्। प्रतियोगितामा ८० निर्णायकको सहभागिता रहेको थियो। प्रतियोगितामा ३० राष्ट्रका एक हजार सात सय खेलाडी सहभागी थिए। काजलले यसअघि अस्ट्रेलियन ओपन तथा जापानमा २०२४ र २०२५ मा भएको वाटा ओपन तेक्वान्दो प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेकी थिइन्। २०२५ मा काजल उत्कृष्ट निर्णायक पनि घोषित भएकी थिइन्।

इंग्ल्यान्डमा सरिना सम्मानित

काठमाडौं/ अन्तर्राष्ट्रिय पदक विजेता उमा कुङफु खेलाडी सरिना घलेलाई धादिङ-नुवाकोट समाज युकेले सम्मान गरेको छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्दै देशको प्रतिष्ठा र गौरव बढाएकोमा सरिनालाई सम्मान गरिएको नेपाल उमा कुङफु संघका अध्यक्ष संजितकुमार राईले जनाएका छन्। सरिनालाई बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा र समाजका अध्यक्ष धनबहादुर तामाङले एनुएल समर गेट टुगेदर कार्यक्रममा प्रशंसा पत्रसहित सम्मान गरे। सरिनाले युकेमा भएको दुई प्रतियोगितामा स्वर्ण जितेकी थिइन्। सरिनाले डब्लुएमएसी ब्रिटिस ओपन च्याम्पियनसिप तथा डब्लुएमएसी ईग्लिस च्याम्पियनसिपमा स्वर्ण जितेकी हुन्। नुवाकोट किस्पाङ गाउँपालिका- १ की सरिनाले युकैमै मास्टर्स अध्ययन गरिरहेकी छिन्।

नेपालको समूहमा श्रीलंका र बंगलादेश

काठमाडौं/ श्रीलंकाको कोलम्बोमा हुने साफ यू-१७ च्याम्पियनसिपको 'ड्र' आइतबार सार्वजनिक भएको छ। बंगलादेशको ढाकामा भएको 'ड्र'मा नेपालको समूह 'ए'मा श्रीलंका र बंगलादेश रहेका छन्। समूह 'ए'मा तीन टोली मात्र छन्। समूह 'बी'मा ४ राष्ट्र रहेका छन्। यस समूहमा भारत र पाकिस्तान परेका छन्। समूह 'बी'मा भारत र पाकिस्तानसँगै भुटान र माल्दिभ्ससँग रहेका छन्। भारत प्रतियोगिताको साबिक विजेता हो। प्रतियोगिता आगामी १५ देखि २७ सेप्टेम्बरसम्म हुनेछ। साफका महासचिव पुरुषोत्तम कट्टेलको उपस्थितिमा 'ड्र' सार्वजनिक गरिएको हो।

■ बंगलादेशसँग पाकिस्तान सात विकेटले पराजित



एजेन्सी/ बंगलादेशले पाकिस्तानविरुद्ध पहिलो टी-२० आई क्रिकेट प्रतियोगितामा सात विकेटको जित निकालेको छ। बंगलादेशको मिरपुरमा आइतबार पहिलो ब्याटिङ गरेको पाकिस्तान १९.३ ओभरमा ११० रनमै समेटिएको थियो। प्रत्युत्तरमा बंगलादेशले १५.३ ओभरमा तीन विकेटको क्षतिमा ११२ रन जोड्दै पहिलो टी-२०आईमा सानदार जित निकाल्यो। घरेलु टोलीलाई जित दिलाउन दोस्रा ओपनर प्रभेज हुसेनले ३९ बलमा तीन चौका र पाँच छक्का प्रहार गरी ५६ रनको योगदान दिए। यसअघि पहिलो ब्याटिङ गरेको पाकिस्तानको इनिङ्समा ओपनर फखर जमानले ३४ बलमा ४४ रन बटुलेका थिए। बलिङमा बंगलादेशका तक्सिन अहमेदले २२ रन खर्चेर तीन तथा मुस्ताफिजुर रहमानले ६ रन खर्चेर दुई विकेट हात पारे।

मनाङलाई हराउँदै दोस्रो स्थानमा उक्लियो संकटा

नयाँ पत्रिका

संकटा क्लबले एन्फा यू-१६ युथ लिगमा मनाङ मर्स्याङ्दीलाई २-० ले हराएको छ। मनाङमाथिको रोमाञ्चक जितसँगै संकटाले ६ खेलबाट १५ अंक जोडेको छ। पराजित मनाङ समान खेलबाट ११ अंकका साथ पाँचौं स्थानमा छ। सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा आइतबार संकटालाई जित दिलाउन नवराज तिरुवा र प्रज्वलकुमार लुम्रेले समान एक गोल गरेका थिए। खेलको ३३औं मिनेटमा मनाङ १० खेलाडीमा सीमित भएको थियो।



राहुल लोहारले सीधै रातो कार्ड व्यहोर्दै मैदान छाडेपछि मनाङले बाँकी समय १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो। यसैगरी, अर्को खेलमा प्लानिङ ब्वाइज युनाइटेडले लिगमा दोस्रो जित दर्ता गरेको छ। प्लानिङले विभागीय टोली त्रिभुवन आर्मी क्लबमाथि २-१ को रोमाञ्चक जित निकाल्यो। जितसँगै ६ खेलमा ६ अंक जोडेको प्लानिङ १०औं स्थानमा उक्लिएको छ। आर्मी समान खेलबाट ३ अंक जोड्दै १३औं स्थानमा छ। प्लानिङ ब्वाइजलाई जित दिलाउन रविन लुंगेली मगर र आशिक स्याङ्तानले एक-एक गोल गरे। आर्मीका लागि नीरज अधिकारीले गोल फर्काए।

खेलको नवौं मिनेटमा रविनले प्लालिङलाई १-० अग्रता दिलाए। खेलको २४औं मिनेटमा नीरजले आर्मीलाई १-१ को बराबरीमा ल्याए। खेलको ३१औं मिनेटमा आशिकले प्लानिङलाई २-१ को अग्रता दिलाए।

नेपाललाई लगातार दोस्रोपटक आइसिसी अवार्ड

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले नेपाललाई सन् २०२४ को आइसिसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ दी इयर अवार्ड प्रदान गरेको छ। सिंगापुरमा शनिबार राति भएको आइसिसीको साधारणसभामा नेपालले लगातार दोस्रोपटक आइसिसी विकास श्रेणी अवार्डअन्तर्गत डिजिटल फ्यान इन्गेजमेन्ट अफ दी इयर उपाधि जितेको हो। एसिया क्षेत्रको विजेता भएर नेपाल ग्लोबल छनोटमा परेको थियो। क्षेत्रीय विजेताका रूपमा अफ्रिकाबाट नामिबिया, अमेरिकाबाट बर्मुडा, एसियाबाट नेपाल र इस्ट एसिया प्यासिफिकबाट इन्डोनेसिया ग्लोबल छनोटमा पुगेका थिए।

वार्षिक साधारणसभामा आइसिसीका अध्यक्ष जय साहले नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दलाई ट्रफी प्रदान गरेका थिए। आइसिसीले इन्टरनेटमा नेपाली क्रिकेट समर्थकको बाक्लो उपस्थितिको प्रशंसा गर्दै आएको छ। भौतिक रूपमा पनि नेपाली क्रिकेट टोलीले खेलेका हरेक खेलमा नेपाली समर्थकको उपस्थिति बलियो हुने गरेको आइसिसीले जनाएको छ।

टेस्ट राष्ट्र बन्ने नेपालको लक्ष्य

साधारणसभामा क्यानका सचिव पारस खड्काले नेपालको आगामी लक्ष्य टेस्ट टोली बन्ने बताएका छन्। खड्काले आफ्नो प्रिजेन्टेसनमा नेपाल प्रिमियर लिग (एनपिएल) र नेपाल क्रिकेटबारे दश मिनेट

> सिंगापुरमा भएको आइसिसीको साधारणसभामा नेपालले जित्यो आइसिसी विकास श्रेणी अवार्डअन्तर्गत डिजिटल फ्यान इन्गेजमेन्ट अफ दी इयर उपाधि

लामो प्रस्तुति दिएका थिए। 'नेपालको नयाँ लक्ष्य नै टेस्ट राष्ट्र बन्नु हो,' खड्काले भने, 'यो लक्ष्य प्राप्तिका नेपाली घरेलु संरचनामा त्यस्तै खालका प्रतियोगिता आयोजना थालिएको छ।' गत वर्षको एकदिवसीय प्रतियोगिताका शीर्ष चार टोलीबिच जय ट्रफी बहुदिवसीय क्रिकेट प्रतियोगिता आयोजना भएको थियो। उनले गत वर्ष भएको पहिलो संस्करणको एनपिएललाई अभूतपूर्व सफलताका रूपमा मानेका छन्। एनपिएलको प्रभावले देशभित्र एकताको भवना सिर्जना भएको उनको भनाइ थियो।

'पहिलो संस्करणको एनपिएलमा पूर्वदेखि पश्चिमसम्मका आठ टोलीबिचको प्रतिस्पर्धाले विश्व क्रिकेटको ध्यान केन्द्रित भएको महसुस गरेका छौं,' खड्काले भने। साधारणसभामा उनले आफूले नेपालको क्रिकेट यात्रामा दुई दशक बिताएको स्मरण गरेका थिए। आइसिसी डिभिजन ५ देखि एकदिवसीय मान्यता राष्ट्र बन्नसम्म खड्काले नै नेपालको कप्तानी गरेका थिए।

साधारणसभामा नेपालका पूर्वकप्तानसमेत रहेका खड्काले एनपिएलमार्फत विशेष जोड दिएका थिए। 'गत वर्ष भएको लिगमा भारतका शिखर धवन र विश्वभरका फ्रेन्चाइज क्रिकेट खेलेका न्युजिल्यान्डका जिमी निसमजस्ता स्टार खेलाडी सहभागी भए।

वेस्ट इन्डिजका लिजेन्ड ब्रायन लारा एनपिएल हेर्न उपस्थित भए,' उनले भने, 'नेपाली क्रिकेटको भविष्यका लागि एनपिएलले ठूलो सम्भावना बोकेको छ। यसको सफलतापछि सरकारले खेलकुद र विशेषगरी क्रिकेटका लागि बजेट दोब्बर बनाएको छ।'



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com